एक्काईस कथा

साझा प्रकाशन

प्रकाशक—
साझा प्रकाशन
काठमाडौं, नेपाल।

साझा प्रकाशनबाट पहिलो पटक १००० प्रति

मुद्रक—
सागरमणि आ० दी०
सगरमाथा छापाखाना,
के ४७।२०७ कतुवापुरा,
वाराणसी।

प्रकाशकीय

किसिम-किसिमका एक्काईसवटा कुसुमहरूको यो मनोरम माला "एक्काईस कथा"को गुणावगुणपट्टि चर्चै नगरे पनि हुन्छ केनभने देशविदेशका कैयन् विद्यालयहरूका पाठ्य-सूचीमा समावेश भएर यसले आफ्नो वैशिष्ट्य प्रदर्शन गरिसकेको छ। बरु यस्तो राम्रो माला पुनरावृत्ति गरेर पाठक पाठिकाहरूको गला सजाउन पाएकोमा अपार हर्ष पोख्दै कथाकार श्री पूर्णप्रसाद 'ब्राह्मण' लाई हार्दिक धन्यवाद टक्र्याउनु आफ्नो पुनीत कर्तव्य भनिठान्छ-सबैको साझा प्रकाशन।

साझा प्रकाशन

विषय-सूची

	पृष्ठ
१—दम्पति	१
२—अतृप्त कामना	७
३—चढदो उमेर	२०
४—करुण जीवन	२४
५—स्वयंवर	३१
६—डिङ्काबाजे	३५
७—मेरो काले	४५
८—परिणाम	५२
९—कहाँ आएँ ?	६४
१०—करुण घटना	७४
११—सच्चा उत्तर	८१
१२—आत्मसर्पण	८४
१३—अभिमान	९२
१४—उद्भट चिन्ता	९६
१५—दुराशा	१००
१६—जोगी	११९

	पृष्ठ
१७—लाहुरे	१२६
१८—अमर्ष	१३६
१९—सौताको छोरा	१४२
२०—बौलाहा	१५३
२१—स्वामीभक्ति	१६१

—:*:—

एकाईस कथा

अ
न
पु
फै
पे
का

न
स्प
तु
स

एक्काईस कथा

दम्पती

भाले माकुर माकुर गर्दै पछि लागिरहेछ। मौन पोथी फुल्दै अघि लागिरहिछ। पोथी बोल्न खोजेर पनि बोल्न सक्तिन, भाले नबोलूँ भनेर पनि नबोल्न सक्तैन। बारंबार त्यसको शिर उठ्छ पुच्छर झुक्छ, पुच्छर उठ्छ शिर झुक्छ। गांड फुल्छ, पुच्छर फैलिन्छ, पखेटा कसिन्छन्। लघुतर गतिले अघि गएर छेक्छ, पोथी फर्कन्छे। फेरि त्यसका पछि लाग्छ, वरिपरि घुंछ, टाउकामा यसो ठुङ्छ।

नीला बुट्टादार प्वांखमा माथिबाट बिन्दुचञ्चल छाया नाचिरहेछ। रूखमाथि कलिलो पालुवा दक्षिण पवनको मधुस्पर्शले पुलकित भइरहेछ। वसन्तले छोएर वनलाई उन्मादी तुल्याइरहेछ। चारैतिर विकासको, सुवासको, अभिलापको मधुमाया फैलिरहेछ। उ पर छायामा बसेर गोठालो गाइरहेछ—

'नचला पोथीलाई भाले रिसाउला।'

परेवा भुर्र उड्यो, परेवी पछि लागी। नगीचको खोलामा गएर दुवैले पानी खाए। अनि शीतल हावामा कावा खाँदै, नीलगगनको सुगन्धी तुवांलो चिर्दै चारैतिर उड्न लागे। बुट्टादार प्वाँख सूर्यकिरणमा तिरमिराए, लघुचपल छायारहित पत्रमा फैलिंदै निर्मल डालमा लहिरिंदै गयो। ती दुवै प्वाँख एकबार सौन्दर्यपटमा प्रेमको युगल रेखा खिंचेर फेरि आफ्नै आवासशाखामा आएर संक्षिप्त बने।

यी दुइटाको यही पल्लवित शाखा कोठा हो। यही सघन लत्ता घर हो। यही हरित वन देश हो। यहींका प्रभातमा यी दुइले आँखा खोले। यहींका ऋतुसंग खेल्दै बढे। यहींको घास पानी यिनीहरूको नसामा छ। यहींको हावा यिनीहरूको पखेटा-संग टांसिएको छ। यहींको प्रेमले यिनीहरूको उडानलाई संकुचित तुल्याइरहेछ। पहिले जहाँ गए पनि यिनीहरू आखिर यहीं आउँछन्।

पोथीले भालेको टाउकामा कन्याइदिई। भाले संचो मानेर आँखा चिलँदै बस्यो। पोथीले फेरि कोट्याई, भालेले मन्टो कर्क्याएर सुन्यो। पोथीले तलको एउटा तृणतिर देखाएर के भनी कुन्नि भालेका आँखा चञ्चल बने। त्यसले पनि तृणतिर हेर्‍यो। फेरि दुवैले चुचो जोराजोर गरे। यस्तैमा पश्चिमतिर सूर्य अस्ताए। आवासको शाखापल्लवमा सन्ध्यालालिमा फैलियो। तारादेशबाट संक्षिप्त स्वप्न झर्न लागे।

दोस्रो प्रहरमा पोथीले घुरेर भनी—'मैले त सपनामा कुन्नि हो देखिरहेकी !'

परेवाले पनि घुर्दै भन्यो—'के गुंड बनाएको ?'

'नाइँ, गुंडमाथि पखेटा फैलाएको ।'

परेवा मनमनै हाँसेर सुत्यो । तेस्रो प्रहरमा त्यसले घुरेर न्यो—'मैले पनि देखें'

परेवीले पनि घुर्दै भनी—'के?'

'गुंड नबनिसिद्धिएको रे । तिमी कोरलिरहेकी रे, म कसेर ोसारिरहेको रे' ।

रात केही बांकीमा भाले भटभटाएर उड्न खोज्यो । हावा नस्तब्ध थियो, केही चिसोको संचार पनि भएको थिएन । अरू द्दी कुरकुरे निद्रामा निदाइरहेकै थिए । यसैले पोथीले रोकी । माजदेखि त्यसको मनमा मधुर चिन्ता, तरल क्रियाशीलताले वेश गर्‍यो । उसको पखेटामा जांगर छ, उसको चुच्चामा बल छ । उसले नीडनिर्माण गर्नुपरेको छ । अब उसको दाम्पत्यप्रेम साकार बनेर आउनेछ । त्यसको न्यानो रक्षा उसले गर्नुपरेको छ । यसैले पुरुषत्वको केही जोशमा त्यो पंख फड्कारिरहेछ ।

अब शीतल पवनको संचार हुन लाग्यो । एक सुगन्ध आएर तान्यो, ती दुवै उडे । वनका सारा पंछी नवीन जागरणमा प्रभाती गाउन लागे । पूर्व फाट्तै गयो, किरण आए । वनलाई रंगाउदै गए । भाले पोथी ओसिला सुनौला त्यान्द्रा ओसार्न लागे ।

आज पनि आवासमा वृक्षमनिको प्रेमवेदी उहीं छ । लीलास्थली वनस्थली उहीं छ । परन्तु अब त्यस्तो नाच पनि, उड़ान पनि छैन । तिनीहरूको मनमा उन्माद छैन । प्रेममा विलास छैन । त्यो प्रतिदिन स्थिर बन्दै अस्थिगत भइरहेछ । त्यसैको युगल सबल प्रेरणाले आज जीवनमा क्रियाशीलता बढिरहेछ । यी दम्पती बिहानैदेखि तृणसंचयमा लागिरहेछन्, बेलुका निस्तब्ध आलापमा ।

भालेले गुंड बनाइसक्यो, पोथीले फुल पारी । दुवैले पालो पालो गरे । कुर्न लागे ।

बिहानको मधुरो घाममा पोथी गुंडमा वत्सल प्वांख फैलाएर बसेकी छ । छातीका कोमल रौं तानेर साना कलिला स्पर्श शरीरमा व्याप्त बनिरहेछ । त्यो आंखा चिम्ली सोच्थी—'कहिले मेरा स्वप्न फुटेर संमुग्ध दृष्टिले मतिर हेर्लान् ?' यस्तैमा वनमा चर्न गएको भालेलाई संझेर फुल्थी, आँखा खोलेर चारैतिर हेर्थी, साथै पारिरक्षणमा पनि सतर्क बनिरहन्थी । अरू त के स्वयं भाले आउँदा पनि तर्सेर हेर्थी ।

पोथीको पालो पुगेपछि भाले कुर्न बस्थ्यो । पोथी वरिपरि नै चर्दै बीच बीचमा गुंडतिर हेर्दै गरिरहन्थी । त्यसलाई हेरेर भाले फुल्थ्यो, फुलको भविष्य स्वप्न देखेर केही दृप्त बन्थ्यो, वरिपरि केही जोशिलो हुंकार पनि दिन्थ्यो ।

एउटा गोठालाले कसेर ओसारेको देख्यो, गुँड बनेको देख्यो, भाले पोथी पालो गर्दै कुर्न लागेको देख्यो । त्यसको

नमा पनि 'यी बचराहरू कहिले बढ्लान् !' यही शुभ आकांक्षा
ायो ।

माउ बचरा कुरेर बसिरहेकी थिई । भालेले परबाट सहसा
क आर्तनाद सुन्यो । सुन्नासाथ चीत्कारले वन कंपाउदै वास-
दमा आइपुग्यो । वनका सारा चरा जम्मा भएर चीत्कार गर्दै
.सवेदना प्रकट गर्न लागे ।

एउटा गोठालो हातमा राँको लिएर रूखको फेदबाट चढ्दै
थयो । पोथी त्यसको टाउकोमा ठुङ्दै गुँडको वरिपरि घुम्दै
ारिरहेकी थिई । भाले पनि थुहुराउँदै त्यसमाथि खनियो,
ारंवार चरणाघात चञ्चुपातले त्यसलाई रक्ताम्य गराउन लाग्यो।
ोठालो बीचमा पुगेर 'आत्थो-आत्थो' गर्दै ओर्लियो । कलिला
बेचरा बचरा अज्ञात त्रासमा लामो चुच्चो बाएर खुलिनसकेका
आँखाले अलक्षित दिशातिर हेर्दै चींचीं गर्दै थिए । भाले पोथी
दुवैको श्वास प्रश्वास बढ़िरहेको थियो, शिथिल प्वाँख कांपि-
रहेका थिए । पोथीको क्षुब्ध नयनमा दीनता थियो । भालेको
लाल नयनमा विद्रोह थियो ।

अब यहाँबाट सर्नुपर्छ भनेर भाले उठ्यो । तर हाय ! बिच-
राको चुच्चामा मानवीय हातको कौशल थिएन । न त नङ्ग्रामा
त्यस्तो मानवीय ग्रहणशक्ति । तैपनि त्यो यताउति उड्दै
बचरालाई सार्ने प्रयत्न गर्दै थियो । यस्तैमा आकाश अन्धकार
बनेर आयो । परबाट वन सुसाउँदै आयो । मुसलधारे पानी
बसन लाग्यो । वनका पंछी आकस्मिक आपत्तिले चुटिंदै यत्र

तत्र घुस्रन थाले । हाम्रा यी दुइ दम्पतीले पनि कंपित पंख फैलाएर त्यो दैवी आपत्तिको सामना गरे ।

रात परिसकेपछि पानी बिदा भयो । अन्धकार गाढा नै बनिरह्यो । आकाशबाट एउटा किरण पनि छिर्न पाएको थिएन । जताततै नीलो विभीषिका फैलिरहेको थियो । मानो यो कालको क्रूरी मनाउने दिन हो ।

दुःखै दुःखले पाकेर यसो के क्रकाउन लागेकी थिई, यत्तिकैमा परेवीले क्रस्केर भनी—लौन नि आयो !'

परेवाले भन्यो—'नडरा, कति मधुर कति उज्वल ज्योति परबाट यतै आइरहेछ ।'

———

अतृप्त कामना

(१)

'त्यस्तै कोट किन्छु ।'............

कामना नै जीवनको विस्तृत अध्याय रहेछ। त्यसको न विश्राम छ, न समाप्ति। प्यारो घर, प्यारो परिग्रह, ारो परिचित समाज सब छोडेर गोरे यति टाढा परदेशमा ाइरहेछ। तैपनि उसले कामनालाई छोड्न सकेको छैन। ृदयभित्र उ नयाँ नयाँ कामनाका फूल जम्मा गरिरहन्छ। उसको ास त्यसैको महक बाहिर ल्याउँछ, चेहरा पनि त्यसैको अव्यक्त ंकेत गर्छ।

अस्ति उसले बाटोमा के पायो? पहिले खुशीले गद्गद एर चेहराको भाषाले त निकै भनूँ भनूँ गऱ्यो। आखिर मुखले ने 'मैले पाएको यही त हो नि' भनेर आफ्नो साथी सन्तेलाई ुत्रो कपडाको एउटा टुक्रो देखायो। हर्ष भने उसको सानो ृदयमा अटाएको थिएन। त्यो वेला उसको चेहरा पनि हर्षको जलप हाले जस्तो थियो। त्यो वेला उसको अन्तःकरणमा अघिदेखि खुंचिरहेको सुप्तप्राय: कुनै कामनाको फल ब्यूँझने वेला थियो। सन्ते यता उता लागेपछि एकान्तमा नबोलूँ भन्दा पनि गोरेको मुखबाट संभ्रान्त आवेशमा एउटा वाक्य निक्लियो—

'त्यस्तै कोट किन्छु।'

एक ताक बराँतको चलन आएको थियो। शहरका धेरैजसो पट्ठाहरू रोलकलर झिकीकन त्यसैको कोट लाउँथे—राम्रो पनि गम्म पनि।

अघि गोरे मालिकको तर्कारी किन्न जान्थ्यो। बराँतको नयां कोट लगाएका फेशनदार पट्ठाहरूलाई देख्ता त्यो लोभिन्थ्यो। उसको मुग्ध दृष्टि त्यही कोटमा टाँलाएर अलमलिन्थ्यो। नेपालनी बज्यैको बाघक्कंटाइ संकेर बल्लबल्ल पाइलो सरे पनि दृष्टि धेरै बेरसम्म सर्दैनथ्यो। गोरे पश्चिम दुइ नम्बरको क्षेत्री हो। त्यो घरबाट आएर नेपाल बाजेकहाँ नोकर लागेको वर्ष दिन पनि पुगेको थिएन।

(२)

त्यो दिन काम गर्न गोरेलाई पटक्क मन थिएन। इष्टकोटको भित्री बगलीमा दायां हात सावधानतया घुसारेर गोरे बाहिर निस्कियो। अलि पर पुगेर पनि उ फर्की फर्की आफ्नो मालिकको घरतिर पनि हेर्थ्यो। हेराइमा सतर्क भाव थियो, डर थिएन। यर्खाको मानिस उ एकदम ठेँटीमा पुग्यो र एउटा बांडाको ज्यासलमा पस्यो। पस्नेबित्तिकै बांडाले उसको मुख निहालेर हेर्‍यो। गोरेले पनि उसको मुख हेरिरह्यो तर एक छिन केही बोल्न सकेन। दायां हात त्यहाँसम्म पनि बगलीबाट बाहिर निस्कन सकेको छैन। बांडाले नाकको टुप्पानेर लगाएको चश्माले आधा हेरेर 'किन ?' भनेपछि गोरेले बगलीबाट

एउटा सुनको टुक्रो करीब दुइ अढाई तोलाको झिकेर देखाईकन भन्यो—'यसको कति दिनुहुन्छ हँ ?'

बाँडाले उसको मुखमा एक पटक हेरेर हातमा सुन लियो, एक छिन हेर्‍यो, कसी लगायो, फेरि हेर्‍यो, जोख्यो र भन्यो—कहाँ पायो तैंले, लौ बेच्छभने अरूलाई भए पाँच तँलाई भएर आठ दियो।' गोरेले निधार खुंच्याएर भन्यो—'ओहो ? आठ ! भएन त्यसोभए।' बेच्ने अज्ञात परिभाषालाई गोरेले निधारको त्रिवलिमा दबाउन खोजेको थियो।

'यो सुन मात्रै हो र ? पित्तलै पित्तल मिसिएको छ, यसलाई पिट्नै हुँदैन,धूलो भइहाल्छ, आठभन्दा कति त ?' बाँडाले भन्यो। हुनत सुनमा अरू धातुको मिश्रण थिएन, निखर थियो। 'पित्तल मिसिएको त हामी के जानौं साहूजी ! तर त्यत्तिमा त दिन्नँ, योभन्दा तेबर सानो सुनको अस्ति हाम्रा बाजेले ४५ रुपियाँ लानुभयो बरु त्यही साहूकाँ जाउँला नि,' गोरेले भन्यो।

'दिन्छ तँलाई साहूले ! त्यसकहां यस्तो लिएर गइस्भने चोर भनेर त खांद्छ, तँ मोरालाई। कहाँबाट ल्याइस् भनेर पक्रियोभने तँलाई छोड्छ ?' बाँडाले भन्यो। 'हामीले कसको चोरेर ल्याछ र पक्रनलाई, घरको सुन ल्याको पनि,' गोरेले केही थोत्रो स्वरमा भन्यो।

'लाने भए लैजा, लौ दशै रुपियाँ दियो, झन् तँ पाखेलाई के थाहा छ भनेर बढी बढी दियो, कराइरहन्छ,' बाँडाले भन्यो।

'भएन त्यत्तिमा त, दिनुहोस् मेरो मालै लैजान्छु', भनेर गोरेले हात पसाऱ्यो ।

बाँडाले सानो कन्तुर उघारेर सुन राख्यो, अनि केही रातो मुख लगाएर भन्यो—'जा तेरो मैले लिएकै छैन, फन् गुन गऱ्यो मोरालाई टाउकोमा टेक्छ ।'

'के मेरा मान्छे छैनन्, देखादेखी सुन लिनलाई, लौ नदेऊ त, निकै जोरी पो खोज्दा रहेछन्, जाऊँ मान्छे बोलाउन ? गोरेले क्रोधपूर्ण स्वरमा भन्यो । गोरेको मुटु धड्किसकेको थियो ।

'कति पाए दिन्छस् त, लौ भन् । तेरो त्यसै लिन खोजेको हो र ! तँ मात्र भन्न कति पाए दिन्छस् ? आफू भन्ने हैन, कराइ-रहन्छ, बांडाले भन्यो ।

गोरेले एक पटक लामो सास फेरेर अकमकाएको स्वरमा भन्यो—'ए.........क्क्काईस दिए दिन्छु, लौ ले ।'

बांडाले कन्तुरबाट २० रुपियां भिकेर गनिदियो र भन्यो—'लौ जा, त्यहांभन्दा त एक पैसा पनि दिएन ।'

'भएन, अरू एक रुपियां पुगेन, मेरो मालै दिनुहोस्, 'गोरेले हात थापेर भन्यो ।

बाँडाले फेरि १ रुपियां डबल भिकेर भूईंमा फालिदियो र भन्यो—'लौ, जा । तं रात्तेसै रहेछ, कहांको पहाडको भूत आएछ कराउन । अब कराइस् भने मारि नै दिन्छु ।'

अब किन कराउँथें, साहूजी ! मालको मोल पाएपछि, नरि-साउनुहोला राम्ररी बस्नोस्,' भनेर गोरे रुपियाँ सोरेर हिंड्न

यो। 'किन रिसाउनु, फेरि फेरि पनि आइज न। हामी फ्नो मान्छेलाई धर्म छोडेर कुरा गर्दैन।'

गोरे इस्टकोट भित्री बगलीमा दायां हात घुसारेर घर यो। पुगेर सुटुक्क छिंडीको आफ्नो कोठामा पस्यो, ढोका ायो। एक छिनमा त्यो त्यहांबाट निस्कियो। मुखमा आंटिलो ़उँदो भाव थियो।

(३)

माघको बिहान थियो। भोलिपल्ट गोरे पातलो दौरासाथि ़ल्तिकले बकस दिएको अर्धानु इस्टकोट लगाएर जाडोले काँप्दै कौरी किनेर फर्कन लागेको थियो। उसकै अगाडि एउटा ८-१६ को ठिटो बराँतको नयाँ कोट हातमा कुण्ड्याएर लम्कि- हेको थियो। त्यसलाई देख्नासाथ गोरेले आफ्नो लोसो ुडाइलाई बढ़ायो। पछिल्तिरबाट त्यो कोटमा आंखा गाड्दै हंडेको नशाले आफूलाई पनि बिर्सिसकेको थियो। कोट लिने ठटो नरदेवीको पाटीमा पुगेर बसेपछि पो उसलाई याद आयो—'यर्खासा नेपालनी वज्यै गोरे आएन भनेर घोक्रो ुलाइरहेकी होलिन्, म यहां आइपुगें।'

कामना सितिमिती रोकिने कुरा होइन। हृदयमा त्यसको विशाल राज्य छ। त्यसको बल कति असीम हुन्छ, कति अनि- र्वचनीय। दुनियाँलाई त्यसैले त इशारामा नचाइराखेको हुन्छ नि! कामनापरवश त्यो गोरेले दबेको छातीलाई बलात् उकासेर

(सोद्धैमा के होला त भनेर) ठिटाको नगीचै गएर मसिनो केही कातर स्वरमा सोध्यो—'यस्तो कोटलाई कति पर्छ दाइ ?'

ठिटाले गोरेलाई तलदेखि माथिसम्म हेरेर भन्यो—'४ पैसा २ दाम किन्छस् ?'

गोरेको मुख अंध्यारो भयो। त्यो वेला उसको मुखमा कृत्रिम स्मितले केही शोभा दिन सकेको थिएन। त्यसले त्यसो भन्दा गोरेलाई जति शर्म थियो, त्यति ईख पनि थियो। तर के गरोस् ! एक शब्द पनि मुखबाट निस्कन सकेन। त्यत्तिकैमा एउटा अर्को आएर कोटलाई यसो हेरेर भन्यो--'आफूलाई लाउन ल्याएको ?'

'हैन, मोल मिले वेच्न।'

'कति लिन्छौ ?'

'२३ रुपियाँ।'

जिब्रो काढीकन '२३ !' भनेर त्यो मानिस गयो। तिनीहरूको त्यो कुरा सुन्दा शर्मको सट्टा गोरेको मनमा ईख बढिसकेको थियो। उसले अघिको भन्दा केही ढीटो स्वरमा भन्यो—हामी-लाई मात्रै के नवेच्ने जस्तो गर्छौ ? वेच्नै त आएका रहेछौ नि ! २१ रुपियां दिन्छु, कोट मलाई देऊ।

'लौ, ले त,' भनी ठिटाले हात थाप्यो।

'रुपियां साथमा छैन, डेराबाट ल्याएर दिन्छु, एकै छिन बस त,' भनेर गोरे त्यहांबाट लस्कियो। एकै छिनमा फर्केर २१ रुपियां ठिटाको हातमा राखिदियो। कोट लिएर हिंडेपछि गोरेले विचार

गऱ्यो—साँची बाज्येले के भन्नुहोला नि ! आफ्ना छोरालाई त बढेर खर्च गर्ने भन्नुहुन्छ ।'

गोरेले कसैलाई थाहा नदिईकन कोट आफ्नो अंध्यारो कोठामा लगेर राख्यो। बाहिर लाउनचाहिं सकेको थिएन, आफ्नो कोठाभित्र त ढोका बन्द गरेर दिनको एक पटक लाउंथ्यो। आफूलाई मिलेको नमिलेको गर्धन घुमाई घुमाईकन हेर्थ्यो, फेरि थपक्क फुकालेर, रुमालमा पोको पारेर राख्थ्यो। कोट लगाएर निस्किक्कीसंग शहर घुम्ने उसको कौतुक फुलीकन पुरानो भइसकेको थियो। उसको हृदयभित्र संकोच र कौतुकको ठूलो रोमहर्षण युद्ध भइरहन्थ्यो। हारजित भएको थिएन।

करीब दुइ तीन महीनापछि संकोचलाई बलात् जितेर उसले कौतुकलाई फैलायो। तैपनि आफू बसेको ठाउं मालिकहरूलाई देखाउने आंट त उसको आएन। एक दिन कसैले नथाहा पाउने गरी गोरे कोट लगाएर चोर निस्किए झैं डेराबाट निस्कियो। मैलो पुरानो मयलपोशमाथि कालो अर्धानो इष्टकोट, त्यहांमाथि बराँतको फेशनदार नयां कोट लाउंदा गोरे एउटा कौतुकको दृश्य भएको थियो। गोडामा जुत्ता थिएन, टाउकोमा टोपी त थियो तर गाइजात्राको बौलाहाले बकस दिए जस्तो। गोरे सडकमा निस्कियो। त्यसको त्यो ढाँचामा सडकमा हिंड्ने जतिको आंखा एकपटक हैन दोहोरिई दोहोरिई पर्थ्यो। गोरेलाई आफू सयौं आंखाको लक्ष्य भएको थाहा थियो, भित्र भित्र फुल्थ्यो। त्यस्तो समारोहपूर्ण आवेशमा हातमा एउटा चुरोट नहुनु शायद गोरेलाई

न्यूनता लागेको हुँदो हो। त्यो इष्टकोटको बगलीबाट एक पैसा झिकेर बायांपट्टिको एउटा पसलतिर सोझियो। आउन लाग्दैमा पसलेको आंखा त्यसको पोजिशनमा एकोहोरिसकेको थियो गोरेले पसलेको काखमा पर्ने गरी १ पैसा फालेर भन्यो—'खै चुरोट।' भनाइमा फूर्ति थियो, मुखमा संकोचको नजानिंदो रेखातक थिएन। पसलेले पनि चुरोट दिंदै ठट्टा गरेर भन्यो—'कहां चोरेर लाइस ए पाखे! यस्तो कोट?'

पसलमा अरू पनि दुइ चार जना मानिस बसिरहेका थिए। उनीहरू पनि परिहासको भावमा गोरेलाई हेरिरहेका थिए। उनीहरूको मुख बोलूँ, बोलूँ भइरहेको थियो। पसलेको कुराले उनीहरूको पनि हाँसो बोलाए जस्तो भयो। उनीहरूले गल्ल हांसिदिए। गोरेलाई निकै मर्म पर्‍यो। नबोलीकन त्यो चुरोट लिएर हिंड्यो। चुरोट सल्काउनेसम्म पनि उसलाई त्यहाँ होश आएन। हिंडिसकेपछि पनि गोरेको कानमा पसलेकै कुरा दोहोरिई परदथे। अनि मात्र उसलाई थोरै ज्ञान भयो—जसबाट उसले बाटामा अरू पथिकहरूको पनि आंखाको भाव बुझ्दै आयो। उसको छातीमा केले केले थिचे जस्तो भएको थियो। श्वासमा प्राकृत वेग थिएन। हृदयमा शंका र संकोचसिवाय अरू थोक थिएन। आंखामा केही मुर्दापन आएको स्पष्ट देखिन्थ्यो। गोरे त्यस वेला अरू बाह्य जगत्लाई देख्तैनथ्यो, देख्थ्यो आफूलाई मात्र। अरूको सामुन्ने आफ्नो हिंडाइको विचार गर्दा गर्दै हिंडाइ एकदम

बिग्रिसकेको थियो, तर उसलाई थाहा थिएन। जीउमा कस्तो कस्तो अप्ठेरो भएको मात्र उसलाई अनुभव हुन्थ्यो। उसको निधारमा चिटचिटे पसीना आएको थियो। उसको महान् अभिलाषा थियो 'डेरामा पुगेर निःसंकोचको सास फेरूँ'। आफ्नो डेरासम्म पुग्न गोरेलाई हिंडेर रामेश्वर पुग्नु जस्तो भयो। बल्ल बल्ल डेरातिरको छिंडीमा पुगेपछि गोरेले चारैतिर पल्याक पुलुक हेरेर कोट फुकाल्यो, कच्याककुचुक पारेर काखी च्याप्यो। डेरामा गोरेले यति लामो आनन्दको सास फेर्‍यो, मानो त्यो वेदनापूर्ण संतप्त मरुभूमिको लामो बाटो काटेर आइ-पुगेको थियो! 'जुत्तासमेत सुहाउँदो अरू लुगा नमिलाईंकन त अब के झिकौंला तँलाई,' भन्दै एउटा रुमालमा कसेर गोरेले कोट थन्क्यायो।

(४)

'घरमा धेरै नभए पनि नूनतेलसम्म त टर्छ,' भनेर त पहाडका गरीबहरू शहरमा आएर १-२ रुपियाँको भए पनि जागीर खान्छन् नि! गोरेलाई पनि त्यस्तै न हो! घरमा कहिले नून पठाऊँ भन्यो, कहिले मसला भन्यो, गर्दा गर्दै २ रुपियाँसम्म पनि बिचराको हातमा जम्मा हुन पाउँदैनथ्यो। गोरे बल्लबल्ल एक जोर मलयपोश सुरुवाल हाल्थ्यो, जुत्ता हुँदैनथ्यो। जुत्ता किनुञ्जेलमा फेरि त्यो मयलपोश सुरुवाल फाटिसक्थ्यो, यस्तै ञ्याङ्ग-ठ्याङ्ग नमिलेर बिचरालाई त्यो कोट लाउने माका परेका थिएन। सुहाउँदा अरू लुगा मिलाईकन कोट लगाउन नपाएको

खोपले गोरेको मुटुमा सियो धसिए झैं बाधा भइरहेको थियो। एक वर्ष बित्यो। तैपनि दैवले उसको त्यो खोप मेटिदिएका थिएनन् गोरेको त्यही कासनो हो, तर त्यो कामना कामना थिएन, बीचमा केही दिनको निमित्त कौतुक भएर अहिले खोप भइसकेको थियो।

एक दिन एउटा बूढ़ा जोगी आएर गोरेलाई भने—'किन कोट नलगाएको गोरे? राखी राखी त्यसै कोरालाई खाउँछस्। त्यतिको दाम हाल्यो हाल्यो! तँलाई अरू सुहाउँदो लुगा पनि मैले पोकोमा हालिदिएको छः अब छिटो लाउने गर्।'

जोगी गएपछि 'हो कि त' भनेर गोरेले पोको फुकायो। नभन्दै पोकोभित्र राम्रा राम्रा लुगा, जुत्ता, एउटा ठूलो ऐना राखिदिएको रहेछ। गोरेलाई हर्षको सीमा भएन। त्यो आफ्ना जीर्ण कन्थाहरूलाई फाल्दै ती नयाँ लुगा फेर्न थाल्यो। लुगा लगाइसकेपछि उसले त्यो ठूलो ऐना हेऱ्यो, तर आफूले आफैलाई चिनेन। ऐना हेर्दा उसको छोटो अन्तरात्माले भन्थ्यो—'यो, वेला घर जान पाए त स्वास्नी पनि··· ।'

यत्तिकैमा ढोकानेरबाट गल्ल हाँसेको अपरिचित आवाज उसको कानमा पऱ्यो। नजाने त्यो कसको हाँसो थियो, शायद क्रीडाकौतुकमय दुर्दैवको हुँदो हो! त्यो हाँसोले गोरे झल्याँस्स बिउँझ्यो। ब्यूँझेर हत्तपत्त उसले आफ्नो आङ छाम्यो, बिचरा के पाउँथ्यो! जन्मदा प्रकृतिले दिएको क्लेशकर्कश आफ्नै छाला पायो। रात बाँकी नै थियो। मर्मभेदी स्वप्नले निद्राको मन्दिर भत्काइदियो। भाग्यवंचितको रात-कटनी अरू केले हुन्थ्यो!

वेदनापूर्ण तर्क वितर्कले—एउटा कोट भएको पनि लाउन पाइनँ, के गर्नु न के गर्नु। बाजेको कोट हराएको पनि भोलि मङ्गलबारले १५ दिन हुन्छ। राख्ताराख्तै म गरीबको पनि त्यसै गरी हरायोभने ? धेरै भो कोट नहेरेको पनि। व्यर्थै किनेको, त्यत्तिको लुगा किनेर पठाएको भए घरमा········’

विहान उज्यालो भएपछि गोरेले पोको फुकाएर हेऱ्यो। हेर्नेबित्तिकै ‘धिक्कार धिक्कार’ भनेर गोरेले मुड्कीले थाप्लोमा हान्यो। पीर पर्ने कुरा पनि हो। बिचराले कत्रो इच्छा गरेर किनेको कोट लाउनै नपाई कुट्कुटु मूसाले खाइदिएछ। एउटा बाहुला त कामै नलाग्ने पारेको थियो। ‘यही पनि बेचन लगे अलिकतिसम्म उठ्तो हो कि ?’ भन्ने गोरेको एउटा आशा थियो। आशा भए पनि न त्यसमा उत्साह थियो, न कौतुक। गोरे भोलिपल्ट नै तीन दिनको बिरामीको जस्तो मुख लिएर हिंडेको थियो। उसका आंखामा निराशाको मालिन्यपूर्ण चित्रण थियो।

पहिले कोटै त्यस्तो ! त्यसमा पनि व्यापारकलाशून्य गरीब निमुखाले बेचेको कति आउँथ्यो ! त्यही पनि इन्द्रचोक जस्तो चनाखो ठाउँमा ! गोरे कोट बेचेर जम्मा ३ मोहर हातमा लिएर फर्क्यो। बेचिसके पनि उसलाई भित्र असह्य भइरहेको थियो—‘३ मोहर के लिनु, त्यत्तिको फालेर। बरु कोटै फिर्ता ल्याएर त्यसलाई उधारेर भोटो पो तुल्याऊँ कि ? सित्तै लियो मोरोले।’

तर यो पनि उसको स्वप्न मात्र थियो। सड़कमा कसलाई

बेच्यो, त्यो कहां गयो, अब उसले त्यसलाई कहां भेट्नु ? कि चिन्नै सके हुन्थ्यो । उसलाई ज्यादा शहरियाको परिचय नभए कोले सबैको मुख एकै लाग्थ्यो । त्यो वेलादेखि बाटामा गोरेले कसैको कोट पनि हेर्ने गरेन; किन हो !

दिन बित्यो, हप्ता बित्यो । गोरेको भित्रको घाउ चहऱ्याउन छोडेको थिएन । बिचरा त्यो घाउमा संकनाको धक्का पऱ्यो कि मरणान्त वेदना पाउँथ्यो । त्यस्तामाथि पनि फेरि दुर्दैवको निष्ठुर प्रहार !—गोरेले इन्द्रचोकमा कोट बेचेको कुरा नेपाल बाजेले सुन्नु र उनको कोट हराउनु ! गोरेको कोटको कथा कति अध्यायको थियो, त्यसमा के प्रसङ्ग थियो, के सङ्गति ! आदि देखि अन्ततक नेपाल बाजेलाई थाहा थिएन, न त त्यत्रो घटना को चिह्न एउटा रौंसम्म छ, त्यो छैन । उनलाई गोरेले कसरी विश्वास पार्न सक्तथ्यो र ! पहिले पार्न खोज्नु पनि एउटा दुस्साहसीपन थियो, उपपत्तिशून्य मूढे बल थियो ।

आखिर नेपालनी बज्यैले टुपी लुछ्दे पनि गोरेको कपाल सबै सकिएको थिएन । नेपाल बाजे दयालु थिए, उनले एकपटकलाई त माफ पनि दिएका थिए । गोरेले त्यसरी आफै निक्लनुपर्ने होइन; किन निस्किएछ ? पछि सुनिन्थ्यो—डेराको सब मालताल त्यसै छाडेर हिंड्यो, घर पनि गएको छैन, नेपालभित्र पनि छैन ।

बसोस पो कसरी ! जीवन एउटा सानो होस् या ठूलो होस् कामना न हो । कामना सुकेपछि जीवमा के सौख छ । विश्व प्रवृत्तिको प्राण कामना हो । अनन्त सृष्टिमन्दिरको समारोहपूर्ण

सामग्री कामना हो। सृष्टिको संजीवन नै कामना हो। त्यसमा मानवको कति प्रेम छ, कति स्नेह! अन्तिम श्वासतक आफ्नो प्यारो शरीरको वास्ता नगरीकन मानवले त्यसलाई कति शुश्रूषा गरिराखेको हुन्छ, कति तारुण्यप्रदान! अफसोस! मानव त्यसैको सफलता देख्न पाउँदैन। सफलताको बदला अर्को प्राणान्त मर्म आइपर्छ!

—o—

चढ्दो उमेर

(१)

किनारामा एउटा ठूलो सिमलको रूख थियो। त्यसका धेरैजसो शाखा उपशाखाहरू मकाइसकेका थिए, मानो परार्थमा जीर्ण भइसके। पराशान्तिमा पुगिसकेका थिए, बुढेसकालका विज्ञापन थिए। तैपनि जे बचेको हाँगाको छाया ग्रीष्मतप्त पथिक-हरूको विश्रामबन्धु थियो। हरेक भीषण प्रकृतिप्रकोपहरूलाई केही नगनीकन त्यो बूढो शान्त सिमलले त्यहाँ कहिलेदेखि कृच्छ्र तप गरिरहेको थियो, यो कसैलाई थाहा थिएन। तर यतिसम्म त अनुमानतः भन्न सकिन्थ्यो—वैक्रम सम्वत्‌भित्रका प्रकृतिका एक-एक घटनाहरूको त्यो मानो स्थावर साक्षी थियो। नगीचै 'विलोल' भन्ने नद थियो। त्यसका कति जन्मको बालकेलि हेरेर सिमलले आनंद लुटेको थियो।

❀ ❀ ❀

प्रकृति वर्षाको आर्द्ररूपमा परिणत भइसकेकी थिइन्। गाढा कालो बादलले छोप्ता आकाश कालो चँदुवाभित्र लुके जस्तो थियो। सूर्य्यको नामनिशाना थिएन, मानो उनी आफ्नो परिवर्तनको शोचनीय कथा सुनाउन अर्कै लोकतिर गएका थिए। दिनको मुख साँच्चिकै अँध्यारो थियो। सिमसिम, सिमसिम पानी

परिरहेको थियो। चड्याङ चड्याङ व़ज्र चड्कन्थ्यो, बिजुली चंकन्थ्यो। मेघको कटु भीषण गर्जाइले आङ जुरुङ्ग गराउँथ्यो। नजाने त्यो गर्जाइमा कति वीर अक्षर थिए, कति उत्तेजना।

व़िलोल शैशव़बाट यौव़नमा चढिसकेको थियो। उसको तरुण आत्माले कति उत्साहका स्वप्न देखिसकेको थियो। उसलाई खेलको लालसा थिएन, कुनै उदात्त कर्मको आशा थियो। उसका छातीमा कति तरङ्ग थिए, कति उमङ्गका नीरव़ शब्द! उसले विश्वलाई देखेको थियो—उत्साहको, ओजको, साहसको, कर्मको, विजयको। उसको उद्धत सिद्धान्त थियो—'अब सृष्टिलाई विजाति स्थलभागको सत्ता मेटेर सारा जलमय पार्दछु, फेरि अविकृत रूपमा ल्याउँछु। प्रायः स्थलनिर्माण त जीव़िकालुब्ध मनुष्यहरूको पछिको षड्यन्त्र त हो! त्यो ईश्वरको सत्य अभिलाष हो र?

धुवाँएको आगोले आँधीको मन्त्र पाएको! जब मेघको क्रुद्ध व़ीर गर्जन व़िलोलले सुनेको थियो अनि उसको तरङ्ग नसाहरूमा ओज उम्लन लाग्यो। अशान्तिले मर्यादाको सीमा फोऱ्यो। उसको मोहपूर्ण हृदयबाट एक्कासि दर्पपूर्ण शब्द निस्कयो—'स्वाँ, स्वाँ।' साउनको दुर्दिन थियो, दारुण नक्षत्र, कालदण्ड योग।

(२)

पत्थर दाह्रा किट्तै डङडङ डरलाग्दो शब्द गर्दै, तटभूमि चिर्दै, गण्डशैल फोर्दै, बाटाका घर खेत सब हुत्त्याउँदै, धूव़ाँ उडाउँदै उत्ताल तरङ्ग फिकेर व़िलोल आउँदै थियो। त्यसलाई

देखेर शान्त वृद्ध तपस्वी सिमलले मुसुक्क भुवामा हाँसेर भने—'विलोल, के गर्न आँट्यौ ?'

दृप्त विलोलले तिनको कुरा सुन्या नसुन्यै गरिदियो, जवाफ दिएन। सिमलले फेरि अलि उच्च स्वरमा भने—'भनन विलोल, यस्तो उद्धत काम किन गर्न लाग्यौ ?'

विलोलले निकै नकड्किएको स्वरमा जबाफ दियो—'किन ! आफ्नो गौरवनिमित्त, जातीय उत्कर्षको निमित्त, जीवनको सफलताको निमित्त।'

बूढा सिमलले भावपूर्ण पत्रदृष्टिले विलोललाई राम्ररी निहालेर दयाको स्वरमा भने—बच्चै छौ विलोल ! शान्त भएर बस। संक्ष तिमी मोहरात्रिमा छौ। यस्तो उद्धत नाटक किन गर्छौं ?'

विलोलले बूढालाई तरङ्गको आँखा तरेर झन् अभिमानपूर्ण शब्दमा भन्यो—'अक्ष किन ! आफ्नो गौरवको निमित्त, जातीय विस्तारको निमित्त, जीवनको सफलताको निमित्त।'

बूढा सिमलले व्यङ्ग्यपूर्ण शब्दमा भने—'ओहो ! यस्तो उन्मत्तपना गौरव ! जातीय उत्कर्ष ! जीवनको सफलता ! कहाँ गएर पत्ता लगायौ विलोल ? वरुणको विभावरीमा कि वासुकिको भोगवतीमा ?'

'जहाँबाट भए पनि पत्ता लगाएँ, तिमी जस्तो कूवाको व्याङ हुँ ? म कति देश घुम्छु ? कति इतिहास जान्दछु ?'

'खूब घुमेछौ, खूब जानेछौ, नत्र यस्तो उन्मत्तपन किन आउँथ्यो ?'

'यो उन्मत्तपन हैन, न वीरपन हो। तिम्रो जस्तो शान्तिको मुर्दापन हैन, कातरपन हैन, बुझ्यौ ? ज्यादा जङ नचलाऊ, बूढो भनेर मात्रै, नत्र तिमीलाई पनि बाँकी राख्नेछैन। पेच लगाएर मात्र नबोल।'

'हरीपदेखि दैव डराओस्' भनेर बूढो सिमलले त्यसलाई पन्छाउने सुर गरेर भने--'जाऊ त विलोल ! नरिसाईकन जाऊ, तिम्रो मङ्गल होस्, अब यो मुर्दापनमा कहिल्यै नआए।'

'भन्नैपर्दैन, आइँदैन,। दृप्त स्वरमा भनेर विलोलले फेरि आफ्नो उद्धत गति लियो।

(३)

वर्षा लित्यो, शरत्को पनि दुइ चार दिन मात्र बाँकी थियो। विलोल फेरि त्यही बाटो गरेर आउँदै थियो। तर उसमा अघि जस्तो न उत्ताल तरङ्ग थिए, न भीषण गर्जन, न धमिलोपन। मानो अर्कै विलोल त्यहाँ आएको थियो। शान्तिपूर्ण उसका जीवनका गीतहरू कति मधुर थिए !—'कलकल, कलकल।'

त्यो देखेर शान्त वृद्ध सिमलको पेटमा हाँसो अटाएन र फेरि मुवामा हाँसेर तिनले भने—तिमी त फेरि अर्कै भएर आएछौ, विलोल ! के के काम गर्‍यौ ? मोहरात्रि त बितेछ नि !'

विलोलले सिमललाई जवाफ दिनु त परै जाओस्, एकबाजि आँखा उठाएर हेर्न पनि सकेन। लज्जापूर्ण मन्दगति लिएर फीँजमा हाँस्तै हाँस्तै त्यो आफ्नो बाटो लाग्यो।

—०—

करुण जीवन

(१)

'ए ! माटो लिन्छौ ! माटो राम्रो छ, लौ हेर,' भन्दै एउटा डोके चामलपसलनेर उभियो। पसीनाले आङमा बेह्रेको गादो भिजिसकेको थियो। निधारको पसीना नाकको टुप्पो पखालेर खस्तथ्यो। देब्रे गोडाको नलीहाड फुटेर रगत आइरहेको थियो।

'ए! कति भन्छ ए !' यो शब्द सुन्नेबित्तिकै आशापूर्ण दृष्टिले चामलपसलेतिर हेरेर भन्यो—सात आना, दिनोस्, साहूजी ! माटो उम्दा छ। हेर्नोस् कति रातो छ, केलाई केलाई ल्याएको।'

'दस पैसा भयो, दिने भए दे, पसलेले कर्के मुख लाएर भन्यो। एकचोटि लामो सास फेरेर डोके नबोलीकन एक दुइ पाइला बढ्यो। फेरि आशापूर्ण दृष्टिले चारैतिर हेरेर करायो-'ए माटो लिन्छौ !'

अलि निकै तल पुगिसकेपछि चामलपसलेले बोलायो—'ए ! आइज, आइज !' अघि अघि निधारको पसीनाको थोपा, पछि पछि हिलो मुछिएको पाइलो गरेर डोके फेरि उहीं पुग्यो—

'लिन आँट्नुभयो, साहूजी ! लिनोस्, माटो असल छ।'

'तँ पाखे मोलै गर्दैन, गर् न अनि लिन्छ।'

'मोल गरिहालें नि साहूजी, दिनोस् तपाईंलाई छ आना २ पैसा भो।'

'ले ले ११ पैसा भो, नत्र जा। यहाँ नकरा घोक्र्याइपठाउँला।

'किन यसरी मोलमा मार्नुहुन्छ साहूजी ? दिनोस्न छ आना २ पैसा। यो त्यतिमा पाइने माटो हो ? हेर्नुहोस्, दिन डुब्न लाग्यो कहाँ पुग्नु छ। २ पैसा होला कि भनेर गरीबले ल्याउनुपरेको।'

'सित्तैंमा माटो खनेर ल्याउँछ, ११ पैसा थोरै भो भन्छ, पाखे।

मनमनै 'सित्तैंमा'—भनेर आफ्नो नलीहाडतिर हेरेर डोकेले भन्यो—'भैगो साहूजी !' डोके अगाडि बढ्यो, करीब दश पाइला गइसकेपछि पसलेले फेरि कराएर भन्यो—'अन्त त्यति पाउँदैन ए ! पाखे, नबढ्। लौ भैगो, तँ राक्षसै हो। १२ पैसा गरिदियो, ले।'

'त्यो नभन्नुहोस्न साहूजी ! गरीबलाई हेर्नुहोस्।'

(२)

खोच्चयाउँदै खोच्चयाउँदै ४ घडी रात जाँदा टुल्के घर पुग्यो। पिंडीमा पुग्नेबित्तिकै लामो सुस्केरा हाल्यो। डोको र कुटो पनि सधैंको ठाउँमा राख्न सकेन, पिंडीमा त्यसै पल्टाइदियो। घरको ढोकातिर फर्केर भन्यो—'ए, पीठो थाप्न आइज !'

'कति बेर लाका नै आज त। केटाकेटी रोएर बसिनसक्नु छ भोकले। नून ल्यायौ नि ?' बाहिर निस्केर स्वास्नीले भनी।

'पैसा भा पो ल्याउने नि ! यति पीठो नल्याए खोले पुक्तैन।

'क्या मन्या मान्छे रछन् ! कति छाक बिलिनू खाने त ? २ छाक बिलिनू गुन्द्रुकसँग ढिंडो खाएको, नून नभे त भाग नि नबसूं जस्तो लाग्या छ आफूलाई भने, किन नून नलीकन बाँधेका त !

'भाग नबसे नबसून त, मरी जा।'

'खाउला क्या खाउला, म मरे मेरो भाग पनि चिरिएर यत्रो गर्धन हालौला। केकां रातबीच सराप्छौ 'मरी जा' भनेर।'

'तेरो टाउको पैसा पुग्या भए ल्याउने थिन त नि ? नून हालेको तँलाई मात्रै मीठो लाग्छ ?'

टुल्केकी स्वास्नी रीसले फनफनिंदै थालमा पीठो लिएर भित्र पसी। अगेनाबाट आगो झिकेर चूलामा जोड़ी, ताप्केमा पानी तताउन बसाली। तलतिर केटाकेटी कराइरहेछन्—'आमा, भोक लाग्यो, आमा, भोक लाग्यो !'

'आँखा फुटेका छैनन्, पकाउन लागेको। कति कराउँछ भोक लाग्यो, भोक लाग्यो भनेर ? हानुँला झटारो यही अगुल्टाले, रांडारांडीहो ! मात्तिने कुरामा पो मात्तिनु त!' क्रोधपूर्ण शब्दमा टुल्केकी स्वास्नीले भनी, भान्साबाट।

'दुइ मूठी कतै बाँकी भए भुटेर लौ घिच भन्न सक्तिनस् त राँड ? साँझमा कोहोलो मच्चाइरन्छेस् ! यी सबै कहिले एकै चिहान हुन्छन् र आनन्द पाउँछु म त,' भन्दै टुल्के भित्र पस्यो। स्वास्नीचाहिं चूप लागी। एक छिनमा ढिंडो ओडालिसकी।

सबले एक एक डल्ला अलिनो गुन्द्रुकसंग खाए। अनि अगेनानेर, फाटेको गुन्द्रीमा, टुल्केको गादोमा गुडुल्किएर सब सुते।

(३)

भोलिपल्ट माघे संक्रान्तिको दिन थियो। बिहान मिरमिर उज्यालो हुन लागेको थियो। चिसो हावा चल्थ्यो, सिरसिर सिरसिर मर्म छेडेर। कुहिरोले अलि परको आकाश जमीन छुट्टिदैनथ्यो। यता उता भुर्र शब्द सुनिन्थ्यो चरा उडेको, चरा भने देखिदैनथे। पृथिवीले तुषाराको सेतो चादर ओढेकी थिइन्। टुल्के उठेर राति ओढेको गादो आङमा बांध्न लागेको थियो। उसले स्वास्नीसंग सोध्यो—'सानु किन ऐया ऐया गरेर रुन्छ नि ?'

'हिजो डाँडाघरेकहाँ सराद्दे रहेछ। उहाँ उब्रेको खान पाइन्छ रे भनेर तल्ला घर लालेले यसलाई पनि लेर गएछ। केटाकेटी के के भनाभनी गरेछन् कुन्नि डाँडाघरकै सानुले आफू ठूलै भैसकेको थियो नि छुच्चो, मेरो घरमा किन आइस् ? भनेर निक्कैसंग ढुङ्गाले बजाइदिएछ। कहाँको खान पाउनु ! रुँदै कराउँदै निधारमा यत्रो टुटुलो लिएर आएछ, अहिले पनि त्यही दुख्यो भन्छ। दुःखीको त छोरा छोरी नै हैन भने जस्तो गर्छन्, के गर्नु, भनेर स्वास्नीचाहिंले छोराको निधार सुमसुम्याउँदै भनी।

'लौ, सानेकी आमासंग अलिकति पीठो पैंचो गरेर पकाएस् है, म एक खेप माटो शहर पुऱ्याएर आउँछु। पर्न त राति एक झर पानी परेको छ, माटो पर्ने हो कि होइन,' टुल्केले भन्यो।

'अस्तिको पैँचो त हिजो माग्न आएकी थिई, नपाउँदा भुतभुताउँदै गएकी छ, आज दिन्छे ?

'के गर्ने त अस्ति दिन बिग्रियो, माटो परेन । के बेचेर ल्याएर दिने त, भनिनस् ?'

'भनें भन्न त । आज पो के गर्छे । दिए त हुन्थ्यो । आज त संक्रान्तिको दिन, पाए त मीठो मीठो खाने दिन हो, तैपनि पुग्यो भने अलिकति चामल पनि लेर आउ है ? केटाकेटीलाई अलि-कति जाउलो पकाइदिउँला ।'

'एक खेप माटाको कति पाउँछु र ल्याऊँ खै, एक पैसाको नून पनि त ल्याउनैपर्‍यो ! जे भन्छेम् भनिर नाइँ' यति विचार गरेर डोको र कुटो लिएर खोच्याउँदै खोच्याउँदै टुल्के बाटो लाग्न लागेको थियो, उसको आंखा सानो छोरातिर पर्‍यो । एकछिन उभिएर हेरिरह्यो, फेरि नगीच गएर, खै खै भन्दै छोराले लगा-एको भोटो हेर्‍यो, हेर्दा हेर्दै उसको आँखामा आँसु भरियो, मुख निकै नै लाल भयो, अनि क्रोधपूर्ण स्वरमा स्वास्नीतिर फर्केर भन्यो—'बाहुला कहिले फाट्यो नि यसको ? कति गरेर अर्कासंग बिन्ती गरेर जडौरी मागेर ल्याइदिएँ, यो चाल छ । तेरा बाबुलाई पुरानै लगाइदिएको भए हुन्नथ्यो ? ल्याउनेबित्तिकै त्यसको कात्रो लाउन दिई, फटाइसक्यो, अब के लाउन दिएर मर्छे !'

'ल्याउँदै १० ठाउँ टालेको गलिसकेको थियो,' स्वास्नीले आँखा तरेर भनी ।

'तँलाई कसले नयाँ सिएर दिन्छ त, रांड ! अब मागेर ल्याइदे मात्र भनन्, यही कुटालेे थाप्लामा हान्न सक्छु कि सक्तिनँ !'

'हान हान, कुटाले हान्छौ कि बञ्चराले हान्छौ, मार ! छोरोले लुगा फटाउँछ, मलाई मार ।'

'आफैं भुतुक्क मर्न पाए यी रांडारांडीको मुख पनि हेर्न पर्नें थिएन' भनेर भुतभुताउँदै टुल्के आफ्नो बाटो लाग्यो ।

बाख्रोसमेत जान नसक्ने त्यत्रो डरलाग्दो भीर उक्लेर परसम्ममा माटाको खानी भेट्टाउनु छ । गोडो दुखेर छिटो पाइलो सरेको छैन, टुल्के त्यहाँ कहिले पुग्छ ? जुन दुर्दैवले भीरबाट त्यत्रो ढुङ्गो खसालिदिएर नलीखुट्टा फुटाइदियो, त्यसले टुल्के आज पनि यो भीरको बाटो हिंड्छ भनिठानेको थियो होला त ! शायद त्यो आज टुल्केलाई देख्ता छायाभित्रबाट जिभ्रो काढेर हेरिरहेको होला । हुन पनि गोडो त्यस्तो बिरामी छ, किन होला टुल्केले अलिकति पनि गोडाको चिन्ता नगरेको ! अरू त त्यति भए कति दिन अशक्त भएँ भनेर सुतिरहन्थे ?

सधैंको ठाउंमा पुगेर टुल्के माटो खन्न खानीमा पस्यो । खन्दा खन्दा खानी एक तलाभन्दा पनि गहिरो भइसकेको थियो । टुल्के एक चित्त भएर माटो खन्दै थियो । राती आफू एक छर मात्र पानी परेको थियो, जमीन त निकै नै गलिसकेको रहेछ । दैवसंयोग खानीको डील चारैतिरबाट भासियो । टुल्केले भित्रबाट एकबाजि 'राम' सम्म पनि भन्न पाएन, बाहिर निस्कन त

परै जाओस् । न जाने त्यो के भयो, शायद खानीभित्रभित्रै शून्यको बाटो लिएर आफ्नो करुण जीवन-कहानी सुनाउन अनन्तको देशतिर लागेको भए महायात्री बन्दो होला !

× × ×

संक्रान्तिको दिन छ । अरूको घरमा चाड छ, रमाइलो छ । त्यो झोपडीमा, चूह्लोभित्र आगो परेको छैन । क्षुधित शुष्ककण्ठ त्यो परिवार पीपलबोटनेर कहिले रित्तो डोको देखिएला भनेर प्रतीक्षादृष्टि दिइरहेछ । आधा दिन ढल्किसक्यो !

—:०:—

स्वयंवर

[१]

ती सौन्दर्य्यकी कन्यालाई ईश्वरले बनाए, भावुक र रसिकहरूको कोमल कल्पनामा। तिनको शुभ जन्मको दिन कति रमाइलो र सौभाग्यमय थियो, सबका हृदय हृदयका हवेली हवेलीमा छल्ल स्वर्गीय दीपावली ! साँच्ची भनूँ भने अघि प्रारम्भिक जड सृष्टिलाई तिनैले त चैतन्य र उद्बोधको अनश्वर सन्देश दिएकी हुन् नि !

एक दिन उनले ईश्वरसंग नीरव कण्ठमा आग्रह गरिन्। त्यसै दिन अपूर्व आकर्षणको र आनन्दको पनि सृष्टि भयो। तिनलाई उनी सहोदरस्नेह गर्थिन्, काखमा लिन्थिन्, चुम्थिन्, तादात्म्यमधु दिन्थिन्। जहाँ चराहरू गला खोलेर प्रकृतिको मीठो गीत गाउँथे, जहाँ उज्याला सुनौला तारा छातीमा लाएर जलतरङ्गहरू 'कलकल छलछल' खेल्थे, जहाँ कमला पालुवाका लुगा लाएर, प्रकृतिको हरियो काखमा वनलताहरू अप्सरानाचको अभिनय गर्थे, उहाँ उनी विहार गर्न जान्थिन्—ती दुइलाई लिएर। ऋतुराज बसन्त मनोहर सुगन्धी पुष्पहरूले उनको

स्वागत गर्थ्यो। कोइलीहरू उनीसंग हृदयस्पर्शी मधुर काक-लीको परिभाषा सिक्थे।

उजेली रातमा, एकान्त शून्य समयमा सुख र शान्तिको शीतल बाटो गरी ती कन्या नीरव नूपुर लाएर हृदयमहलमा भक्त आत्मालाई जीवनको अमूल्य कला सिकाउन ज्योतिको रूप लिएर आउँथिन्, भक्तको हर्षमय स्वागत लिएर अल्पिन्थिन्। बिहान कहिले स्वर्णमयी उषासंग हाँस्तै उदाउँथिन्, कहिले मलयमन्द समीरसंग कुरा गरेर फूलमा हाँसिरहेकी हुन्थिन्, कहिले मानसरोवरमा नुहाएर, हिमालको काखकाखै झरनाहरू-लाई स्वर्गको गीत सुनाउँदै आउँथिन्।

उनी अशान्तिसँग डराउँथिन्, गरीबीसँग रिसाउँथिन्, दुःख पीरपिराउसँग कलह गर्थिन्, अनुभवको रसायनमा राम्री र हृष्टपुष्ट हुन्थिन्। उनलाई हरेक जीवनको अभिनय गर्ने सोख थियो।

[२]

एक दिन एकान्तमा उनलाई ईश्वरले आएर भने—"नानी! ठूली भयौ, विवाह गर्नपर्दैन? आफूसुहाउँदो वर खोज। पछि म तिमीलाई विश्वविशाल राज्य दिउँला नि। त्यहाँकी प्रतिष्ठित रानी भएर बसौली।"

विश्वहितैषी समीरले कोमल सम्बोधनमा निमन्त्रणा दिए। थाहा पाएपछि स्वयम्वरमा तीन नवयुवक आए। सब सन्नद्ध

थिए—एक लक्ष्य, एक उद्देश्य। सबको आत्मगौरवमा अभिमान थियो, दृष्टिकोणमा अविरल शङ्का, लक्ष्यमा तर्क। एउटा अमूल्य असूल्य पोशाक लाएको, त्यसै चकचक भएको। उ आफ्नो समारोहको अगाडि कसैलाई तृणवत् देख्थ्यो। एउटा निकै न बांलक्कड थियो, शायद् त्यसको त्यसैमा सर्वापेक्षया दर्प हुँदो हो। एउटाको भने शान्त-सौम्य अनुहार, गम्भीर प्रकृति, अमेय आत्मा। नजाने यसको चाहिं मनमा के थियो, अगम्य नै थियो!

भगवती सरस्वतीले आफै आएर रहस्यको वीणा बजाइन्। स्वयम्वरको उत्सव धूमधाम मच्चियो। विश्वप्रतिभाहरू नाचे। एक छिनमा, कोमल चालमा कन्या आइन्, उनलाई नवयुवकहरूलाई एक एक गरी निहालिन्। उनलाई विचारले भन्यो—बाह्यिक ढपोट समारोहसँग आत्माको के सम्बन्ध? आत्मशून्य, चैतन्यशत्रु, जड नामसाङ्कर्यसंग रहस्याभिलाषी आत्माको के सम्बन्ध? आत्मा! आत्मासंग बोल्, आत्मासँग मिल्। नदीकन्याको प्रणयहृदय रत्नाकरको गहिराइलाई नै आत्म समर्पण गर्छ।

अनि ती कन्याले छानेर एक जनालाई प्रेममाला पहिराइन्। उ दिव्य शोभा पाएर सबको रुचिमा हाँस्यो। कन्याले आनन्द र आकर्षणलाई बोलाएर भनिन्–'अब उहाँसँगै जाऊँ है? हेर, कति राम्रो हुनुहुन्छ।'

अनि आफ्नो प्रतिज्ञा पूर्ण पार्न किरणको रूपमा ईश्वर आए।

कन्याको हातमा एउटा फूल राखिदिएर भने—'नानी ! त्यो राज्य तिम्रो है, बस जाऊ।'

त्यो देख्ता ती दुइ चुकचुकाएर गए। तिनमा एउटा थियो शब्द, एउटा थियो अलङ्कार। जसले कन्यारत्नको प्रेमवरण पायो—त्यो थियो भाव। कन्याको शुभ नाम थियो, कविता। पछि उनी काव्यको विशाल राज्यमा सैर गर्न लागिन्।

———

डिट्ठा बाजे

(१)

जेठा बाजे बाँझ गरातिर गाईहरू लगाएर, आफू उपल्लापट्टि चिलाउनेको रूखमनि बसेर वस्तुहरूले चरेको हेरिरहेका थिए। अघिल्लो दिन दाएको तिल्के बहर अघि त बिछट्ट सोझो थियो, तर त्यो दिन हरियो दूबोनेर पुगेर त्यसले अरू सोझा गाई बाच्छा-हरूलाई फूँ फूँ गर्न लाग्यो, नगीच पर्नै दिएन। जेठा बाजेले वास्साबाट सुर्ती झिकेर एक फ्वाँक हाले, अनि 'ल···ल तिल्के' भनेर एउटा सानू माटाको डल्ला लिएर बहरतिर हाने, 'झन् जुवा कांधमा परेपछि त बगालपीराहा भएर पो निस्केछ ए ! डाम्नु त, तब न गोरू ! ल···ल !' भन्दै एक छिन भुतभुताए।

अनि अचानक उनले भाइलाई संझे। उनका भाइ शहरमा डिट्ठा भएर बसेका थिए। अघि त यिनीहरू एकै घरमा थिए तर डिट्ठा भएको अर्को महीनादेखि भाइचाहिंने छुट्टिए रे भन्थे। अघि जागीरे नहुञ्जेल दुःखजेलो गरेर आफू मरेर भए पनि भाइको निमित्त जेठा बाजे आफै चामलको डोको बोकेर शहर पुर्‍याउँथे, इलम गर्न लागेको भाइ भन्दा गुन्द्रुकको झोलमा बूढाको कहिल्यै भुटन परेन, केही यत्ति भए पनि शहरै शहरै भन्थे। भाइ जागीरे भएपछि त्यो

छोडेका हुन्। तैपनि अलिकति मात्र नराम्रो सपना देखेभने के कसो भो भनेर भाइ भेट्न पुग्छन्। सञ्चो देखेपछि खुशी भएर फेरि लगत्तै फर्कन्छन्।

गाउँलेहरूलाई आएर आफ्नो भाइको बयान सुनाउँछन्, यस्तो छ उस्तो छ भनेर। त्यो दिन पनि संछिए, उनलाई भातृ-मिलनको उत्कण्ठा लागिहाल्यो। बाँकटे भोटो, रातो माटोमा रङ्गिएको छड्के कछाड कसेर, एउटा हातमा घिउको सानो हर्पे र अर्को हातमा लट्ठी लिएर भोलिपल्ट बिहान भाइको डेरामा पुगिहाले। हिउँदको बिहान, बूढाको आधा फुलेको दाह्रीलाई तुषारोले गाढा सेतो पालिश भरिदिएको थियो। दाँतहरू कट कट शब्द गरेर भित्र आफआफै बाज्न लागे जस्ता थिए। तुषारोमा मचमच टेकेर आएका गोडा निर्जीव काठकै जस्ता किन नहून्? डिट्ठा बाजे ओछ्यानमा सिरक ओढेर गुडगुडे हुक्कामा तमाखु तान्न लागेका थिए। डिट्ठिनी बज्यै अल्लि पर मकलमा हात सेकाएर बसेकी थिइन्। जेठा बाजेलाई देख्नेबित्तिकै डिट्ठिनी बज्यैले बिस्तारै 'उ:' भनेर मकल तानेर अल्लि पर सरिन्।

'यस्तो जाडोमा कताबाट, आउँदै हो कि?' दाजुतिर हेरेर डिट्ठा बाजेले केही स्मितको भावमा भने।

'अँ, आउँदैछु,' जेठा बाजेले भने।

'अँ, अँ, यसपाला कोदो मकै कति भयो त?'

'भयो नै किस्मत दास्तीअनुसार नभा भन्नु हुँदैन।'

अब कत्तिको खाइन्छ त ढिंडो,……भात ?'

डिट्ठा बाजेको मुखमा कर्के आँखा लाएर बज्यैले मुस्काइन् एक पटक, डिट्ठा बाजेले पनि।

'निर्ती छ भन्दैमा त्यसै बुक्याउने होइन, फारो गरेर त्यसैले अर्को वर्ष छिचल्न पर्छ, जहान बढे,' जेठा बाजेले भने।

'दिदीलाई सञ्चै छ, अरू केटाकेटीहरूलाई ?' डिट्ठिनी बज्यैले मसिनो स्वरमा भनिन्।

'सञ्चै छ।'

'केही अरू काम पनि छ कि ?'

'छैन, खालि तिमीहरूको सञ्चो बिसञ्चो के छ भनेर मात्रै। ज्यास्ती सपना पनि घटिया घटिया देखिने, एकबाजि भेटेर जाऊँ भनेर। लौ यो दुई मूठी घिउ राख।' डिट्ठिनी बज्यैले दोलाईंको छेउभित्र ओठ लेप्र्याउँदै हर्पे उचालेर भित्र कोठातिर लगिन्।

(२)

डिट्ठा बाजेले बाहुनीलाई भने, 'जाऊ, माइत पुगेर आऊन त। यो वेला अर्को साथी खोज्नुपरेन। केही केही लाने होभने पनि भरिया चाहिएन। फेरि पछि कोसंग जाने, के के हुन्छ ! आजकल पेट दुख्छ भन्छयौ, हावापानी पनि फेरिन्छ।'

जेठा—'दुख्तैन त पेट ? शहरिया भएर पेट कस्तैनौ, बतास पस्छ, अनि पेट दुख्छ। लौ खाँडीको पटुकाले मसक्क पेट कस त, अनि दुख्छ ?'

डिट्ठा—नैनसूतको मात्रै कसिदिए हुन्थ्यो खाँडीको पटुका !' अनि बाहुनीतिर फर्केर भने, 'अँ भनन के गछ्र्यौं ?'

डिट्ठिनी—'भो सक्तिनँ, अस्ति एकादशीको दिन त्यति पशुपति पुग्दा त पैताला त्यसै पिलिइरहेछ। अब त्यत्रो बाटो उकालो ओह्रालो संछ्दैमा आँग जिरिङ्ग गरेर आउँछ।'

जेठा—'जीउ त्यसरी बिगार्ने हो त ? अहिले पो शहरमा छौ, कुटो कोदालो गर्नु छैन, भइराख्या छ। आखिर आफ्नू जन्मथात नगई हुँदैन। उहाँ काम नगरी खान पाइँदैन। अहिल्यै जीउ बिगारेर के गर्छौ ? डाँडाँ काँडा चढ्नुपर्दछ, उकालो ओह्रालो हिंड्नुपर्दछ, बानी लगाउँदै गर्नुपर्दछ। परारसम्म वनबूटो गरेकी मान्छे अहिले यसो भन्नुहुन्छ ?

डिट्ठिनी बज्यैले बाहुनको मुखमा हेरेर खिसिक्क हाँसिन्।

'अं त नि, यहाँका मानिस सबैले त्यस्तो बानी बिगारिसके, अब कसोरी खालान् त, ढिंडो पनि पाउँदैनन् कि त हँ दाई ?' डिट्ठाबाजेले अलि उपहासपूर्ण हाँसोमा दाजुको मुख हेरेर भने।

यस्तो कुरा हुँदै थियो, डिट्ठा बाजेलाई खोज्दै उनको साथी आयो। शीतल वनको काखमा उम्रेर पाकेका ती बूढालाई नव्य वक्रसभ्यताको संसार के थाहा थियो र ? उनी आफ्नै सुरमा साइनो खोली खोली कुरा गर्थे। साथीचाहिंले एक पटक बूढाको अर्को पटक डिट्ठा बाजेको मुखमा हेरेर सोधिहाल्यो, 'यो को हो नि ?' डिट्ठा बाजेले अलि कालो मुख लगाएर हतपत मन सह्मालेर भने, 'जिमिगु च्यय ख।'

साथी साथीमा एकछिन कुरा भएपछि साथी गयो। डिट्ठा बाजेले दाजुसंग रिसले मुरमुरिएर भने, 'यो उहांको जस्तो पाखे ठाउँ हो ? मानिस आएको वेलामा अर्को कोठातिर जानुपर्दैन ? अथवा बसे पनि चूप लाग्नुपर्दैन ? कराइरहने ? को आउँछ कस्तो आउँछ, ! फुस्रो तिघ्रो पसारेर.........'

जेठा बाजे बिहान आइपुगेका थिए बेलुका त घर फर्किहाले। भोलिपल्ट फेरि गाउंलेहरूसंग कति बयान गरे, 'ओहो ! आजकल त क्न् हाम्रो डिट्ठालाई भेट्न कस्ता कस्ता मान्छे आउँदा रहेछन् , हामी त त्यो वेला उसको कोठामै पस्न नहुने रहेछ, म पाखेलाई त त्यो थाहा भए पो। बसिरहें, पछि कति भन्यो। जन्मेछ, बङ्शको उद्धार गर्ने छोरो त्यही एउटा जन्मेछ। आफ्नो भाई भनेर फुइँकी उडाएको होइन, जाओ देख्छौ उसको चर्तिकाला।'

फेरि यसरी कति पटक भेट्न आए कति पटक फर्किए कसले गनोस् ! ४ व़र्ष बित्यो।

(३)

डिट्ठिनी बज्यैले भनिन्–'अलिकति कीलाले खोस्याएछ अस्ति ल्याएको चोलो नोकर्नीलाई दिऊँ है ? अल्पकाको।'

'त्यति यसो सियोले टिपेर लाउन हुन्न र नोकर्नीलाई दिन्छयौ ? तिम्रा फाटेर काम नलाग्ने भएका लुगा पाए घरमा

जेठानी दिदीहरूलाई तीजमा लाउन हुन्थ्यो ! साह्रै उम्लन हुन्न त !'

'हुन्थ्यो पनि, भारीले ठेला परेको तिनीहरूको आङमा यस्तो चोलो एक दिनसिवाय टिक्ने थिएन पनि। यस्तो अल्पकाको चोलो पाए त नाची नाची लाउंदा हुन् नि, तीजमा दशैंमा। दिन्थें ती आँठेहरूलाई त। बरु मेरै नोकर्नी लाउंछे नि, ला मङ्गली ! यो चोलो। भरे गोडा मिच् है ? लौ, जेसुकै भनि- रहनुहोस् दिएँ मैले त ! कति काम गर्छे नि विचरा। साँची हेर्नोस् आज राति सपनामा म ठूला ठूला पहाडबाट खसेकी रे, त्यहाँ- बाट पनि खोलामा परें रे, खोलाले फेरि तलतल बगाउँदै लग्यो रे। के के यस्तो सपना देखें, के हुन्छ कुन्नि ! धमिलो पानीले डर लागिरहेछ।'

'म पनि आजकल सपनामा खराप खराप देख्छु, जे हुन्छ होस्।

डिट्ठा बाजे बाहिर गएका थिए बेलुका त एक मूठो नोट ल्याएर बज्यैलाई दिए। बज्यैले दङ्ग परेर राखिन्। हुनत के दङ्ग पर्नु थियो ? यस्तो त कति थन्क्याइन्, कति थन्क्याइन् डिट्ठिनी बज्यैले। भए पनि धनको मोहनी अपार हुँदैन र ? त्यसमा कस- लाई तृप्ति आउँछ ? किन दङ्ग नपरून् ? भोलिपल्ट शनिश्चरवार- को दिन थियो, खसीको मारामार चल्यो। धूमधाम हर्षमनाउ भयो। दिन बित्यो आनन्दसँग डिट्ठा बाजे सुते।

त्यो नोट उसै आएको थिएन। न्यायवञ्चित कुन आत्माको करुण पुकार सुन्न नसकेर दैवले प्रत्यक्ष दसीको निमित्त डिट्ठा बाजेको हातमा त्यो पारिदिएको थियो। मानो त्यो न्यायको एक भीषण आमन्त्रण थियो, त्यसले एउटा काम नगरी किन छोड्थ्यो! आकाशको न्यायालयमा अन्धकारको कित्ता पल्टाएर ज्योतिमय नक्षत्र ताराहरूले नजाने के छलफल गरे, उहाँ न्यायालय उठ्यो। स्वर्गको हावा एकबाजि पृथ्वी छोएर सन्न बह्यो। कुनै दूर शून्यबाट एउटा विभीषिका शब्द आयो—'कहाँ भाग्लास्!'

'क्या माऱ्यो खराप-खराप सपना देखिएर। केही बिगार्न सक्ने होइन—' भनेर भुतभुताउँदै डिट्ठा बाजे बिहान उठे। उत्तिखेरै उनको कानमा 'डिट्ठा बाजे! डिट्ठा बाजे!' भन्ने आवाज पऱ्यो। उनी हत्तपत्त तल ओर्लिहिए। देखे उनै आफूलाई सधैं ढोगिदिने सिपाहीहरू तीन जना। उनले हाँसेर आँखा मिच्तै भने, 'कहाँ आइस्, मानबहादुर, धले, साने?'

उनीहरूले टप्प समातेर 'लौ हिंड बाजे' भने। बिचराले माथि गएर लुगासम्म उन्ने प्रार्थना गरेका थिए, पाएनन्। जीउमा केवल एकसरो भोटो-सुरुवाल थियो। सरुद्ध स्वरमा 'ए टोपीसम्म खसालिदे,' भनेर भयालतिर फर्केर मागेका थिए। त्यही वेला डिट्ठिनी बज्यैले खोजिमर्दा पनि टोपी पाइनन्। 'धेरै बेर गोलमाल गर्न पाइँदैन,' भनेर सिपाहीहरूले घिच्याइहाले।

हिजोसम्म त्यही बाटो हिंड्दा डिट्ठा बाजेको कुन ढाँचा थियो। आज न शिरमा टोपी छ, न पैतालामा जुत्ता।

(४)

यता डिट्ठिनी बज्यैले विचार गरिन्, त्यतिको रुपियां त्यसै आउँथ्यो ! के काम बिराउनुभएको रहेछ पक्रेर लगे। अवश्य भरेसम्ममा यी ट्रङ्कहरूलाई पनि खोल्न नआई छोड्दैनन्। अब मैले बठ्याइँ गरिनँभने जे भएको सम्पत्ति स्वाहा हुन्छ।'

अनि डिट्ठिनी बज्यैले २-४ सय जति बाँकी राखिन्, अरू जे भएको रुमालमा पोको पारिन् र चिनेको साहूकहाँ मायालाग्दो गरी इतिवृत्ति सुनाएर शपथको भरमा राख्न दिइन्।

दुनियां मौका न हेर्दछ ! आखिर बज्यैलाई साहूले 'सपना देख्यौ !' भन्न थाल्यो। उता डिट्ठा बाजेको जागीर उड्यो, १८ सय दण्ड लाग्यो। दण्ड केले तिर्ने ? डेरामा झारझर गर्दा र डिट्ठिनी बज्यैको कानको गहनासमेत गर्दा बल्ल बल्ल ८ सय जति निस्क्यो। अरू तिर्न नसक्ता अगत्या डिट्ठा बाजेले घरको खेत समेत लेखेर दिनुपर्‍यो। अब शहर बसून् जागीर छैन, जहान पाल्न अर्को पेशा छैन। पहाडतिर लागून् भएका २-४ फोगटा पनि कागतमा चढाइहाले। हेर दिनको परिवर्तन ! अघिका डिट्ठा बाजे त अब गिट्ठा बाजे भए !

उता गाउंको ठाउँ, शहरमा सूसा देखेभने हात्तीको बयान गर्छन। त्यसमा पनि अलिकति भएको कुरा गर्न पाएको। 'अँ...

डिट्ठाको त जे भएको सर्वस्व भयो अरे, त्यति भईकन खोरमा पनि हाल्ने कुरा थियो अरे, पछि राजाबाट माफ पाए अरे। यस्तो यस्तो हल्ला सुन्दा उसै त जेठा बाजे, हामफाल्दै शहर आइपुगे।

(५)

जेठा—'के गर्नु त बाबु! दैवले हरेपछि, चित्त बुझाउनुपर्‍यो अब।'

डिट्ठा—'के चित्त बुझाऊँ? त्यत्रो संपत्ति त्यसै बग्यो। अब यी बालबच्चालाई के खुवाऊँ? दसैं आयो, नाङ्गै छन्। के लाउन दिऊँ!'

जेठा–'छि: तैंले के पीर गरेको! आफ्नो घर छैन कि? यति जहान थर्पिंदा खान पुग्ने खेतका फोगटा छैनन् कि,बारी छैन कि? तँलाई लुगाको पीर पर्‍यो हैन? घरमा गएर तलामा हेर् त, तेरी भाउज्यूले बुनेका खाँडी कति थान मिल्किरहेका रहेछन्? यति जहानले लाएर सकिने छ? मनमा सन्तोक गर्। कुनै कुराको फिक्री नगर्। त्यत्रो गोठ छ। गोरस छैन भन्नु छैन। आफू काममा मन लाग्छभने कहिलेकहीं मेलामा गएर उभिई। कसै पनि तँ उभिए धाक हुन्छ। नत्र काम चलेकै छ। केही बितेको छैन पिंडीमा बस्,मन लागेको गर्,छुट्टिएको दाजु भनेर मलाई पनि अर्को ठान्न लागिस् भने धौताले तँलाई सराप्लान्। मेरो र

भाउज्यूको आंसुले तँलाई भलो गर्नेछैन। बुहारी! लौ ठीक पर। आजै घर हिंड्नुपर्दछ, घरमा दिदी त्यसै बिलखबन्द परेर रोइ-रहेकी छ। के पीर पाछ्यौं?'

यो कुरा सुनेर डिट्ठा बाजेले आँखाभरी आंसु लिएर दाजुको दुइ पाउ समातेर भने, 'दाजु! मेरो अहिलेसम्म केही अपराध भए क्षमा गर्नुहोस्। त्यो घर मेरै हो, ती बालबच्चा पनि मेरै हुन्। आमा जस्ती भाउज्यू हुनुहुन्छ, बा जस्तो हजूर। म कुनै पीर लिन्नँ। अब त्यही प्यारो घरमा गएर बस्छु।'

मेरो काले

(१)

मेरो घर अलि एकलासमा थियो नगीचै ठूलो जङ्गल, बाघ भालुको डर त छँदै थियो। त्यसमाथि चोरको पनि जगजगी भइ-रहन्थ्यो। यसैले केही मद्दतको निमित्त घरमा कुकुर पालेको थियो। त्यो कुकुर भोटे कुकुरको खच्चड हो। खच्चड भए पनि त्यो बिजुली जस्तो टाठो, देख्ता निखर कालो, सल्कायिलो चिल्लो, डरलाग्दो टाउको भएको थियो। आँ...गरेर मुख बाउँदा त त्यसै निल्छ कि जस्तो चिनारुहरूलाई पनि तर्साइदिन्थ्यो। दिनभर पिंडीमा गुडुल्किएर निदाए जस्तो नबिउँके जस्तो गरिरहन्थ्यो। राती भुक्तै चारैतिर घुमेर घरको रखवारी गर्थ्यो। नचिनेको त मुसोसम-लाई पनि आउन दिंदैनथ्यो। आइहाले पनि फेरि चलन चलब-लाउन बन्द गरिदिन्थ्यो। म कतै जान लागेंभने कहिले अघि अघि, कहिले पछि पछि मेरो संरक्षक भएर हिंड्थ्यो। 'जा काले!' भनेपछि घर फर्किएर फेरि आफ्नै ठाउँमा बसि-रहन्थ्यो। म बाहिरबाट आउँदा परैबाट गन्ध पाउँथ्यो र लिन आउँथ्यो, अगाडि भएर आफ्नो भक्तिको नृत्योत्सव देखाउँदै घर आइपुग्थ्यो। घरमा पुगेपछि मन्द 'कुइंकुइँ' गर्दै गोडामा लुट-पुटिन्थ्यो, आफ्नो भाषामा काम बताउँथ्यो। त्यसको खान-पीनमा म विशेष हेरचाह गर्थें यसैले निकैन मोटोघाटो पनि थियो।

कहिले साङ्लाले बाँधिदिन्थे, कहिले त्यसै छोडिराख्थें। छाडा भएको वेलामा प्रसन्न भएर कहिले पाडा बाच्छाहरूसंग उफ्रन्थ्यो, कहिले केटाहरूसंग आंगनमा खेलिरहन्थ्यो। कहिले पिंडीमा बसेर त्यसै सुखको अर्धचैतन्यतामा उडिरहन्थ्यो।

(२)

अचानक त्यसलाई लूतोले पक्र्यो। कम होला भन्दाभन्दै आजभन्दा भोलि भोलिभन्दा पर्सि कुकुर गल्दै गयो। जीउमा रौं भन्नु एउटा छैन। देख्तै घिनलाग्दो भएर आयो। आउने जानेहरू नचिनेर चकित स्वरमा सोद्धथे, 'के यो उही बिजुली हो ?' हरे ! त्यसको शोचनीय दशा ! कहिले फनफन घुम्छ, वेदना खप्न नसकेर। कहिले आफ्नो पुच्छर, खुट्टा, भुंडी जताततै ङ्याक ङ्याक टोक्छ, छरछर रगत काढ्छ, त्यो फेरि आफैं चाट्छ। कहिले आंगनको वरिपरि दौडिरहन्छ, कस्तो करुण ! कस्तो बीभत्स ! छोरोभन्दा फरक नगरीकन पालेको कुकुर अघि कस्तो थियो, अहिले कस्तो भयो। कहिले केही खान लाग्छु, उही अघिको जस्तो गरेर रोमशून्य बीभत्समय पुच्छर हल्लाउँदै अगाडि नै आएर टुलुटुलु हेरिरहन्छ, र्‍याल चुहाउँछ जीउ पर्सिदिन्छ। त्यसका दुष्ट परमाणुमय हावाले मलाई पूर्ण बीभत्सको अनुभव गराइदियो। फेरि जहाँ बस्यो, उहीं तपतप रगत चुहाउँछ। यहाँ बस् यहाँ नबस् भनेर मान्दैन। अघि उसले चर्चेको जति ठाउँ चर्चन नै बल गर्छ। त्यति हुँदा पनि भैगो बसोस् भनें साबिकको खान दिएर राखेकै थिएँ। त्यसको

लूतो सरेर घरका सब केटाकेटी पनि कुहिन लागे। अनि त्यस-लाई घरमा नराखेर पर धनसारमा बाँधेर खान दिने गरें। तर नौलो ठाउँमा बस्नुपरेर हो कि व्यथाकै पीरले हो कि रोएर कराएर घरैमा बस्न दिएन। एक त कुकुर रोएको साह्रै अल-च्छिन भन्दा रहेछन्। सबैले मलाई गाली गरे, 'यस्तो कुकुर पनि राख्नु !' अनि बाँध्न छोडिदिएँ। फेरि घरैमा आएर साह्रै दुःख दिन थाल्यो। त्यसको जीउबाट चुहिएको रगतले छीङ्ग भन्किएर घरमा बस्न भएन। जताततै दुर्गन्धमय हावा चल्न लाग्यो। कुटेर लगाऊं माया लाग्छ, नलगाऊँ सर्वनाश गर्न लाग्यो। विचार गरें—छोरोलाई महारोग आयोभने त्यसलाई पनि त निकाल्नु नै पर्छ ! अरूलाई बचाउनको निमित्त।' अनि कुट्टूं कुट्टूं गरे, तैपनि कुटिहाल्न सकिनँ। 'जता खान पाउला, उतै जाला' भनेर खान दिन छोडें। एक दिन, दुई दिन, तीन दिन खान नदिंदा पनि त्यसले घर छोडेन। मायाँ लाग्यो, फेरि खान दिएँ। फेरि दुःख दिन थाल्यो। 'रोगी भए आफ्नै औंला त काट्नुपर्छ,' भनेर साह्रै आजित परेको हुनाले स्नेहको असंरुद्ध प्रवाहलाई बलात् थुनेर त्यो कुकुरलाई मार्ने सुर गरें। तर राम्रो मौका नै परेन, जहाँ पायो उहीं रगत छताछुल्ल पारेर के मारूं, उ सितिमिति आंगन छोड्दैन, त्यत्तिकै थियो।

एक दिन राती करीब १० घडी बितेको हुँदो हो, घरमा चितुवा आएछ। भोलिपल्ट पो पाइला देख्ता थाहा पाएँ। अघि कतिचोटि त्यस्ता चितुवा लगारेको कुकुर ! त्यस वेला त 'कुइँ

कुइँ' गर्दै मेरो गोडामनि आएर बस्यो , मुखमा मायालाग्दो गरी हेरिरह्यो ! म घरभित्र, अगेनाको छेउ, मूल ओछ्यानमा सुतेको थिएँ। घरभित्र त त्यो अघि कहिल्यै पस्दैनथ्यो । त्यो वेला के गरोस् ! चितुवासंग भिड्ने सामर्थ्य त्यसको थिएन। प्राणरक्षाको निमित्त शरण पर्न आएको रहेछ । मैले भने त्यस वेला त्यो केही विचार गरिनँ। 'लौ ओछ्यान ओछ्यानमा पनि आउन लाग्यो अब त !' भनेर एउटा अगुल्टोले तर्साउँदै बाहिर निकालेर ढोका बन्द गरिदिएँ। अनि एक चिलिम तमाखु खाएँ, सुतें ।

राति अचानक त्यही कुकुरले अकैं रूपमा आएर मलाई भन्यो—'शरणको मरण गरिदिनुभयो, मैगो। मैले यस्तो ठानेको थिइनँ। तपाईंले आफ्नै हातले मलाई चितुवाको हातमा दिनुभयो ।

अनि म 'हँ, के भनिस् ?' भनेर उठें । मेरो काले ! भन्दै के दुइ पाइला अगाडि बढेको थिएँ, झल्याँस्स भएँ । मनमा केही शान्ति भयो । तैपनि भित्र कस्तो कस्तो लागिरह्यो—'हैन, साँच्चै चितुवाले लगिहाल्यो कि त ?' राती निकै बेर निद्रा लागेन। फेरि एक मन त छँदै छ, 'क्या दुःख दिइरहेछ, यो मोरालाई…।'

दैवसंयोग ! चितुवा आईकन पनि त्यो कुकुर चितुवाको मुखमा परेको रहेनछ। भोलिपल्ट विहान देखें, कुकुर घरकै पिंडीमा सुतिरहेको थियो।

(३)

दशा सधैं एकनास हुँदैन। वर्ष सकियो, साथसाथै कुकुरको लूतो पनि हराउँदै गयो। एत्तेरी ! भन्दाभन्दै हिउँदमा त जस्ताको

तस्तो भइहाल्यो । फेरि अघिकै जस्तो घरको करौँसा करौँसामा भुक्तै रात बिताउन थाल्यो । रात दिन ढोका खुलै राखे पनि न चोरको डर, न त कुनै घाती जन्तुहरूको । एउटा बलियो, सङ्गीन चढाएर बसेको पहरेदारको काम दिन थाल्यो ।

अर्को वर्ष गर्मीको याम थियो । मलाई औलिया ज्वरोले भर्खर छोडेको मात्र थियो । जीउमा कत्ति पनि ताकत थिएन ! देख्ता कागतकै मान्छे भइसकेको थिएँ । पल्लो गाउँ विवाहको निमन्त्रणा मात्र सब जहान गएका थिए । म एक्लो घर कुरेर बसेको थिएँ । करीब १०-८ घडी रात बितेको हुँदो हो । बाहिर-पट्टि खोरमा दुइटा बाख्रा बाँधेको थियो । तिनलाई दार्न गजबको बाघ आएको रहेछ । बिचरा कुकुरले थाह त पाएको हो; तर बाघको अगाडि एउटा खच्चरको के जोड चल्थ्यो ! आफू बच्नका निमित्त पुच्छर लुकाएर कुकुर घरभित्र पस्यो । बाहिर अलि आत्तिएको स्वरमा बाख्रा कराए । मैले ठानें—'लौ चोरले बाख्रा घिस्याउन लागेछ क्या र !' अनि म सकी नसकी हत्तपत्त गरेर खोरनेर पुगेको मात्र थिएँ—मानो कालै जस्तो डरलाग्दो बाघलाई देखें । नजीक परिसकेको हुनाले म एकदम कहालिएँ। भाग्न त मन थियो, तर पटक्क गोडा अगाडि सरेन । पहिले भागेरै पनि त नउम्कने वेला, बाघले झंटिहाल्यो । तर मतिर झंटेको मात्र थाहा पाएँ, घाँटीमै समातेको चाहिं थाहा पाइनँ । त्यति मात्र होइन, झंटेपछिको भीषण घटना के भयो त्यो पनि थाहा पाइनं । कारण—म मूर्छा परेंछु ।

केही बेरमा म उठें। जुनेली रात छ। जूनको उज्यालोमा बाख्रा खोरभित्र उग्राइरहेका छन्। मलाई कुनै स्वप्नको देशमा पुगे जस्तो लाग्यो। अघि अगाडि कस्तो भीषण मूर्ति थियो, पछि त्यो छैन। तैपनि मन भने एक छिनसम्म उत्तिकै आत्तिइरह्यो। नगीचै कतै पो मौका हेरिरहेको छ कि ? यही मात्र शङ्का लागिरह्यो। मुटु बढ्ता चलेको आफैंलाई अनुभव भइरहेछ। त्यो कालमूर्ति कता गएछ त ! यो जिज्ञासा पनि छ, तर त्यसभन्दा बढ्ता दौडेर घरभित्र पसी आनन्दको लामो सास फेरेर धोको फेर्न इच्छा छ। एक छिनपछि थरथराउँदै घरभित्र पसें र ढोका बंद गरें। अनि मलाई पूरा विचार गर्ने अवसर आयो, तर ती विचार पनि आधा त त्यही भयानक घटनामा मुछिएर तर्साउँदै थिए। धेरै बेरसंम निद्रा लागेन। त्यही कुकुरलाई मनमनै गाली गरिरहें—'खानको मात्र काल ! यस्ता भुसिया संगेटेर के गर्नु ! त्यो आएछ र पो भित्र लुक्न मरेको रहेछ। भुकेको मात्र भए पनि अलिकति सन्को पाउन्नथें ! कस्सो ज्यान गएन। मोरालाई भोलि नमारी छोड्दिनं। पोहोर त्यस्तो घरभरी उपद्रव मच्चायो र पनि कुट्न सकिनं, मार्नु त परै जाओस्। त्यही गुन देखाएको होला भुसियाले। यस्तालाई के राख्थें ! इत्यादि……!'

बिहान उठें। ढोका उघार्दा फेरि त्यही झल्का लाग्यो—'कतै पिंढीमा त कुरिराखेको छैन पापीले !' फेरि बल्ल घाम लागेको देख्ता आफ्नो मनलाई आफैंले प्रबोध दिएर आँगनमा ओर्लें। विस्तार विस्तार बाख्राको खोरनेर पुगें। त्यहाँ यसो भूईं हेर्छु त

कतै नङ्ग्रै नङ्ग्राले उधिनेको, कतै जीउले मोडेको, कतै साना पाइला, कतै अलि ठूला पाइला, पाइलैपीछे रगतका थोपा चुहिएका रहेछन्। अनि त्यो पाइलो नछोडीकन गएँ। कराँसामा बिचरा उही कुकुरलाई लडिरहेको देखें, जीउको सब भुत्ला रगतमा मुछिएको, घांटी फुटेको। मैले त्यो घटनालाई यथार्थ बुझें—जुन वेला त्यो पापीले मलाई झम्टियो, म त मूर्छा परिहालें, त्यसले मलाई छुन नपाउँदै बीचैमा बिजुलीको वेगमा यसले बाघलाई झंटिएछ। त्यसैले पो मलाई छोडेर बाघ यसपट्टि लागेछ त! अनि यिनीहरूकै द्वन्दयुद्धमा मेरो प्राणले बच्ने औसर पाएछ।

आफ्नो निमित्त त यो अगाडि नै भागिसकेको थियो। जुन फेरि बाघमाथि आक्रमण गऱ्यो त्यो त सर्वथा मेरो निमित्त आत्मसमर्पण हो। तर के गरूँ, यस्तो जीवनदान पाएको वेलामा पनि त्यत्ति कुराले गर्दा मैले यत्ति पनि संतोष लिन पाइनँ कि—यस्तो आदर्श स्वामीभक्तलाई फेरि जीवित देख्न पाइनँ, प्रेमको पुरस्कारले सिंगार्न पाइनँ। आज ४ वर्ष बितिसक्यो र पनि झलझल संझेर अझ म भन्दैछु 'मेरो काले! धन्य उज्वल प्राण तेरो!'

———

परिणाम

(१)

डाक्टरको उमेर थियो ठीक ४८ को । भए पनि २८ हातसंम परबाट हेर्दा त भान हुन्थ्यो—उनी २०—२१ का होलान् । कारण गालाका सब चाउरीहरूलाई क्रीम पाउडरहरूको कृत्रिम शृंगारले सकेसम्म दबाएको । लुगा खातका खात लगाएर शरीर पुष्ट देखाएको थियो । डाक्टरलाई बाहिर निस्कने लुगा लगाउन करीब पौने दुइ घण्टा लाग्दथ्यो । लुगा लगाइसकेर ऐनामा हेर्न पन्ध्र मिनट । कोठाभित्र मात्र हैन, बाहिर पनि ठूलो ऐना टंग्याएको थियो । उनी बाहिरबाट आएर एक पटक त्यो ऐनामा मुख नहेरीकन र जेबको रुमालले भने जस्तो गरी पुछेर मुख नबनाईकन कोठाभित्र डाक्टर्नीसाहेबसंग भेट गर्दैनथे । अझ गजब थियो—उनलाई बाहिर हिंड्दा जति फेशन मिल्नुपर्थ्यो, घरभित्र पस्दा त्योभन्दा बढ्ता । घर सडकैमा थियो । घरको चौथो तलामा डाक्टरसाहेबको कोठा । डाक्टर्नीसाहेब त्यो कोठाबाट तल्लो तलासम्म पनि ओर्लन पाउँदिनथिन्, जरूरी काम नदेखाईकन । आफू बाहिरबाट आउँदा झ्यालको पर्दा अलिकति मात्र ठाउँबाट सरेको थाहा भयोभने डाक्टरको मुख अङ्गार जस्तो हुन्थ्यो । उनको त्यो असीम वैमनस्य चेहरामा मात्र उत्रन्थ्यो, न कि

शब्दमा। डाक्टरको त्यो क्रुद्ध आवेशले डाक्टर्नीको अधरमा मन्द हास्यको स्पन्दन हुन्थ्यो। उनी पनि डाक्टरको उपर करीब करीब मनोवैज्ञानिक भइसकेकी थिइन्। तर यस्ता वैमनस्यजनक घटनाहरू डाक्टरले कतिचोटि पाए, हृदयभित्र नै राखे। नजाने किन हो उनको मुखबाट त्यसको निमित्त विरोध शब्द स्पष्टतया कहिल्यै निस्केन। यिनको जीवन प्रायः विलासप्रधान थियो। यसैले यिनी चल्तीका डाक्टर पनि थिएनन्। आफ्नी स्वास्नीका उपर यिनी बडा परिहासप्रिय थिए। डाक्टर्नीको उमेर थियो १८-१९ को। उनी सधैं फेशनेबुल फेशनमा बस्थिन्। कृत्रिम सौन्दर्य मात्र हैन, प्राकृत सौन्दर्य पनि उनमा दैवले भरिदिएको थियो। डाक्टरको उनमा प्रेम थियो असीम, साथसाथै अर्को कुनै भाव पनि। उनको डाक्टरमाथि प्रेम थिएन, स्नेह पनि अलिकति मात्र थियो, भक्तिचाहिं पूर्णमात्रामा। डाक्टरको एउटा व्यसन जस्त भइसकेको थियो, उनी बाहिरबाट आउनेबित्तिकै स्वास्नीलाई एउटा छोटो कहानी सुनाउँथे, "आज फलानो ठाउँमा यस्ती षोडशीले मलाई यसरी हेरी।" त्यो सुन्दा डाक्टर्नीसाहेब मुस्कुराउँथिन्, उनको हृदयमा पनि केही विकृति आउँदैनथ्यो। डाक्टर नजीकै बसेर डाक्टर्नीको मुखमा अतृप्त दृष्टि दिइरहन्थे। तर डाक्टर्नीको पनि दृष्टि आफ्नो आधा फुलेको कपालतिर पर्‍योभने उनी रुस्कन्थे र हत्तपत्त उनको ओठ चल्न नपाउँदै अर्को कुरा झिकेर उनको दृष्टि फर्काउने कोशिश गर्थे।

एक दिन डाक्टर एक्लै कोठामा बसेर ऐनामा आफ्नो मुख

हेरिरहेका थिए। डाक्टर्नी भित्र आएकी उनलाई पत्तै थिएन। उनी एउटा कुनाबाट लोग्नेको चियो गरिरहेकी थिइन्। उनको अवस्था त नवीन कौतुकमय न थियो! डाक्टरचाहिं आफ्नै भावमा मस्त थिए। उनी कहिले आफ्नो मुखमा 'किच्च'गरेर दाँत हेर्थे, कहिले गाला छाम्थे। यत्तिकैमा अवक्कटमा उनको माथिल्ला-पट्टिको दाँत दुइटा खस्यो, त्यो पुरानो झिकेर उनले अघि फेरेको थियो। त्यो दाँत झिकेको वेलामा उनी ७० वर्षका बूढा जस्ता देखिन्थे। डाक्टरले अघिल्ली स्वास्नी मरेर दोस्रो बिहा गरेको नै साढे तीन वर्ष भइसकेको थियो। उनले त्यहाँसम्म त्यो आफ्नो वार्धक्यजनक अङ्गविकृति स्वास्नीको अगाडि प्रकट गरेका थिए-नन्। त्यसैले 'कतै यो पत्ता लाग्ला' भनेर डाक्टरले हत्तपत्त उठेर दायाँ बायाँ नहेरीकन कोठाको ढोका थुनेर आफ्नो ठाउँमा गएर फेरि दाँत मिलाउन थाले। उनको छाती केही धडकिरहेको थियो। यत्तिकैमा नजीकबाट'खितिति' उच्च हाँसो कानमा बज्रे जस्तो भएर चड्कियो। उनले झस्केर पछिल्तिर हेरे।

डाक्टर्नीको विश्वस्त आत्मा भन्थ्यो, 'मेरो यौवनको र सौंद-र्यको घेराभित्र यो छ' यस्तो भावना नै स्त्रीजातिको धृष्टताको र सर्वाधिकारको मन्त्रगुरु हुन्छ। ती दुई सम्पत्तिबाट तिनीहरूलाई कत्तिको प्रमत्तपन आउँछ, तिनीहरूको जीवन कत्तिको भयानक र दुष्परिणामको निश्चित सूचना हुन सक्छ यो कुरा हामी जस्ता आधुनिक सभ्य मानी दुनियाँको भविष्यदर्शिताको शक्तिभन्दा धेरै टाढाको कुरा छ, त्यसैले प्रेमको असत्य विश्लेषण गर्ने आफू-

लाई ठानेका छौं, प्रेमको सत्‌रूप परिचय गरेर त्यस्तो प्रेमबाट हजारौं मधुनिर्वृति हात लगाइरहेछौं, उसको कहानी केवल प्रेमले उब्ज्याएको हुन्छ, त्यसैले प्रेमलाई नै जीवनको प्रधान घटना सम्झेका छौं। कामलुब्ध बूढो कुकुर छाउरीको क्रोधपूर्ण दाह्राधसाइ पाउँदा शायद प्रेमान्ध हृदयमा विलासदन्तक्षतको अनुभव गर्दो हो। शायद त्यसको मुखमा पनि मानुषिक वक्तृता भए त्यो घटनालाई पनि प्रेमको अवान्तर र अपूर्व रूप दिएर प्रवचन गर्दो हो। जरूर त्यसलाई जीवनमा प्रेमको बाहेक अर्को स्वप्न त हुँदैन हो। डाक्टर पनि त्यस्तै हुन्, शायद त्यस्तो नभए पनि डाक्टर्नीको ठट्टाको निमित्त एउटा च्यूली चुसेको वानर त अवश्य थिए। डाक्टर्नीलाई धृष्टता थियो त, उनलाई थियो भित्र ठूलो त्रास ! डाक्टर्नीको परिहास थियो त, उसको थियो त्यही सत्य ! कारण उनको धृष्टता नै डाक्टरको उपर सानो या ठूलै शासन थियो। म यो कुरा पनि भन्दिनँ—'त्यस्तो धृष्ट नारी भए पनि डाक्टर्नी बिलकुल डाक्टरको अदपमा थिइनन्।' साँचो भनूँभने, उनको नारीत्वभित्र त्यही धर्मको प्राण थियो, निष्कलङ्क, जुन आर्यनारीहरूमा सदा विद्यमान छ। तर डाक्टर मन्त्र लागेको सर्प भइसकेका थिए र मात्र उनी त्यो सब बुझेर पनि केही चेष्टा गर्न असमर्थ थिए। खलबलिएको आफ्नो मर्म सह्माल्ने उनलाई होश थिएन। किनभने त्यतिसम्मको धृष्टताले पनि उनलाई अप्रतिकार्य मानसिक व्यथाको शिकार तुल्याइसकेको थियो। उनलाई शंकाको र त्रासको पारावार थिएन।

मनमा जस्तै भए पनि डाक्टरको दिनचर्या त बताइहालें— 'बाहिरबाट आउँदा उनको मुखबाट भाव़पूर्व एउटा छोटो कहानी निस्कन्थ्यो।' डाक्टर्नीको पनि अनेक भावहरूको अध्ययन दिन प्रतिदिन बढ्दै थियो। उनी आज आजकी जस्ती थिइन् त भोलि भोलिकै जस्ती। उनी पनि सधैं डाक्टरका थोत्रा कहानी कति सुनिरहून्! र्‌कों लाग्ने कुरा पनि त हो! एक दिन त मनोवैज्ञानिक थिइन् तापनि लोग्नेको मुटु नै नछामीकन परिहासपूर्ण शब्दमा ओठ लेप्ब्याएर भनिन्—'कुन्नि।'

डाक्टरले यस्तो भाव़व़िरुद्ध व़चन सुनेका थिएनन्। उनको छातीमा 'धप्प' के के आएर जमे जस्तो भयो। हत्तपत्त उनले अकृत्रिम हो तापनि कृत्रिम दृप्त स्व़रमा ढल्न लागेको आफूलाई यथाकथञ्चित् अड्याएर हाँसेर भने—'म अर्की पनि ल्याऊँ त ?

त्यति भन्दा डाक्टरलाई दर्प पनि थियो ग्लानि पनि। उनलाई यो सम्भाव़ना थिएन—'यस्तो मर्मान्त व़ज्राघातमा फेरि अर्को प्रतिकार थपिएला!' तर उनले त्यति पनि भनिसकेका थिएनन्, फेरि अर्को व़ाक्य आएर उनको कानमा व़िषको घडा फुटे झैं उन्निखेरै फुट्यो—'यस्तै बूढालाई!'

यति भनिसकेपछि पनि दुवैको मुखमा उज्यालो हाँसो त तर्किरहेको थियो। तर एउटाचाहिं हाँसोमा हुनुपर्ने प्राण थिएन। मानो त्यो चून पोतेको उज्यालो जस्तो उज्यालो मात्र थियो, व़ास्तव़मा शुष्क, नीरस। यद्यपि डाक्टर साहेब आफ्नो व़िकृत आकार गुप्तीमा निकै सयत्न थिए, तैपनि त्यो प्रयत्नले सर्व़ांशतया

सफलता लिन सकेको थिएन । हृदयमा कालक्रोधाग्नि बलेको मुखमा धूवाँसम्म त के गरी दबोस् । त्यो वेला डाक्टरको मुख कुनै दर्शनीय दृश्य थियो । उनको घाँटीमा सम्म शब्द बजेको अनुमान हुन्थ्यो । नजाने त्यो शब्द फेरि यत्न गरे पनि किन मुखबाट निस्कँदैन थियो ! त्यो वाचाल-चेष्टा, त्यो मूक मौन ! नजाने कुन तत्त्वको दुर्विपाक थियो !

दिन बित्यो, हप्ता बित्यो । जीवनमा डाक्टर्नीले एउटा नयाँ परिस्थिति भोग्न पाइन् । उनले त्यो दिनदेखि फेरि लोग्नेको मुखबाट काल्पनिक थोत्रा कहानीहरू सुन्नुपरेन । त्यो कुरामा उनलाई आनन्द पनि थियो, साथसाथै नजानिंदो वेदना पनि ।

किन हो, डाक्टरको सिंगारपटार उत्तरोत्तर बढ्दै थियो । उनको त्यो उपक्रमले कोसँग सम्बन्ध राख्थ्यो, त्यसमा के आत्मा थियो, यो कुरा अगम थियो । डाक्टर अघि जस्तो घरमा फुर्सत लिएर बसेका प्राय: देखिंदैनथे । उनको चेहरामा हरवखत प्रगाढ सम्भ्रान्तपन झल्कन्थ्यो । उनको मुखमा यत्ति परिमित शब्द थिए—'मलाई फुर्सत छैन ।' घरमा बसेको वेलामा पनि एउटा केही न केही निहुँको किताबसिताब हेरेर अघिको जस्तो परिहास र विनोदको समयबाट बच्ने प्रयत्न गर्दथे ।

(२)

फागुनको वेला थियो । दुइ तीन दिनदेखि नै डाक्टरसाहेब घरमा खालि खान र सुत्न मात्र आउँथे । चौथो दिन भरियालाई

गुएटा कसाई आफू हिंड्नालाई ठीकठाक परीकन डाक्टरसाहेबले स्वास्नीलाई भने-'म वीरगञ्जतिर गएर हप्ता दिनसम्ममा आउँला, बस्नू है !' जाने तीन मिनेटअगिसम्म डाक्टर्नीसाहेबलाई लोग्नेको त्यो उपक्रम थाहा थिएन,यसैले उनमा विस्मय र व्याकुल-भाव-अर्को कुरा कुनै थिएन। यसैले लोग्नेको त्यो बिदाइमा उनको मुखबाट स्वीकृति र अनुमतिको शब्द एउटा पनि निस्केको थिएन। शायद त्यसमा डाक्टरको पनि केही अपेक्षा थिएन। त्यस बखत उनको मुखमा के घाँटीसम्म त जरूर 'किन' आएको हुंदो हो। नजाने त्यो किन ननिस्किएर फेरि उनकै छातीमा हरबखत गुँजेर उनलाई वेदनाको अविरल सन्देश दिइरहेछ ! त्यो दिनदेखि डाक्टर्नीलाई सब दिशा शून्य मात्र थिएनन्, भयङ्कर पनि थिए, दिन दिन मूक बिदाइ माग्दै उनका तेजहरू भाग्दै थिए।

हप्ता दिन बित्यो, फेरि अर्को दिन। नवौं दिन डाक्टरसाहेब घर आए, एउटी नवयौवना षोडशी लिएर। त्यो दिन उनको मुखमा नबोले पनि, त्यसै हर्ष बोलिरहेका जस्ता थिए। आँखामा अर्कै दृप्त सजीवता थियो। मानो कुनै प्रतिकार शब्दको सूचना गर्न खोज्थ्यो—उनको जुँघाशून्य रित्तो ओठको मन्द स्पन्दनले।

दैवगतिले डाक्टरसाहेबकहाँ उनै विलासमय बसन्तका दिन फर्केर आए, जुन अघिकी डाक्टर्नीसाहेबको हृदयस्पर्शी नवोढा वस्थामा आएका थिए। त्यही रीत, त्यही क्रम, त्यही विलास, त्यही परिहास ! डाक्टरसाहेब फेरि नक्कली कृष्ण-चरित्रको अभिनय गर्न

लागे । आघातले मानिसलाई पुरानो स्मृति पनि दिंदो रहेछ । अरू काम त डाक्टरसाहेबका उनै अतीतका अनुकरण थिए, तर कांछी डाक्टर्नीसाहेबलाई त्यस्ता छोटा कहानी भने उनले सुनाएनन् ।

जेठी डाक्टर्नीसाहेबलाई कोठा डाक्टरले आफ्नो साबिकको कोठाभन्दा बायाँपट्टि सानो दिएको थियो । उनी एक्लै कोठामा बसेर किताब हेरिरहन्थिन् । डाक्टर नभएको वेलामा उनलाई कसैले बोलाउन आयोभने साबिकको कोठाबाट मसिनो स्वरमा जवाफ आउँथ्यो—'हुनुहुन्न ।' कांछीपट्टि पनि डाक्टरको शासन कडा नै थियो । भए पनि दिन दिन त्यो शासन जरूरै स्वतः खुकुलो बन्दै गएको थियो । सन्तान भएपछि पो सौता सौताको भाव उनीहरूले राम्रोसँग ओसार्छन् त, नत्र एकै घरमा तिनीहरूको बीचमा सहोदर दिदीबहिनीको भाव आउनु पनि त त्यस्तो अस्वाभाविक के हुन्छ र ? नभन्दै ती सौताको दिनदिन हिमचिम बढ्दै गएको थियो । पछि त हिमचिम मात्र हैन, मेल पनि । शायद त्यसमा के कारण थियो ! डाक्टर नभएको वेलामा दिदी-बहिनी कोठामा हाँस्थे, खेल्थे, चल्थे । डाक्टर आएको पत्ता पाउनेबित्तिकै कान्छीचाहिं आफ्नो कोठामा गएर फेरि नयाँ दुलही भएर बस्थिन् । त्यो कोठाभित्र पसेपछिभने न तिनको मुखमा उज्यालोपन आउँथ्यो, न ओठमा स्मितको थोपासम्म । धृष्टताको हकमा जेठीले बोली बोलीकन आजभन्दा भोलि अभ्यास बढाएर त्यसलाई ल्याएकी थिइन् , उनलाई त्यो कमाउन

जो व़िलम्ब भएको थियो—मन्त्र गुरुव़िना। आज कान्छीलाई मन्त्रगुरु करीब करीब दिदी नै भएकी थिइन्, यसले व़िनासमय व़िपाक, व़िनाअभ्यास उनलाई त्यो धृष्टता सहज प्राप्त भइसकेको थियो। त्यसको रूपनिर्माण त छातीमा भइसकेको थियो, खालि बाहिर निस्कन मात्रको व़िलम्ब। सहजै प्राप्त हुन सक्ने हो तापनि त्यही त थियो डाक्टरसाहेबको निमित्त निःशस्त्र प्रहार! उनलाई त्यसमा कति शंका छ, कति डर, कति वेदना!

डाक्टर कोठामा आफू एक्लै व़िलासको अभिनय गर्थे। तर डाक्टर्नीबाट त्यस उपक्रमको कहिल्यै शुभ स्व़ागत उनले पाएनन्। उनका आँखा ठूला लांचिला थिए। उनी तिनले लोग्नेलाई कहिले चाउरीदार मुखमा, कहिले फुलेको कपालमा टव़ाल्ल टव़ाल्ल हेर्थिन्। त्यो हेराइमा न रसिकपन थियो, न स्व़ीकृतिको सानो चित्र। उनको मुखमा, उनको आँखामा आफ्नो भाव़ बोलाउन डाक्टरले कति यत्न गरे, त्यो सब बालुव़ा पेले जत्तिकै भयो। उनले आफ्नो अनुकूलमा ल्याउन सकेनन्। बोलाउँछन् कति प्यारोसँग—'हीरा!' तर 'हजूर' जवाफ आउँछ, त्यत्ति हो। भला त्यति मात्र भए पनि त्यसमा प्रेमको कति आर्द्रपन आउनुपर्ने हो, त्यत्तिको आशा गरेर डाक्टरसाहेब गला बनाई बनाई सम्बोधन गर्छन्, बेलको पात पट्के कैं मसिनो त्यत्ति परिमित उत्तर शब्द कानमा आएर पड्कन्छ, [त्यत्ति हो। कैयौं महीना बिते, डाक्टरको अविरल त्यो तृष्णा मेटिएन। व़िचरा कहिले स्व़ास्थ्य सोद्धछन्, कहिले के, तर कहिल्यै पनि आफूले चिताएको त्यो मधु

पाउँदैनन्, उनी पाउँछन्--उनै परिमित रसशून्य एक दुइ शब्दको झंकार।

के लाग्दो रहेछ। चीज त डाक्टरले पाएकै हुन्। तर त्यो उनले बलजफत पाएका थिए कि, भाग्य प्रकृतिको मंजूरीले पनि पाएका थिए, या त कर्मको! त्यो कुरा सच्चा दैवलिपि तिनको निधारमा कसले हेरिदेओस्! बिस्तार बिस्तार उनी आफ्नू प्रयत्नसँग आफैं हारिसकेका थिए। पछि उनलाई जति आसक्ति थियो, थोरबहुत विरक्ति पनि थियो। त्यो विरक्तिलाई पश्चात्ताप पनि भन्न सकिन्थ्यो, वेदना पनि।

(३)

सधैं आफू बाहिरबाट आउँदा शब्दशून्य काठको मूर्तिसम्म देख्न पाउँदा पनि डाक्टरलाई सानो आनन्द थिएन। उनको निमित्त त्यो ठूलो सौभाग्यको कुरा थियो। अफसोस! त्यतिसम्म पनि उनलाई दैवले सहेन! पछि उनी आउँदा आफ्नो कोठामा कांछी डाक्टर्नीसाहेब कहिल्यै पनि बसिरहेकी हुन्नथिन्। उनी आएको एक रत्ती पनि नगनीकन दिदीबहिनीको गुमस्ता दिदी-चाहिनेको कोठामा ज्यों का त्यों जमिरहन्थ्यो। उनी लोग्नेले एक दुइपटक ठूलो शब्दमा कराएपछि मात्र आफ्नो कोठामा आउँथिन्, त्यो पनि प्रभाशून्य उदास मुख लिएर। यो कुरा डाक्टरको निमित्त सानो मर्मान्त वेदनाको कुरा थिएन। तर त्यो वेदना उनी कसरी प्रकट गरेर फालून् र! परिस्थितिले गर्दा मुटुभित्र लुकाएर उनले त्यसलाई राख्नैपरेको थियो। शायद उनी एकान्तमा बरु आफ्नै पुर्पुरो हान्दा हुन् पनि।

दुइ चार दिनपछिको कुरो हो। त्यसै गरी डाक्टर बाहिरबाट आए, आफ्नो कोठामा लामो सास फेरेर पसे। उता कोठामा दिदीबहिनीको अट्टहासपूर्ण खासखुस चलिरहेको थियो। डाक्टरले 'हीरा' भनेर दुइ तीन पटक बोलाए। जवाफ आएन। उनले बोलाएपछि उताबाट 'गल्ल गल्ल' हाँसो हावाले उडाएर उनको कानमा ल्याएर पोखिदिन्थ्यो। यत्तिकैमा डाक्टरको रगत नसा नसामा उम्लिसकेको थियो। भए पनि त्यो सन्तप्त भाव देखाउन उनलाई आफ्नो शिक्षितपनले भित्रभित्रै निषेध गरिरहेको थियो। भए पनि उनले बल्ल बल्ल आफूलाई प्रकृतिमा ल्याएर कृत्रिम आदरपूर्ण स्वरमा चौथो पटक भने—'आऊन हीरा !'

त्यो पटक त उताबाट पनि शब्द आयो, तर डाक्टरको सतृष्ण भावलाई मारेर—'किन आउनुपर्‍यो, एक्लै बसिरहनू नि'।

डाक्टरपट्टिबाट फेरि बोलावट भएन। किन हो डाक्टरले ठूलो आवाज आउने गरी कोठाको ढोका थुने र भित्र बसे, तर चुकुल त लगाएका थिएनन्। एक छिनपछि हीरा उठेर आइन् र त्यो कोठाको ढोकानेर आएर मसिनो कृत्रिम स्वरमा भनिन्, 'म भित्र आउन हुन्छ ?'

डाक्टरले त्यो सुनेर आफ्नो मुखमा आएको शब्दलाई बलात् फेरेर भने, 'किन नहुनु, आऊन।' हीराले ढोकाको फल्लेंटालाई छुँदै नछोईकन बल्ल बल्ल हाँसो रोकेर भनिन्—'एकान्तमा दाँत फुकाल्नुभएको छ कि भनेर।' उनको त्यो पछिल्लो शब्दलाई त

हाँसोको भेलले ठूलो आवाज भरिदिएको थियो। उनी त्यति भनेर खित्का छोड्दै दिदीचाहिंनेको कोठातिर लागेकी मात्र थिइन् उनलाई दिदीचाहिनेको पनि चर्को र लम्बे खित्काले स्वागत गरिहाल्यो। धेरै बेरसम्म ती दुइका हाँसोका लहरी लम्मिदै थियो। त्यो हाँसो विचरा डाक्टको निमित्त के थियो, म भन्न सक्तिनँ।

× × ×

पन्ध्र मिनेटपछि हीरा आफ्नो कोठामा गइन्। जानेबित्तिकै उनी नजाने कुन अन्धकारपूर्ण जगत्भित्र पुगिन् ! उन्निखैरै उनको मुखबाट एउटा उच्च आर्तस्वर निस्कियो—'लौन ?'

त्यहाँ अरू कुनै दृश्य थिएन। थियो त डाक्टरको एउटा चैतन्यशून्य बूढो लाश, त्यसको नगीचै एउटा रित्तो शीशी !

—०—

कहां आएँ ?

(१)

पुरानो कुरा हो। कालिकाप्रसाद हर्षदृप्त कुनै आवेश लिएर बोलाएको ठाउंतिर जान लागेको थियो। उसको हृदयका सीमातीत भावहरू उज्यालो चेहरामा तर्किरहेका थिए। आँखा हर्ष बोलूँ बोलूँ गर्थे। हिंडाइको स्फूर्ति खँदिलो र सजीव थियो। मानो उसको गतिमा हौसला भरिदिएको थियो।

विलक्षण-विलक्षण भावको आवेशले नै मानिसलाई हिंडाउँछ, फकाउँछ, डर्याउँछ। त्यसमा नै जीवनको सञ्चालन ईश्वरले भरिदिएको हुन्छ। त्यसरी गएको थियो कालिकाप्रसाद, बीच बाटाबाट नै फेरि फरक्क फर्कियो। फर्कँदा त्यो पूर्वोक्त आवेश पनि थिएन, न त चेहरामा त्यस्ता हृष्ट शुभ्र रेखा नै थिए। उ सरासर आफ्नो डेरामा गयो। कोठाको भित्ताले कवि कालिदास, रवीन्द्रनाथ आदिका तसवीरहरूबाट पवित्र वातावरण पाएको थियो। कोठाको पश्चिम कुनामा ठूलो चारपाटेमाथि तन्ना नभएको मैलो, अन्दाजमा एक डेढ धार्नीको डसना विछ्याएको थियो, अनि रातो पल्लादार एउटा तकिया। अलि वर एउटा सुकुल, त्यसमाथि अर्धानू काम्लो,त्यसमाथि दुइटा निगालाका कलम, एउटा मसीको भाँडो, दुइ ताउ नेपाली कागत देखिइरहेका थिए। कालिकाप्रसाद

ताउ नेपाली कागत देखिइरहेका थिए। कालिकाप्रसाद त्यहीं गएर बस्यो। एक पटक आधा मरेको दृष्टिले भित्तातिर हेर्‍यो। अज्ञात कुनै विशालबाट सोहोरिएर आए झैं हृदयमा भावनाको अद्भुत संक्षिप्त आवेश भयो।

नील शुभ्र आकाश सूर्यबिम्बलाई बीच छातीमा भिरेर मध्याह्नको सूचना गरिरहेको थियो। एक दुइटा चीलहरू मन्द उष्ण हावामा धीर उडान लिएर मानो पृथ्वी र आकाशको सीमा छुटट्याउँथे। कोठाको भित्रभित्रसम्म पनि खुला झ्यालबाट पसेर सूर्यका किरणहरू चाँदीको तातो जलप हाल्दै थिए। झ्यालको डण्डीमा बसेर भित्रतिर मुख फर्काएर भङेराका स्निग्ध दम्पती फुरफुर पुच्छर हल्लाइरहेका थिए। कालिकाप्रसादले च्यास्पाबाट आधा मूठी चामल झिकेर आफूनेर छरिदियो। तल ओर्लेर भङेरा चर्न लागे। त्यो वेला तिनीहरूको हर्षदृप्त फूर्तिदार फुरफुराइ मनोहर र वर्णनीय थियो, मानो तृप्तिको विज्ञापन थियो। कालिकाप्रसादको भावग्राही दृष्टि तिनीहरूमै मुग्ध भइरहेको थियो। एक छिनपछि चरा उडेर गए। कालिकाप्रसादको तल्लो ओठ अलिकति हाँसोको छिर्काले उज्यालो भयो। फेरि उसको भावुक दृष्टि एकफेर भित्तातिर तर्कियो। सानो श्वास निस्केर कोठाको सिरसिरे हावामा लहरायो। उसले एकछिन आफूलाई बिर्स्यो अथवा विचारले उसलाई आफ्नो तुल्यायो। "कति सानो अंजुली! कति सानो हृदय! के म पनि ठूलो बन्न सकुँला? यत्रो अनन्त विशाल विश्वक्षेत्रमा मैले कहाँसम्म फैलिनुपर्छ, कति-

माथि चढ्नुपर्छ, कत्रो विस्तृत व्यक्तित्व पाउनुपर्छ ?……कुन क्षुद्र उद्धत आवेशले आज मलाई उचाल्यो, कुन क्षुद्र कामनाले प्रेरणा दियो ? अष्टसिद्धिमध्ये के त्यो एकसिद्धि त हैन ? तर म पनि त मोक्षार्थी हैन नि ! अफसोस छ, मेरो हृदयको शान्ति समुद्रमा कति कोमल कति सुन्दर भावतरङ्गहरू मन्द मन्द छल्कन्थे, त्यसलाई परीक्षा–सन्देशको तूफानले कति हुँडलिदियो, कति छ्यान्नव्यान्न पारिदियो ! अरूले देख्ता, यो हर्षको कुरा हो तर हर्ष त मदिरा नै हो ! जसमा प्रकृति भङ्ग हुन्छ, जीवनले तन्द्र पाउँछ, आत्मस्मृतिको जागरूकपनले केही न केही विच्छेद पाउँछ कसैलाई त्यसैले उत्साह दिन्छ भन्छन् । मलाई त त्यो अनुहारको उत्साह चाहिएन । त्यस्ता केटाकेटीलाई मात्र उत्साह दिएर उकाले चढाउनुपर्छ जसलाई अनन्त र विशालको परिचय छैन, प्रलोभन छैन । लोकोत्तर कुनै श्रेणीमा चढ्न खोज्ने शोक्त कर्मयोगीको निमित्त त यही परिभाषा छ नि !–'मानापमानयोस्तुल्यः ।' म क्षुद्र खहरे होइन, ब्रह्मानंद हुँ । मलाई वर्षाको आर्द्र प्रकृतिको उत्साह चाहिंदैन, सहायता चाहिंदैन । लिनै जान्न, मलाई त्यो सुनको तक्माले के गर्छ ! अरूको बला-प्रोत्साहनले के गर्छ ! मैले तक्मा लाउने हैन, मैले त अविच्छेद्य स्थायी अंलङ्कारको निमित्त भारत-माताको पवित्र, विशाल वक्षःस्थलमा गौरवको, आदर्शको तक्मा बन्न सक्नुपर्छ । अब परीक्षाको ध्येय गरेर पढ्दा पनि पढ्दिनँ । नियमभित्रका दुइ चारओटा कितापले वर्ष गुजारेर कृतार्थ हुने ? यो त उज्ज्वल नीरोग भविष्यदेहको निमित्त आफैले खोजेको क्षय

रोग नै भयो नि! जीवन जान कति बेर लाग्छ ! अध्ययन दुनियाँमा कति गर्नुछ, के सीमा छ ? होला त्यस्ताकै निमित्त, जसलाई ५–६ ओटा सिंढी देखाएर अर्कोले उत्साहद्वारा घचेड्नु–पर्छ । अध्ययन र ज्ञानको सीमा अल्पज्ञ, अल्पलक्ष्यको निमित्त अति सजिलो र नजीक छ; बहुज्ञ, बहुलक्ष्यको निमित्त त्यत्तिकै असजिलो र टाढा पनि छ । भैगो, अरू कुरा, लिन जान्नँ ।"

(२)

पाठशाला खुल्यो । वर्षको नयां पढाइ शुरू भयो । सब लड-काहरू आफ्नो-आफ्नो कक्षा समातेर पढ्न लागे । कालिका-प्रसादको सतीर्थ्य अर्को ईश्वरीदत्त पनि थियो । उसलाई गुरुले सोधे,, कालिका किन आएनन्, ईश्वरी ?'

'अब उनी त आफै स्वतन्त्र किताप हेर्नें अरे । परीक्षाको नियमबाट नपढ्ने अरे ।'

'तिमी उसको डेरामा गएका थियौ ? के गरिरहन्छन् त, बसेर ?'

'धेरैजसो कविता लेखिरहन्छन्, कहिले कहिले अरू किता-वहरू पनि हेर्छन् ।'

'निकै राम्रो कविता लेख्छन् । अघि त उनको कविता पत्र–पत्रिकामा निस्किरहन्थ्यो । आजकल त छैन ।

'अब त्यस्तो फुटकर कविता नलेख्ने अरे । एउटै ग्रन्थ चौबीस हज्जारको लेख्ने संकल्प गरेको छु भन्थे । धमाधम लेख्तै पनि छन् ।'

'चौबीस हज़ारको ! अर्को महाभारतै लेख्न आँटेछन् त। बेश हो। अर्को कुरा, स्वतन्त्र धेरै ग्रन्थहरू चाल्दा ज्ञान पनि अकै हुन्छ। परीक्षाकै भरका किताबले त के हुन्छ र ! तैपनि त्यस्तो योग्य व्यक्तिले जाँच पनि नछोडेको भए अझ बेश हुन्थ्यो। कविता त अघि पनि त गरिरहन्थे नि, उनलाई त्यसले के बिगारेको थियो र ! त्यत्रो कलेजमा सर्वप्रथम निस्किए। त्यो के सानो सफलता हो ? अरूको त्यति भए भूइँमा खुट्टा हुने थिएन। उनलाई तक्मा लिन बोलाउँदा पनि बिरामीको बिरामी भनेर आजसम्म पनि आएका छैनन्। तक्मा त्यसै डाइरेक्टरकहाँ हाँसिरहेको छ। कस्ता विचारका मानिस हुन्, कस्ता विचारका ! एकबाजि सम्झाए न है फेरि ?'

'तक्मा लिए गर्व उठ्छ रे, गुरु ? अघिका सर्टिफिकेट त सब च्यातेछन्। मलाई टुक्रा टुक्रा देखाउँथे। जे भएको पैसाले कितापहरू भने खूब किनेका रहेछन्।'

× × ×

कालिकाप्रसादको घर पूर्व १ नम्बर हो। त्यतिञ्जेल पढ्नाको निमित्त उसलाई घरबाट खर्च आइरहेकै थियो। ठूलो सावगा-सका मानिस नभए पनि बाबुले हरतरह गरेर खर्चको भरथेक गरिरहेका थिए। पछि त कालिकाले पाठशालामा जान छोडेको बाबु चाहिंले थाहा पाएछन्। छोराको जुन गहिरो विचार थियो, त्यहाँ गहिरेर पुग्न अपढ विचरा बूढाको के ताकत थियो ! विद्याको

संसार उनको निमित्त स्वर्गलोक जत्तिकै अपरिचित र श्रद्धेय थियो। खालि अरूबाट त्यसको महत्त्व सुन्दा त्यो बाटोमा छोरोलाई लगाइदिएका थिए, त्यो पनि शङ्का शङ्कामा, अर्कोको भरमा। छोरोचाहिँ कत्रा कत्रा दर्शनका तर्क माथमा चक्राएर घर जान्थ्यो। उसका बाबु पिंढीमा अडेस लागेर सोद्धथे—'कत्तिको पढिस् त, कालिका ? तैंले पढेको सिल्वक मुखाग्रै सुना त, कस्ता रहेछन्। पर्सि उपल्ला कार्कीको बिहेमा सिल्वक भनेर कि त जन्तीपट्टिकालाई धपाउन सकिनस्‌भने त तेरो नामै जान्छ नि ! तँ जत्तिको धेरै वर्ष पढेर त्यहाँ को सिल्वक भन्न आउँछ र !' बाबु उहाँसम्मका गजभट्ट थिए। उनलाई कविताको स्थान कुन हो, त्यसमा के महत्त्व छ, के कारण छोरो परीक्षाको लक्ष्य छोडेर स्वतन्त्र ग्रन्थ हेर्न खोज्छ—यी सब कुरामा उनी पटमोस थिए। यसैले त्यो खबर सुन्नेबित्तिकै उनले रिसाएर चीठी लेखे—'पढ्न छोडिस् अरे, त्यसै अल्लारिएर शहरमा घुम्नलाई म खर्च भर्न सक्तिनँ। यहाँ सधाको कोदाले भागेकोले कसरी वर्षा उतार्नु जस्तो भाको छ। बरु तुरन्त आइज, अर्कोलाई यसपाला बनी भर्न सक्तिनँ'।

अशिक्षितको जिद्दी, गँगटाको टोकाइ, भेडाको ढिपी एकै हुन्छ। नभन्दै त्यो पटकदेखि खर्च आउन छोड्यो। कालिकाको हृदय किंकर्त्तव्यताका अविरल प्रश्नले व्याप्त थियो, शान्ति थिएन। अगत्या कालिकालाई परिस्थितिले सानोतिनो नोकरीको निमित्त इशारा गऱ्यो। हीराको जात हो, पूर्णतया नकुँदिइसके-

कोले उसको व्यक्तित्व मानो माटोभित्र थियो, सर्वसाधारण जनताको निमित्त परिचित थिएन। यसैले सानोतिनो नोकरीले पनि उसको भगीरथ प्रयत्न खोज्दथ्यो। जुन सर्टिफिकेट देखाएर दुनियाँमा निस्कन आत्माको ठूलो अपमान सम्झिन्थ्यो, त्यो वेला च्यातिसकेको त्यही सर्टिफिकेटको लम्बे साइनो झिकेर उसले साँझबिहानको सर्वसाधारण समस्या पूरा गर्नुपऱ्यो। मानिसले आँटेर के हुन्छ, दैवले आँट्नुपर्छ भनेको ठीक हो। कालिकालाई नोकरी त मिल्यो, तर निकै सानो। अहिलेको क्षुधित समयमा सानोतिनो नोकरीबाट के हुन्छ र! भए पनि नहुनुभन्दा वेश भएको थियो। नोकरीबाट बचेको टाइममा कालिका आफ्नो सङ्कल्पको सिद्धान्तको एकान्ततः भक्त थियो। यसरी पनि करीब ५—६ महीना चल्यो।

घरमा कालिकाका बाबु निकै बूढा भइसकेका थिए। गृह राज्यमा बूढाबूढीको जति मान्यता सुरक्षित रहन्छ, त्यति शासन रहँदैन। शासनको मुहुडा बिस्तार बिस्तार उत्तराधिकारीतिर मोडिइसकेको हुन्छ। कालिकाका जेठा दाजु थिए। घरको हर्त्ता-कर्ता उनै भएका थिए। शिक्षितमा बाबुको इयत्ता त बताइहालें, तर यिनी त उनी जस्ता गजभट्ट मात्र होइनन्, निरक्षर महा-गजभट्ट पनि थिए। क्रोध र द्रोहको मर्मवेधी अकाण्डनृत्य गर्ना-लाई अज्ञानलाई कसैले जित्तैन। कुलमा अरू पढैया शिक्षित कोही थिएन। कालिका त्यति माथिसम्म चढिसकेको थियो। सम्झेदेखि उ कुलको अलङ्कार थियो, गौरव थियो, धाक थियो।

उदयेच्छु वंशजीवनको भावी कुनै भव्य आशा थियो। दाजु-चाहिँले त्यो सम्झेनन्। शायद सम्झे पनि त्यो सम्झनालाई अकँ दानवभावले परास्त गरेको हुँदो हो। उनले परदेशको दुःखको घाउमा झन् नूनचूक थप्न भाइबुहारी पनि पठाइदिए—'अब समर्थ भएपछि पनि आफ्नो स्वास्नी नपाली हुन्छ ?'

उनको भनाइ पनि सर्वांशमा बेठीक त होइन। तर ठीक भन्ने वस्तु यस्तो छ, तब त्यसले आफूभित्र आफै ठीकपन पाउँदैन जब त्यो बाहिर देश काल, परिस्थितिमा पनि ठीक जँचन सक्तैन; सक्योभने पाउँछ। अमिलाको बोट बगैंचामा लाउनु पनि ठीक हो, त्यो फलमा अमिलोपन आउनु पनि ठीक हो, त्यसलाई मनुष्यजातिले उपयोगमा ल्याउनु पनि असाध्य ठीक हो, तर त्यसको उपयोगमा देश, काल, परिस्थिति मिलेनभने के दोख हुँदैन ? सन्निपात हुँदैन ? कालिकालाई एक्कासि त्यस्तो प्रपञ्च-जीवन आउनु दोखै जस्तो थियो !

(३)

नद नदीहरूको जलप्रवाह स्थलविशेषको परिस्थितिले कति छिटो बदलिन्छ ! कहीं फैलिन्छ, कहीं साँघुरिन्छ, कहीं दौडन्छ, कहीं ढिलाउँछ। जीवन पनि त्यस्तै छ। त्यसको प्रवाहको विशेष गति स्वयं बदलिँदैन परिस्थितिले बदलिदिन्छ, काटछाँट गरिदिन्छ। पछि कालिकाप्रसादको प्रगति बेग्लै भएको थियो। उसको दिउँसोभरीको नोकरी त छँदै थियो। नजाने किन हो, उ बेलुकालाई पनि नोकरी खोजिरहेको थियो। बिहान एक

छिन फुर्सत थियो। तर नोकरसोकर कोही नहुँदा तरकारी किन, क्या गर गर्दागर्दै त्यो वेलाले पनि उसलाई बाँधेकै थियो। उसले हेर्दाहेर्दै सधैं सूर्य उदाउँथे, अस्ताउँथे। किन हो, उसको हृदय संकुचित र उदास भइरहेको भान हुन्थ्यो। उसको हतलक्ष्य हृदयभित्र आत्मस्मृतिको बत्ती पिलपिल बलिरहन्थ्यो। उसलाई फुल्याउने दुनियाँभरमा एउटा थियो—'जीर्ण आशा।' बाँच्न पनि उ त्यसैले बाचेको थियो। प्रकृतिधर्मले एउटी छोरी जन्मिइन्, त्यहाँपछि एक डेढ व़र्षको अन्तर गरेर दुइटा छोरा।

जहान बढेपछि त्यस्तै न हो! पछि मान पनि बढ्ने, कमाउन पनि सकिने भनेर कालिका अदालततिर कोशिश गरेर सऱ्यो। दिनभर न्यायका अव़ान्तर अपव़ादहरूले मगज तात्तथ्यो। बेलुका घर आएपछि पनि फेरि भोलिपल्ट बोल्नालाई मगजमा त्यही छड्किरहन्थ्यो। छोरालाई बढेपछि पाठशालामा पठाउने गरेको थियो। छोरो पनि निकै योग्य बनेर आएको थियो। दिन बित्यो, हप्ता बित्यो, महीना बित्यो। दिन जान कति बेर लाग्छ! छोरो अघि बाबुले लेखेका कव़िता रस लिई लिई पढ्न थाल्यो। त्यो परिव़ारपूर्ण समयमा कालिकाप्रसादको अतीत उज्ज्व़ल छात्रजीव़नले साढे एक्काईस व़र्षको ऐतिहासिक रूप लिइसकेको थियो। त्यो व्याव़हारिक जीव़नले उसलाई मानो संस्कारभिन्न पुनर्जन्मको भास दिन्थ्यो। आफ्नो कव़िता छोराको मुखबाट सुन्दा उसलाई त्यस्तै लाग्थ्यो—मानो कसैले आफ्नो पूर्वजन्म स्मारक कुनै निबन्ध सुनाएको हो! उसलाई आफ्ना कव़िता

थमिला मात्र होइन, अपरिचित पनि भइसकेका थिए। छोराको प्रशंसनीय योग्यता देख्ता उसलाई जत्तिको सन्तोष थियो, उसले शङ्का लागेर सोधेका आफ्ना कविताको मर्म आफैले स्वच्छतया बताउन नसक्ता त्यत्तिकै असन्तोष पनि थियो। असंतोष मात्र होइन, त्यसभित्र आफ्नो कुनै मुर्दापन देखेर उ एकासि भस्कन्थ्यो र लामो संतप्त श्वासभित्र भन्थ्यो। 'कहाँ आएँ ?'

———

करुण घटना

(१)

अंध्यारोले विश्वलाई जितिसकेको थियो। जताततै नीरव शून्य भास्तथ्यो। त्यस वेला एउटा मानिस कप्तानको दलानमा नीरव पदमा घुंदथ्यो। कहिले भित्र, कहिले बाहिर, कहिले एक्कासि थाममा लेपिन्थ्यो, कहिले थामबाट मुण्टो झिकेर माथि झ्यालतिर चिहाउँथ्यो। कहिले ठाडा कान, सावधान चित्त पारेर चाल बुझ्दथ्यो। कहिले ट्वाक ट्वाक आफ्नै औंलाले थाममा हिर्काएर माथितिर कान लगाउँथ्यो। उसको हृदयमा वेदना र उत्साह थियो, आँखामा आँसु र सतर्कता। उसको व्यवसाय अनार्य थियो, गर्हित। तर त्यसमा शायद सत्यको प्रेरणा थियो, सामयिक कर्तव्यको बलात्कार थियो।

× × ×

सुमन एक गरीब परिवारको लडको हो। दैवको दुर्नियोगले गर्दा पाँच वर्षदेखि नै उसले बाबुको मुख हेर्ने सौभाग्य पाएन। त्यस मुग्ध बालकलाई आमाको काखमा छोडेर उसको बाबुले संसारलाई तिलाञ्जलि दिएका थिए। हुनत उसको दाजु पनि थियो शङ्खधर। तर उ भएको र नभएको एकै थियो। राष्ट्रको जनसंख्यामा उसलाई नगने पनि केही हानि थिएन। कारण

उ एक अज्ञानको मूर्ति,दुर्व्यसनको अवतार,सत्यको शत्रु, मूर्तिधारी पाप थियो । सूर्यमा अन्धकार हुनु धेरै संभव, उसको जीवन-रात्रिमा कृत्याकृत्यको ज्योत्स्ना थिएन । द्यू तसभाको त उ अध्यक्ष नै थियो । त्यही सभाको सुधार गर्दा बूढी आमालाई कुटीपिटी घरको जे भएको थोत्रो भाँडो उसले सक्यो । त्यति मात्र होइन कुनै भीषण समस्यापूर्ति गर्न नसक्दा द्यूतदेवको निमित्त उसले पछि प्राण पनि अर्पियो भन्थे । काखको त्यो बालक छोरो, त्यो दीन अवस्था आमाले कसरी हुर्काइन् कसरी बढाइन् ! आमाले हुर्काएको छोरो, बूढीको जीवनको एक अवलम्ब ! एक दिन नराम्रो मुख गर्न सकिनन् । त्यसलाई हप्काउने दप्काउने इलममा लगाइदिने कोही भएन । धनीका छोराहरूसङ खेल्दा उसले उमेर गएको थाहा नै पाएन । लगभग १५-१६ को भइहाल्यो ।

गरीबको हृदय गरीबले जान्दछ । सुमनलाई उस्तै एउटा गरीबले छोरी दियो । घरमा विवाह गर्ने के औगात थियो र, तर सिन्कै नभए पनि त्यो स्वर्ण अवसर चुकाउन बूढीको सेतो कपालले मानेन । नभन्दै एक दिन घरमा विवाहको बाजा बज्न थाल्यो, बाजा बज्नु के थियो मुटुमा घण्ट बज्नु थियो । तैपनि लाजलाई अशक्तिको शरणमा छोडेर केराको पातमा गोडा धोएर केवल श्रद्धाको संपत्तिले काम सकियो ।

(२)

समयले आफ्नो बाटो लिइरहेकै थियो । पछि जीविकाको निमित्त सुमनको आँखा उघ्रियो ! घर आधा जलिसकेको थियो,

अब उ कुन्ना खन्न खोज्थ्यो । घरको सब भार टाउकामा पऱ्यो । आमा हान्नाकी बत्ती, घडी थाप्न लागिन् । उनलाई घरको सब कामको निमित्त बुढ्याइँले बिदा दिइसक्यो । दुइ व्रर्षको अन्तर गरेर तिनोटा बालक जन्मिसके । सुमनको ठूलो इलम थिएन । एक ठाउँमा उसको पाँच रुपियाँको नोकरी थियो । फुर्सतको टाइम घरमा धागो कात्थ्यो । त्यसले कति आउँथ्यो र ? उसकी स्व्रास्नी पनि यताउतिको सानोतिनो काम गरिटोपल्थी । त्यसको पनि केही भर थिएन । बूढी, ती केटाकेटी भन्दा आम्दानीले साँझबिहान टार्न साह्रै गाह्रो पर्दथ्यो । महीनैपीछे रिनको खाडल गहिरिंदै थियो । सधैं त्यस्तै भएपछि पछिपछि त रिन पनि को पत्याउँथ्यो र ?

स्व्रास्नोचाहिं गर्भिणी थिई, नौ महीना लाग्यो । उसबाट एक दुइ पैसाको भने पनि भर थियो, त्यो पनि टुट्यो । खर्चले साह्रै आखिरी पऱ्यो । कति प्रार्थना, कति पुकार गरेर सुमनले अर्को महीनाको समेत पेश्की मालिकसंग मागेर खर्च गऱ्यो । अर्को महीना क्नन् कसरी टर्ला ? भनेर उ कति आत्तिएको थियो, त्यसको अनुमान शायद कुनै तार्किक या मनोवैज्ञानिक मात्र गर्न सक्छ ।

एक दिन त यस्तो करुण घटना पर्न आयो कि, के भनूँ ! शायद जीव्रनको दुःखमय घटना संछ्न नसकेर होला कि ? या भव्रिष्यत् करुण दृश्य हेर्ने साहस नपुगेर हेला ? बूढी अनिमेष

दृष्टिले आकाशतिरै मात्र हेर्न थालिन्। त्यही दिन उता स्वास्नी सुत्केरी भएकी छ। सुत्केरी हुनु के थियो, विकट दुःखको भीषण द्वार खुल्नु थियो। दुइ दिन भइसक्यो, बूढीको मुखमा औषधि न अरूको पेटमा अन्न परेको थियो। ती बालबच्चाहरू भोकले मूसो देख्ता कस्कन्थे। ठूलो बोली सुन्दा कहालिन्थे। आमाको मुखमा हेरेर अश्रुपूर्ण स्वरमा आमा! आमा! भनेर नसकी नसकी चिच्याउँथे। बिचरी आमाचाहिं के गरोस्! उता सासूतिर हेर्दछे, उता ती बालबच्चाहरूतिर। मुटुमा भक्कानु परेर आउँछ, हृदय आशाको किनारा खोज्छ।

(३)

आशापथ सब संरुद्ध छन्, सुमन किन बिलखबन्द नहोस्? तैपनि उसले मालिककहाँ गएर फेरि कपाल कन्याउँदै, आँखाभरी आँसु पारेर भन्यो, 'हजूर! आमाको काम उता सुत्केरी उतार्न पर्‍यो……फेरि ती बालबच्चा हजूर! मूठीको माखो हुँ।' मालिकले अर्कैतिर दृष्टि दिएर भने—'के गर्ने बाबै! मेरो घरमा पनि पैसा बर्सँदैन, काम कुरा एकातिर तँ भने पैसे मात्र माग्छस्। म पनि त साधारण दुनियाँ हुँ नि, भनेको वेलामा म कहाँ पाऊँ? जा यहाँ काम गर्न लागेको वेलामा नकचकचा…'आशा लिएर गएको थियो मालिककै घरमा छोड्यो। दुइ दिनको त्यो तृषित क्षुधित वेदनादग्ध आत्मा कुन सुरमा त्यहाँबाट हिंड्यो, आफैंले थाहा पाएन। कति वेरमा उसले होश पायो—आफू

मालिकको ढोकाबाहिर सडकमा उभिरहेको रहेछ। त्यस बेला उसको न कुनै लक्ष्य थियो, न उत्साह उमङ्ग ! उसको निमित्त संसार फनफन घुम्न लागेको थियो। जता हेऱ्यो उतै तिरमिर छाउंथ्यो।

एक छिनमा उसले विचार गऱ्यो—'अब के गरूँ ? आशाको बाटो कतै छैन। अब के त्यहीं गएर आँसुमा डुबेको तिनीहरूको मुख हेरिरहुँ ? त्यो के हेर्ने। बरु मै विष खाएर मरिदिन्छु। विष पनि कसले साथमा लिएर हिंड्या छ र, यही पटुकाले गलामा पासो लगाएर मर्न पऱ्यो। हे भगवान् ! तिनीहरूको समेत मलाई हत्या नलागोस्।'

उ पटुका फुकाल्न लाग्यो। आधा फुकाइसकेको थियो, तर बीचैमा रोकियो। नजाने कुन अलक्षित शक्तिले त्यसको हात रोकिदियो, या सत्यले कुनै मन्त्र दिएर त्यो दग्ध भावना बदलिदियो, न वा साक्षात् धैर्यले उत्साहको निमित्त कुनै सामयिक उपदेश दियो।

हाव्रा नराम्रोसंग फनफनाइरहेछ ! तरङ्गहरू पनि आफ्नो प्राकृत स्थिति नाघेर उर्लिरहेछन्, धर्मको नाउ कतिबेर टिकोस् ! डगमगाउन थाल्यो। तर त्यस क्षोभमा, मैले अघि नै भनिहालें, साक्षात् सत्यको प्रेरणा थियो, पापको आत्म-समर्पण, आत्माको अभिनन्दन, कर्तव्यको प्रबल प्रोत्साहन थियो। कप्तानको घरको दलानमा करीब रातको बाह्र बजे जो नीरव चालमा घुम्दथ्यो, त्यो त्यही सुमन हो। अगत्या उ त्यहाँ चोर्ने दाउ गर्दै थियो।

सुमनको हात गहनाकै पोकोमा पऱ्यो। उसले हर्षको सीमामा पुगेर विचार गऱ्यो—'अब मेरो दुःख हरायो।' तर के खुशी हुनु थियो, त्यो खालि दुर्दैवको ठट्टा मात्र थियो। अलक्षितको जाल कसले बुझ्दछ? उसलाई ढुकुटीकोठाको ढोकैमा पक्रिहाले। उत्तिखेरै पुलीसलाई खबर गरेर गोस्वारा पुऱ्याइहाले। त्यो दिन थियो कागतिहारको। त्यो ताक अड्डा बिदा नै हुन्थ्यो। खालि थुनियो मात्र, इन्साफ त हुनै पाएन। त्यसलाई न रातो निद्रा छ, न भोक। हृदयमा खालि त्यही आर्त-क्षुधित परिवारको करुण-चित्रण हुन्छ। संझन्छ—'हरे। आजकल अरूको घरमा कस्तो होला, मेरो घरमा..................।'—

कति दिनमा अड्डा खुल्यो। न्यायको दृष्टिमा, चोरेको बापत-मा उसले जेलै जानुपऱ्यो।

× × ×

तिहारको वेला, घर घरमा चाड माने, रमाइलो गरे, बेलुका भयो। तरेली तरेलीसंग बत्तीको माला लगाएर घरहरू हाँसे। साराको मनै हाँस्यो, मुखै हाँस्यो। कठै त्योचाहिं घरमा के भए-को होला! न बिहान ढोका खुल्दछ, न दिउँसो बालकहरू चोटामा खेल्दछन्, न बेलुका बत्ती बल्दछ। कति शून्य, कति नरमाइलो!

कति दिनपछि करुण हावाले छिमेकीको आँखा खोलिदियो!

उनीहरू आँखामा आँसु र हातमा अलिकति खाने कुरा लिएर त्यहाँ पुगे। तर त्यतिका दिनसम्म त्यस्तो निस्करुण हावा चलेको! बिचरा ती कमला पानीका फोका के टिक्न सक्थे! त्यहाँ अँध्यारोमाथि अँध्यारोले छाइसकेको थियो। केवल शून्यमा सजीव करुणाले हृदयको लय भरे जस्तो, नरमाइलो कुनै सन्देश गर्न हावा चले जस्तो, संसारको एउटा भावी प्रलयको सानो नमूना देखाए जस्तो, त्यहाँको वातावरण बडो शून्य, दुर्गन्धमय र भयानक पनि थियो।

उनीहरूले त्यो करुण दृश्य देखे, निभिसकेको जीवनज्योतिलाई आँसुले जगाउन सक्तैनथ्यो।

—:०:—

सच्चा उत्तर

(१)

आकाशमाथि ज्योतिर्मय महल, राजा सत्य राज भएको थियो। उनको राज्य थियो मधुमय, उत्कर्षको चरम चुलीमा। राजाको विशाल र उदार राज्यप्रबन्धमा शिक्षाको पनि पराकाष्ठा थियो, के भन्नुपर्छ! सूक्ष्मदृष्टिमा राज्यको रेणु रेणु पनि बडा शिक्षित थिए, पथ-प्रदर्शक! अलक्षित विशाल न्यायालय थियो, त्यहाँका अध्यक्ष प्रजापति, अग्नि, जल आदि। सब दुनियाँलाई प्रकाशको सूत्रले छोएको थियो, अन्धकारको मानो अस्तित्व नै थिएन। प्रजाको संकल्पनाको सिंहासनमा राजाको गद्दी रहन्थ्यो। उज्यालोलाई पुरस्कार र अन्धकारलाई निग्रह उतैबाट हुन्थ्यो। राजाका दूतहरू बडा चतुरा र जाँगरिला थिए। उनीहरू दिउँसो सूर्यबिम्बको घरबाट र राती चन्द्रबिम्बको घरबाट निस्कन्थे। मन्त्री उनै महानुभाव थिए, जो राजाको स्वर्ण आज्ञा लिएर सबमा जीव भर्दै हिंड्थे। राज्यको अपरिहरणीय एक दोष थियो—निरुपमता! कल्पको रात बितेपछि सृष्टिको बिहान मात्र उ आफै आफू जस्तो भएर उपमा पाउँथ्यो।

प्रजा थिए—एक थरी आचार, एक थरी दर्शन। आचारहरू

बडा श्रमिक थिए ! उनीहरू पसीनामा नुहाउँथे । अनन्तक्षेत्रमा कर्म्म रोप्तथे । अमृत उमार्थे । पहिले श्रद्धाको अञ्जलिले त्यो अमृत राजाकहाँ चढाउँथे, अनि पथिकहरूलाई बाँड्दथे । पछि आफू खान्थे । दिन क्षेत्रमा बिताउँथे । भावनाभित्र राजासंग बस्तथे ।

दर्शनहरू तर्कका चंचल कल्लोलमा खेल्दथे । सन्देहका गहिरा भुमरीमा तल माथि गर्थे । सभ्यताको राजधानीमा बस्तथे । गल्पले पेट भर्दथे । उनीहरूको राजकीय परिचयमा भगीरथ प्रयत्न चलिरहन्थ्यो । आफ्नो लक्ष्यका प्रति यात्रीसंग कलह पर्थ्यो । उनीहरूको नसा नसामा जैत्रजीवनको आशाले रङ्ग जमाउँथ्यो । त्यो भनेको त्यही होभने केही नोक्सान छैन, यिनीहरू पनि राजाका परमभक्त थिए ।

(२)

कुनै वेलामा आचारहरूले राजाबाट अमूल्य पुरस्कार पाए । दुःखपछिको सुखले उनीहरूलाई केही दिनको निमित्त आत्मसायुज्य नै दियो ।

'हरहमेशा हामी सरकारको दृष्टिमा घुम्दछौं, तैपनि पुरस्कार पाउँदैनौं, पाउँछन् अरू । यसमा के कारण छ ?' भनेर वैमनस्यको आवेगमा दर्शनहरूले राजासँग मर्म निवेदन गरे । राजाबाट नीरव स्वरमा स्वर्ण उत्तर बक्सियो—

"बाबुहो ! तिमीहरू र आचारहरू मेरो न्यायको दृष्टिमा एकै छौ । तैपनि सविशेष म आचारहरूलाई चाहन्छु, किन-

ाने उनीहरूको जीवन श्रमिक मूल्यवान् छ। उनीहरूको पसीना-
ो जुहार देखेपछि मेरो पक्षपात लोभको पाशमा नपरिछोड्दैन।
ैले भन्नु के छ? विवेकदृष्टिले हेर—श्रमिकजीवन स्थितिको
नमित्त प्रजाप्राण राजाको कति महत गर्छ, राज्यको सत्तामा कति
उज्वल प्राण भरिदिन्छ। मेरो शरीर राज्य त हो नि, त्यसको
ाउ तिमीहरूको दृष्टिले र परामर्शले नै शीतल होला कि आचार-
हरूको हातको मलहम चाहिएला? अर्को कुरा—राज्यशरीरको
शिर म हुँ, कारण मैले बुद्धिको र विचारको भार लिएको छु,
आचारहरू कर्मिष्ठ अरू अङ्ग हुन्। दुनियाँको नाममा जातिको
अपेक्षा कर्मले समाख्या दिएको हुन्छ—ब्राह्मण, भान्छे, क्षत्रिय,
कर्मी इत्यादि। खै, तिमीहरू त न शिर हौ न कर्मिष्ठ अङ्ग! भन
त तिमीहरूको दार्शनिक ढङ्गसंग मेरो कर्म्मजगत्‌को के सम्बन्ध
छ, जो कि पुरस्कारको अंशभागी हुन्छ?"

राजाबाट यो उज्यालो पाएपछि विश्वराज्यमा दर्शनप्रजाको
संख्या प्रायः घट्‌दै गयो, अब पनि जानेछ।

आत्मसमर्पण

(१)

गर्मीको दिन थियो । हावा, आगाको ज्वाला लिएर बहेछैं गर्थ्यो । शान्ति कतै थिएन । आलस्य र निद्राबाहेक दिनमा केही हात पर्दैनथ्यो । म त्यसै सन्तप्त भएर कोठामा पल्टिरहेको थिएँ, शरण थियो एउटा पङ्खाको । करीब साढे तीन भएको हुँदोहो । साथीहरू आएर बाहिर डुल्न जान आग्रह गरे । मैले यसो झ्यालबाट चियाएर बाहिर हेरें—घामको प्रभाव कत्ति घटेको रहेनछ । मैले भनें—'यो गर्मीमा बाहिर डुल्न जानु त एउटा कृच्छ्र तपस्या नै गर्नु छ नि । एक छिन यहीं बसौं, अनि शहरबाहिर बिस्तार बिस्तार घुंन जाउँला । हावा पनि केही चिसो चल्छ ।'

टङ्कनाथले हातको घडी हेरेर भन्यो—'कस्तो गजबको मान्छे रहेछ, चार बज्न लागिसक्यो । अब पनि घाम भइरहन्छ? खालि घरभित्र बसिरहेर मात्रै तँलाई डर लागेको, हगि शम्भु ? बाटामा हामीलाई गर्मी भयो त ?'

शम्भुले मेरो हात तानेर भन्यो—'हो बिन्दु ! हिंड् जाउँ, तैं ठान्न, त्यस्तो गर्मी भए त त्यतिको हिंडेर आउँदा निधारमा पसीना आउनुपर्दैन ? हेर्, हामी दुवैको छैन ।'

मेरो छिटो निस्कने विचार थिएन। तिनीहरूको आग्रहले निस्कें। नभन्दै घाम त केही ओभाइसकेकै रहेछ। भर्खर कलेज छोडेको वर्ष थियो, फेरि जाँच आउला, भोलि गुरु मास्टरहरूले के भन्लान् भन्ने थिएन। शिर हलुका थियो। भर्खर भारी बिसाएको भरियाको जस्तो जीउ चङ्गा र फुर्तिलो थियो, केही बित्तो थिएन। बिस्तार बिस्तार पाइलो चाल्दै ठट्टा गर्दै शहरबाहिर पुग्यौं। हरियो चौरमा रूखमनि सबैले कोट फुकालेर बस्यौं। टङ्कनाथ बढ्ता धुपौरे थियो, चुरोट भिकेर सल्कायो।

एक छिनपछि प्रसङ्गमा शम्भुले भन्यो—'ए बिन्दु! विचार भनेको खूब बदलिने कुरा रहेछ बुझ्यौ? पोहोरसम्म छात्रजीवनमा मेरो विचार अर्कै थियो, आज अर्कै छ। अघि ग्रेड लिन पाए कस्तो न होला जस्तो लाग्थ्यो, बिनसित्तिका मूसा बिरालाको कथा पढ्दा जीवनमा विश्वकै अध्ययन पूरा भइसके जस्तो लाग्थ्यो। अहिले त्यो बिलकुल छैन। ग्रेड लिएँ, के लिएँ जस्तो छ। पढें, के पढें जस्तो छ। जीवन त्यसै निःसार अपूर्ण भए जस्तो मात्र लाग्दछ। अघि जुन कुरामा पनि आफै 'होकाँ' गर्न मन लाग्थ्यो। अहिले जुन कुरामा पनि सिद्धान्तभन्दा अगाडि सन्देह उर्लेर आउँछ, निश्चयको अगाडि तर्क। हिन्दुत्व के हो, जीवन के हो, ईश्वर के हो? सब कुरामा अँध्यारो आउँछ, आफ्नो अपूर्णतामा ग्लानि आउँछ, शुष्क जीवनमा विद्वेष!'

टङ्कनाथले अर्को चुरोट सल्काएर भन्यो—'तँलाई सच्चरित्र

महानुभाव़ बन्न मन लाग्यो भने धर्म गर्न, धर्म गर् । किन चाहियो हिन्दुत्व ! जीव़न बुझ्नुपर्‍यो किन, ईश्वर जान्नुपर्‍यो किन ?'

'ल, के कुरा गर्छ ! ती कुराको व़ास्तव़िकता नजानीकन कतै धर्म हुन्छ र ? लौ तँलाई नै सोध्दछु । तँ धर्म गर् भन्छस् ! धर्म भनेको के हो ?' शम्भुले हास्यपूर्ण स्व़रमा भन्यो ।

'धर्म भनेको सुन् , धर्म शब्दको अर्थ यत्तिको व्यापक छ कि सीमा नै छैन । फेरि जत्तिको त्यसमा व्यापकता छ त्यसको गूढ तत्व़ संझन उत्तिकै महासागर पार गर्नु छ । भनेकै छ नि—

'तर्कोऽप्रतिष्ठः श्रुतयो व़िभिन्नाः
नैको ऋषिर्यस्य व़चः प्रमाणम् ।
धर्मस्य तत्त्वं निहितं गुहायाम्
महाजनो येन गतः स पन्थाः ॥'

त्यसकारण मलाई त धर्म र अधर्मको व़िषयमा भगव़ान् वेदव्यासको संक्षिप्त परिभाषा नै अत्यन्त हृदयस्पर्शी लाग्दछ—

'परोपकारः पुण्याय पापाय परपीडनम्'

त्यसकारण परोपकार नै धर्म हो । परोपकार गर् त्यसमा फेरि हिन्दुत्व़ के हो, जीव़ात्मा के हो, परमात्मा के हो ? इत्यादिमा शङ्का र जिज्ञासा गर्न लाग्यौंभने हात परेको धर्मको रूप पनि तर्क र उपतर्कले बिलाएर जान्छ ।'

'हो, परोपकार धर्म हो। तर त्यत्ति भनेर आफ्नो मस्तिष्कलाई अलसी तुल्याएर राख्नाको के काम छ र! आत्मा के हो? परमात्मा के हो? इत्यादिको जिज्ञासाले, अन्वेषणले त्यसलाई माझ्दै गर्नुपर्दछ।'

'गन्धै नपाएका कुरामा के माझ्लास्, के तँलाई अलिकतिसम्म पनि थाहा छ? के हो जीवात्मा? के हो परमात्मा! स्वर्ग नरक भनेको कुरा के हो?'

'थाहा छ, किन छैन। जीव र परमात्मा एउटै हो, भेद छैन। कति भने जहाँसम्म जीव अज्ञानलिप्त हुन्छ त्यहाँसम्म त्यसले अनेक योनिमा घुमिरहनुपर्छ, परमात्माभन्दा उपाधिवशात् केही फरक जस्तो हुन्छ। त्यो पनि जब सर्वदोषमुक्त हुन्छ, तब पूर्ण स्वतन्त्र हुन्छ र परमात्मामा परिणत हुन्छ। वास्तवमा यी दुइमा भेद छैन। पृथ्वीको सुख नै स्वर्ग हो, दुःख नै नरक हो।'

मैले भनें—'स्वर्ग नरक यहीं छ भन्ने कुरा होइन। त्यो जेसुकै होस्, धर्मको प्रसङ्गमा धर्मकै कुरा गर्नुपर्छ। मेरो विचारमा ईश्वर सम्झनु देश र समाजको यथाशक्ति सेवा गर्नु, सत्य बोल्नु, सबको दुःखमा आफ्नै दुःख ठानेर प्राणभर सहायता, सहानुभूति गर्नु, यिनैलाई म धर्मका यथार्थ रूप ठहराउँछु।'

यस्तै कुराको टीकाटीप्पणीले त्यहाँ हामीलाई दुइ घण्टा बितेको पत्तै भएन। देख्ता देख्तै क्षितिजहरू लाल भए। चराहरू वासलाई चिरबिराउन लागे। आकाशले अँध्यारो अँध्यारो मुख

लाएर रात्रीको सङ्केत गर्नलाग्यो। हामी पनि आफ्नो आफ्नो कोट लगाएर बिस्तार बिस्तार त्यहाँबाट हिंड्यौं।

(२)

आफ्ना आफ्ना कुरामा एकचित्त भएर हिंड्दै थियौं। अकस्मात् एउटा उच्च कोलाहल हाम्रो कानमा पर्‍यो। हामी सब टक्क रोकियौं र पल्याकपुलुक चारैतिर हेर्‍यौं। डुही गाउँतिर हेर्नासाथ हाम्रो हृदयमा केही कुसङ्कको भाव उठ्यो। किनभने—त्यहीं त्यत्रो कोलाहल छ, त्यहीं प्रलयाग्निको भीषण ज्वाला उठेर आकाशतिर जान लागिरहेछ। ज्वाला पनि यस्तो हो र? मानो क्रुद्ध अग्निदेवको प्रचण्ड अट्टहास न हो। त्यो देख्ता हामी सबको मुखबाट एकैचोटि संभ्रमपूर्ण आवाज निस्कियो—ए त्यहाँ के भएछ, जाऔं।'

हामी आफूलाई पनि बिर्सेर त्यहाँबाट त्यो भीषण घटनास्थलको उद्देश्य गरेर दौडियौं। करीब १० मिनटमा त्यहाँ पुगिहाल्यौं। पुग्नासाथ त्यहाँको यथार्थ वृत्तान्त हामीलाई थाहा भयो, डुहिनीको घर जलेको रहेछ। त्यो घरमा पाको लोग्नेमानिस भन्नु कोही रहेनछ। खालि एउटी डुहिनी दुइटा जम्ल्याहा २-२ वर्षका टुहुरा छोरालाई लिएर बसेकी रहिछ। ती बालकलाई घरभित्र सुताएर डुहिनी पानी लिन गएको वेलामा दैवसंयोग उसको घर जल्न लागेछ। पछि थाहा पाएर गाग्रोसाग्रो एकातिर हुत्त्याएर डुहिनी हामफाल्दै आइछ। तर के गरोस्, दनदनिंदो

आगोमा आफू पस्न सकिन, अर्को कसलाई खटाओस्, को मान्छ ! पहिले त्यत्रो भीषण अग्निकाण्डलाई हेर्पेर भित्र पस्न सक्ने एक बित्ता कलेजो भएको मानिस पो त्यहाँ को थियो ! यसैले उ विह्वल भएर 'मेरो बाबाहो !' भन्दै छाती पिटी पिटी रोइरहेकी रहिछ । पुग्नेबित्तिकै हात जोडेर हामीलाई अश्रुपूर्ण स्वरमा भनी—'लौन ईश्वर दाइहो ! मेरा दुइटा बालकलाई झिकिदिनोस् ।'

त्यति बेरसम्ममा मानिस त निकै जुटिसकेका थिए । ती सब आगो निभाउनपट्टि कोशिश गर्न लागेका छन्, कोही केराको थाम काटेर छानामा हाल्छन्, कोही धुरी उधिनेर फाल्न मेहनत गर्न लागेका छन्, तर जति गर्दा पनि क्रुद्ध अग्निदेवको प्रलय-लीला कम भएको थिएन। डुहिनीको आर्तविलाप त छँदै थियो । त्यसको त के कुरा, बालक भित्र परेका छन् भन्दा हामीलाई समेत मर्मान्त वेदना त भइरहेको थियो। भएर के गर्ने ! त्यस्तामा पसेर आत्मसमर्पण गर्न सकिएन ! हामी जस्तो विचार गर्थ्यौं, शायद त्यहाँका सबै जनाको विचार पनि त्यस्तै हुँदो हो ।

हामी त्यसै उपायशून्य किंकर्तव्यमूढ भएर चित्र बनिरहेका थियौं । हामीनेर एउटा पिपा दाउराको भारी बिसाएर डुहिनीको अलापविलाप सुनिरहेको थियो। अनुहार हेर्दा गुरुङ जस्तै थियो । थेप्चो मुख, नेप्टो नाक, पुड्को पुड्को, छाती फुकेको, भुसतिग्रे । त्यसले डुहिनीको विलाप सुनेर एक्कासि भन्यो—'मरे

मार्छ तस्ले, तेरो केटाकेटी हुन्छाभने मै पो पस्छा तेरो घार-भित्र, छट् छट् ।'

यति भनेर त्यो आगोभित्र पस्न कसियो । घरैमा जोडिएको एउटा कोपको रूखमाथि चढी त्यसले गारोमा लात्तीले हान्यो, गारो अलिकति फुट्यो । अनि त्यही प्वालबाट त्यो पस्यो र एउटा बालकलाई त्यही प्वालबाट बाहिर निकालिदियो । गम्रेटोभित्र परेको हुनाले त्यति बेरसम्म त बालकलाई केही भएको रहेनछ ।

त्यति बेरमा पिपा पिल्सिसकेको थियो । फेरि उसले अर्को बालक पायो, त्योचाहिं बाँचेको र नबाँचेको केही पत्ता थिएन । तैपनि त्यसलाई पनि पिपाले काखी च्याप्यो । तर पसेको प्वाललाई पनि त्यति बेर आगोले छेकिहाल्यो । यताउताको दलिन खसेर त्यहीं वैरियो । यताउता हेर्दैमा पिपा संरुद्ध-गति भएर भित्रै खडारिन थाल्यो । दैवसंयोग एकातिरको गारो स्वाट्ट लडिदियो । पिपा हामफाल्दै बालक च्यापेर निस्कियो । जीउमा जताततै घाउ थियो । कपाल कुरुकुरु गरेर खस्ने भैसकेका थिए । अघि रातो चेप्टो मुख लिएर गएको पिपा त कालो कस्तो कस्तो प्रेत भएर निस्कियो । उसको जीउमा कति वेदना परेको थियो, त्यो त्यही जानोस् । अनि उ बाहिर बालकलाई भूईंमा राखेर आफू पनि पछारियो । ईश्वरको निगाहले करीब १५ मिनेटपछि बौरियो । बालकले पनि पाँचै मिनेटपछि आँखा खोल्यो ।

डुहिनीले पिपालाई गएर गोडामा ढोगिदिई । सबको मुख-बाट पिपाको उपर 'क्याबात, क्याबात' निस्कियो । दर्शकहरूको

बीचमा एउटा भलादमीले कोटबाट झिकेर पिपालाई ५ रुपियाँ दियो, तर उसले लिएन। एकचोटि सबको मुखमा हेरेर उसले भन्यो—'बौताले जीउ नै देयो नि, तस्रो दाम क्या लिन्छा। जीउ भए अरू यास्तो काति ठउँमा गुन लाउन पाउँछा।'

अहा! हामी त्यसको त्यो उदारता, त्यो आत्मसमर्पणलाई बाटोभरी मुक्तकण्ठले प्रशंसा गर्दै आयौं; साथसाथै कर्मशून्य वाचस्पत्य प्रधान भएको आफ्नो जीवनदेखि उत्कट घृणा पनि उठ्यो।

———

अभिमान

(१)

सल्जगर गाउंमा एउटा बिन्ना भन्ने बिरालो थियो। त्यो झालेमाले थियो, निकै, राम्रो। त्यो सधैं गाउँमा घर-घर घुमेर मूसा मार्थ्यो, दूध चोर्थ्यो, खान्थ्यो; त्यहाँका मूसाहरू हाइकाइ थिए। उसको नाम सुन्दैमा पनि उनीहरूको मुटु काँप्थ्यो।

पछि त्यो बिरालोलाई पल्ला गाउँकी एउटी बूढीले पाल्न लगिन्—मूसा मार्छ, धान जोगाउँछ भनेर।

(२)

बिन्नाले बूढीको घरमा गएर धेरै मूसा मार्‍यो,खायो। छाकै-पीछे दूध चोरेर खान पनि बाँकी राखेन। खुराक प्रशस्त पुगेको हुनाले बिन्ना असाध्य मोटायो। ज्यादा मोटिएकोले उसको आहारा पनि तेब्बर घट्यो ! यतिसंम कि उ पछि त जस्तो पायो उस्तो मासु पनि नखाने भयो।

एक दिन बिन्ना घरको छानामा बसिरहेको थियो। उनिर एउटा मासुको टुक्रा पनि सुकिरहेको थियो। त्यो मासुमा आँखा गाडेर एउटा काग अलि पर कर्के घाँटी लगाएर बसिरहेको थियो। कागमा जति लोभ थियो, त्योभन्दा वर्ता निराशा पनि थियो। कारण—बिरालाको अगाडिको मासुमा के लोभ !

त्यो मासु न बिन्नाले खायो, न त्यसले पायो। कागले धेरै बेर कल्पिएर त्यो मासु हेरिरह्यो र पछि आश्चर्यसाथ बिन्नासंग सोध्यो—'तपाईं किन त्यो मासु खानुहुन्न हँ? नखाए मलाई दिनुहोस्न।'

बिन्नाले खुशीसँग त्यो मासु दियो र सोध्यो—'तिमी सल्जगरका हैनौ?'

'हुँ, कसरी थाहा पाउनुभयो?'

'म पनि त उहींको हुँ चिन्दिनँ? अहिले पो त्यो गाउँ छोड़ें। अघि त्यहाँका कति मूसा मारेर खान्थें, आजकल त आफ्नै शत्रु होभने पनि त्यो गाउँको भनेपछि मायाँ लाग्छ—आफ्नो जन्मभूमि............।'

'के त अब त्यहाँका मूसालाई पाए पनि मार्नुहुन्न त?'

'लौ, सबलाई सुनाइदिनुहोस्। एक पटक मेरो शरण परेर जाने जति त्यहाँका मूसालाई म कहिल्यै मार्नेछैन।'

\+ \+ \+

कागले त्यो शुभ समाचार फैलायो। सब मूसाहरू खुशी भएर आए, बिन्नाको शरण परेर सदाको निमित्त अभय दान पाएर फर्किए। मङ्सीर महीना बितिसकेको थियो। धान बटुलेर उनीहरूले आफ्ना आफ्ना ख़ासख़िन्नर भरिसकेका थिए, निर्भयसाथ गएर खान थाले।

(३)

ती मूसाहरूमा एउटा जिरो भन्ने मूसो थियो। त्योचाहिं बिन्नासंग शरण माग्न गएको थिएन। त्यो थाहा पाएर एक दिन त्यही कागले सोध्यो—'तिमी किन शरण माग्न गएनौ हँ ?'

जिरोले दर्पपूर्ण शब्दमा भन्यो—'त्यो कत्रो हो र, त्यसको शरण माग्न जान्छु त ? के तिमीले अरू अरू मूसाजस्तै मलाई पनि देखिरहेका छौ ?'

'ओहो ! तिमी बिन्नाभन्दा ठूला भयौ त, उसंग शरण माग्न जान नहुने ?'

'त्योभन्दा किन म ठूलो हैन त ? हाम्रा पुर्खा कत्रा ? भगवान् गणेशजीका वाहन ! त्यो चुत्थाका पुर्खा त्यस्ता को थिए ? सब दूधचोरुवा, मासुचोरुवा। त्यस्ताको शरण पर्न जानुपर्‍योभने त.........।'

'कुनै दिन बाटामा भेट्योभने के गरौला नि ?'

'म यो आफ्नू घरबाट किन निस्कन्छु र त्यसको अलच्छिन अनुहार हेर्न ? यी घरभरी धान छ, बसिन्छ, खाइन्छ, सुतिन्छ। आफूलाई कतै जानु पनि छैन, कसैको डर पनि छैन।'

त्यसको त्यो अभिमानपूर्ण कुरा सुन्दा कागलाई आश्चर्य लाग्यो। साथसाथै रिस पनि उठ्यो। अनि त्यसले त्यो सब कुरा लगेर बिन्नालाई लगाइदियो। बिन्नाले रिसले जलेर भन्यो—

'खबरदार ! एक पटकलाई सहें, अबदेखि पनि यस्तो कुरा सुनें भने म बांकी राख्नेछैन । यो कुरा लगेर सुनाइदेऊ ।'

× × × ×

त्यो कुरा लगेर कागले सुनायो । जिरोले त्यो कुरा हांसोमा उडाइदियो र भन्यो—'मैले साक्षात् गणेशजीलाई ल्याएर लगाइदिएँभने त्यो दूधचोरुवा कहाँ भाग्छ रे ? लौ जाऊ, यही कुरा सुनाइदेऊ । म अरू जस्तो लुत्रे मूसा हैन......।'

(१)

कागले जिरोको कुरा सब बिरालाई सुनाइदियो । 'निहुँ खोज्दछ त' भनेर बिरा सल्जगरमा आयो । जिरोको प्वाल कुरेर बस्न लाग्यो । बिचरा जिरो प्वालभित्र धान छउञ्जेल अभिमान संग निर्धक्क खाएर बस्यो । पछि ननिक्ली किन सुख पाउँथ्यो र!

निक्लनासाथ बिराले त्यसलाई खेलाई खेलाई मार्‍यो ।

———

उद्भट चिन्ता

सम्राट् उद्भटका छोरा महाउद्भटले अघि कसायाको किनारामा गएर घोर तपस्या गरे। भगवान् अष्टमूर्ति शङ्कर प्रसन्न हुनुभयो। आफ्नो भक्तमाथि अदम्य कुनै शक्ति भरिदिएर भन्नुभयो, 'जाऊ, आफ्नो लक्ष्यको निमित्त यथेच्छ शक्ति प्रयोग गर।' महाउद्भट खुशी भएर घर फर्किए। उनले धेरै लक्ष्य चिताएर जाँचे। आखिरमा उनलाई विश्वशान्ति नै मन पर्‍यो। उनले विचार गरे—'विश्वशान्ति कसरी हुन्छ !'

एक दिन उनी बगैंचामा, फूलको गलैंचामाथि बसेर आफ्नो लक्ष्य ताक्तै थिए। आकाश थियो नीलमणिले पालिस लगाए जस्तो। एक छिनमा देख्ता देख्तै त्यो कपासरङ्मा परिवर्तित भयो, फेरि एक छिनमा ध्वाँसोले पोते जस्तो। दिक्सुन्दरीहरूका मुखको शुभ्रकान्तिलाई पनि आकस्मिक परिवर्तनले मेटि नै दियो। थाहा भयो, शान्त आकाशलाई दृप्त मेघ आएर अकस्मात् हमला गर्‍यो। हानि त के थियो र, पृथ्वी ग्रीष्मसंतप्त थिइन्। मेघ गम्भीर शब्दमा आफ्नो विजयघोषणा दिन थाल्यो। उतिखेरै मानो उसको उत्कर्षमा स्पर्धा लिएर भीषण हावाको झोक्का चल्न लाग्यो। बीच आकाशमा मेघ र हावाको रोमहर्षण संग्राम हुन थाल्यो। चड्याङ चड्याङ मेघले वज्र बर्साउन लाग्यो। चराचर जगतले आशङ्कित दृष्टि दियो, कान दियो। मानो त्यो प्रलयङ्कर

भीषण शब्द सुन्न नसकेर मूर्छित हुँदै यत्रतत्र रूख लड्न लागे। बिचरा कति पक्षीहरू आश्रयशून्य भएर रोए, गण्डशैल फुटेर कति खेत नोक्सान भए। अशान्तिको पराकाष्ठा भयो।

महाउद्भट यो भीषण प्रकृतिप्रकोप हेरिरहेकै थिए। उनले विचार गरे–प्रतिद्वन्दी मेघ र हावाको पारस्परिक संघर्षले कत्रो अशान्ति बढ्यो ए! प्रतिद्वन्दिता पो दुनियाँमा अशान्तिको सर्वप्रथम निदान रहेछ। अब शान्तिको निमित्त यी दुइमा एउटाको अस्तित्व नै मेटिदिनुपर्‍यो। जहाँसम्म दुनियाँमा यस्तो प्रतिद्वन्दी वर्ग रहन्छ, त्यहाँसम्म मेरो लक्ष्य पूरा हुनु खपुष्पबराबर छ।'

अनि उनले आफ्नो तपस्याको प्रभावले हावालाई चट दबाइदिए। खुशी भएर मेघ बिजुलीमा हाँस्यो। 'तप तप' 'बर बर' पानी वर्षाउन लाग्यो। तर एकै पलमा आर्तनाद सुनियो—'मर्‍यौं बाबा! मार्‍यो बा!…।' अनि स्वयं उनलाई पनि कष्ट दिएर अनुभवले भन्यो—'युवक! हावामा नै संसारको जीवन निर्भर छ। त्यसलाई रोकेर श्रेय लिन खोज्नु अकाण्डताण्डव हो।'

उनले झट हावालाई छोडिदिए। संसारले एउटा संकटमोचन पायो। मेघ र हावाको भने फेरि महासंग्रामको श्रीगणेश भयो। अशान्तिले सब चराचर छोएर सिंहावलोकन गर्‍यो। अनि महाउद्भटले रिसमा आँखीभौं बङ्ग्याएर मेघ जतिलाई समेटे, आफ्नो प्रभा कारागारभित्र बन्द गरिदिए। सरसर हावा मात्र चल्यो।

शान्तिको उदयमा तरु लताहरू हिलेर नाचे । तलाउमा जलवीचिहरू नागवेली परेर खेले । महाउद्भट विश्वशान्तिमा अरू अरू निकै सन्तोषजनक सफलता लिन खोजी नै रहेका थिए ।

धेरै दिन बित्यो । धान्यकोष, रत्नकोष महाउद्भटसंग त पर्याप्त नै थियो । अरू सामान्य दुनियासंग त के थियो र ! एक दिन सब मिलेर उनकहाँ आएर बिन्ती गरे—'स्वामी ! पानी परेन । अनिकाल लाग्यो । घरघरै दुनियाँ तातो हाँडीका मकै भैरहेछन् । यो असह्य दुःखबाट रक्षा गर्नामा जो निगाह !' उनले निदान विचार गरे—'ओहो ! मेघले दुनियाँमा पालनको निमित्त ठूलो भाग लिएको रहेछ । त्यसको अभावमा दुनियाँले हानि मात्र होइन, महाहानि पाउँदो रहेछ ।'

अनि उनले मेघलाई पनि छोडिदिए । वर्षा राम्रो भयो । सहकालले स्वर्णसूचना दियो । शरत् आयो । महाउद्भटले सुधालिप्त रजनीमा, सौरभित उद्यानमा घुमेर चाँदनीको सुषमा हेरे, जता हेऱ्यो उतै मन रमाउँछ ! उनले त्यस वेला निकै नै शान्तिको मधुदर्शन पाए । नगीचै तलाउ थियो । चाँदनी पिएर मस्त भएका जलतरङ्गहरूको नृत्यसुषमा हेरे, त्यहीं चन्द्रकमलहरूको आभामय सौरभि मुस्कान ! तर त्यहीं शोकजनक एउटा घटना पनि देखे—अलि पर सूर्यकमलहरू रोइरहेका छन्, चन्द्रकमलहरूको शुभ उत्कर्षमा उनीहरू आँखा चिम्लिरहेका छन् । न जाने त्यो अशान्त घटनाभित्र कुन रहस्य छिपेको थियो !

महाउद्भटले त्यसको पनि निदान खोजे, पत्ता लगाएर

विचार गरे—'विरुद्ध आचारका स्वामीहरू हुँदा तत्तत्पक्षीय प्रजाहरूको वर्ग भिन्न भएर आफूलाई द्वेष र द्रोहको मुहान तुल्याउँछ। "नश्यन्ति बहुनायकाः" भनेको ठीक हो। स्वामी एउटै हुनुपर्छ, सेवकवर्गले स्वामिनिर्दिष्ट एकै धर्मको धारामा बहनुपर्छ। यी दुइका स्वामी एक चन्द्र मात्र बसून्, अब सूर्य जाऊन्। चन्द्रमा कति शीतल छन्, कति कोमल! कति प्रजा-वत्सल! हामीलाई उनी भए पुग्छ। व्यर्थ अशान्तिको निमित्त सूर्यलाई स्थान दिन सकिन्न।'

उनले सूर्यलाई बन्द गरिदिए। कति दिन, रात चन्द्रकै मात्र प्रकाशले उज्यालो भए। उनका किरणलाई पहिलेपहिले त दुनियाँ अमृत भन्थे, पछि त्यो अमृत तुषारोमा परिणत भयो, खराप! तुषारै तुषारो भन्न लागे, कन्, पछि सब प्राणीका नसा नसाका रक्तप्रवाह बन्द हुँदै गयो; सेलाएर मुटु नै चल्न छोड्यो के पहिचान गरून्, त्यो घटना सामुन्ने भएपछि! 'धत्, चन्द्रमा त उल्लू पो रहेछ,' भनेर महाउद्भटले चन्द्रलाई कैद हाले। उनको स्थान सूर्यलाई दिए। त्यो उपक्रमले त कन् छिटो यस्तो कराल रूप लियो! सब चराचर जगत् शुष्क निःसार हुनथाल्यो। अनि उनी कायल भएर चन्द्र सूर्य दुवैलाई आफ्नो आफ्नो काम गर भनेर आज्ञा दिए।

अन्ततोगत्वा उनलाई अनुभवले कोट्याएर भन्यो—'प्रकृति-बाहिर शान्ति छैन। प्रतिद्वन्दी भावहरूको विरुद्ध घटनामा नै संसार पह्लाएर गएको छ!'

—o—

दुराशा—

(१)

सडकमा दुलही लिएर फर्केका जन्तीहरूको लश्कर फूर्तिसाथ जाँदै थियो। विवाह निकै धनीको जस्तो बुझिन्थ्यो। दुलही-पट्टिबाट समारोहसाथ आएका मालमत्ताहरूको आश्चर्यमय प्रदर्शनले बटुवाहरू सडकमा चित्रलिखित थिए। बैदार्नी पनि झ्यालमा बसी त्यो एक एक गरेर निहालिरहेकी थिइन्। हेर्दा हेर्दै उनी आफूलाई बिर्सेर विचार गर्न लागिन्—'यस्ती धनीको छोरीलाई भित्र्याउने सासू कस्ती भाग्यमानी होली? यतिका मालमत्ता भित्रिएको घर भरे कति उज्यालो होला? सासू कति फुर्केली, त्यस्ती बुहारी पाउँदा?' धेरै बेरपछि उनी भित्र पसेर कत्र्याक-कुत्रुक आफ्नो धन्धा गर्न लागिन्। शङ्कर बाहिरबाट आइपुग्यो, 'आमा! भोक लाग्यो' भन्यो। उनले सुनिनन्। तीनबाजि भन्दा बल्लतल्ल सुनिन् र लेघ्रो पसारेर भनिन्—'के दिउँ बा, भोक लाग्यो भनेर? केही छैन। बरु यत्रो भाको छोराले गतिलो ठाउँमा बिहे गर्नू, पैसा कमाउनू, लाऊ आमा यति खाऊ भन्नू, त्यो त परै जाओस् राँडी आमालाई यति ठूलो भएर पनि पिरिरहने? तँ त नकच्चरै होस् बाबु!'

हाँसेर 'अँ हो, भन्दै शङ्कर आमानेर लाडे भएर पल्टन लाग्यो।

आमाचाहिं 'छड् छड्' भनेर आफ्नो धन्धातिर लागिन्। शङ्कर लगभग १२ वर्षको, देख्नको राम्रो सलक्क परेको थियो। बैदार्नीको सन्तोषको बाटो भन्नु पनि त्यही एउटा कोमल मूर्ति त हो नि !

(२)

केटो गतिलो देख्ता कतिले शङ्करलाई छोरी दिन आए। तर सबैलाई ढांचाकाँचा बुझ्दै बैदार्नी निराश तुल्याएर फर्काउँथिन्। दिन, हप्ता, महीना गरेर शङ्करले निकै वर्ष खाइसक्यो, तैपनि बूढी जहाँ पायो उहीं हात हाल्न डराउँथिन्। हुनत यो सानो बोझाले पनि उनको आधा फुल्न लागेको कपालमाथि चालीस धार्नी फलामको काम गर्थ्यो, तैपनि आफ्नो छोराको जीवन-निर्माणको निमित्त त्यसलाई उनले त्यस्तो केही मानेकी थिइनन्। अशिक्षित मानिसहरूको सिद्धान्त यसै पनि त बलियो र चिर-स्थायी हुन्छ। त्यसमा पनि स्त्रीजातिको सृष्टिकै दिनदेखि यिनी-हरूको हठसिद्धान्त एक उपन्यास नै त छ। कतिले संकाए—'ए ! शङ्कर त निकै नै हुर्किसक्यो, चार जनाले कुरा काटिसकेपछि त झन् गाह्रो हुन्छ। के सधैं नागो बनाउने छोरालाई ?' सब थाके, उनको दुराग्रह थाकेन। अखिर 'हरीपदेखि दैव डराओस्' भने झैं छोराको भाग्यदेवताले उनको हरीप आग्रहसंग लाचारीका साथ हार लिनैपऱ्यो। एउटा सेठकी छोरी औंसीकी रहिछ, शङ्कर पनि औंसीको, विवाह भयो। शङ्कर जस्तो साधारण मानिसले त्यत्रो धनीकी छोरी पाएको आकाशका तारा पाएको

हो। के लाग्छ ईश्वरको अघटनीय जालसग! एउटा तिथिको अङ्-कुसेले त्यत्रो अनाशास्य स्वर्णविभूति तानेर अकिञ्चनको हातमा राखिदियो! विवाहमा गोडधुवा आएको देख्तैमा बैदार्नीको पेटमा हर्ष अटाएन। उता घरभरी सामान! उता सुन जस्तो बुहारी! यसरी दिन उज्यालिएर आउला भन्ने उनको कल्पना पनि थिएन। छिमेकको चाडवाडमा बिनसित्तिकै कुरामा पनि उचनीच विचार गर्नामा आइमाईहरू स्वयं आचार्य भएर सगसगाउँछन्, कसैको उपदेश चाहिँदैन। त्यहाँ पनि कति आइमाई आएर दुलहीको सिउँधोदेखि पैतालासम्म हिसी परेको नपरेको, लुगा सुहाएको नसुहाएको, गहना मिलेको नमिलेको इत्यादि इत्यादि सब गर्नु-पर्ने जति पारख गरे। त्यति काममा छिमेकका कुन चतुरा आइ-माई भुले हुन् र, तैपनि कामविशेषले आउन नपाएका जतिलाई पनि बैदार्नीले निंतो गरी गरी हेर्न बोलाइन्। त्यो महत्वपूर्ण समारोह देखाएर आफ्नो गौरवलाई प्रफुल्लित दृष्टिको चाञ्चल्यपूर्ण विकासले बताइन्, दोहऱ्याइन्, तेहऱ्याइन् 'अहा! क्या गतिलो ठाउँमा संबन्ध परेछ'यो कसैले भनिदेलान् कि भन्ने उनको त्यस बेला हार्दिक तपस्या थियो, त्यो कसले जानोस्: मनोवैज्ञानिक त त्यहाँ कोही थिएन। हँ, त्यो एउटा उस्तै आश्चर्यमय प्रदर्शनमा आवेगले आउने कुरा हो, त्यसलाई कसले त्यत्रो ठानेको थियो र! उनको हार्दिक मूपिकाञ्जलिलाई संभ पो पर्याप्त थियो। त्यसमा पनि तिनीहरूले उनैले भने जस्तो एक वित्ताको प्रशंसा पो गर्न जानेनन् त, "अहा!" लौन नि हजूर' भनेर लोकात् पार्न त

किन छोड्थे नि, मनमा जस्तोसुकै लागोस्न्। त्यति पाए पनि बैदार्नीलाई पुगिहाल्यो। उनी हर्षको बेहोशीमा कसो लोकन्तीको अगाडि पनि थै थै गरेर नाचिनन्।

बैदार्नीको एक थरी १३ मुरी धान आउँथ्यो, एक थरी मुरी। घरको बुइँगलमा साना साना दुइटा भकारी थिए। तिनमा एउटा सकिइसकेको जस्तो थियो, एउटा पैठ्याएकै थिएन। बैदार्नीले माथि लगीकन त्यो सब लोकन्तीलाई देखाइन्, अरू आफ्ना अचल्तीका ठूला ठूला भाँडाकुँडा पनि। उता झ्यालबाट औंलाले देखाई देखाई आफ्नो बगैंचाको सांध देखाइन्—'त्यहाँदेखि त्यहाँसम्म, त्यहाँदेखि त्यहाँसम्म।' उता फेरि आफ्ना संबन्धीहरूको फाँट लगाउन थालिन्, 'मेरा मामाससूरा त बलदेव सर्दारका नातिहरू हुन् नि! मलाई फलानु सुब्बाले कन्यादान गरेको, मेरा भदाहरू कोही पाल्पामा डिट्ठा भएर गएका छन्, कोही डोटीमा विचारी भएर गएका छन्, इत्यादि इत्यादि।'

नजाने उनको त्यो गार्हस्थ्य उद्घाटनमा कति आडम्बरवाद छिपेको थियो। लोकन्तीलाई भने त्यो कुनै आश्चर्यको कुरा थिएन। दुलहीको माइतमा बसेर कुवेरको नौओटै खानी देखेकी मानिसलाई त्यो एउटा अकिञ्चनताको करुणाजनक दृश्य देखाउनु थियो। उसलाई त्यो हेरुन्जेल कौतुकको बदला त्यो दारिद्र्य-प्रदर्शनबाट छुट्कारा पाउनाको प्रबल इच्छा थियो। तर उनले चाहिं ठानेकी थिइन्—'संधिनीकहाँ गएर दुलहीको घरको बारेमा बयान गर्न यसलाई हर्षको सामल पर्याप्त भयो।' उस

लाई भने नानीको बारेमा एउटा करुण प्रदर्शन गरेर, दुइ थोपा आँसु झिकेर आफू आत्मीय बन्ने एउटा स्वर्ण अवसर फुरेको थियो ।

(३)

विवाहमा ससुरालीले दिएको लुगा लाएर शङ्कर ससुराल गयो । त्यत्तिका लुगा उसले कहिल्यै छुन पनि पाएको थिएन, त्यो लाएर ससुराल जाँदा उसलाई गर्व थियो, शर्म पनि थियो । तर उहाँ पुग्यो, आफू जस्तै निम्तामा आएका अरू साढूदाजुहरूको त्यो ढाँचाकाँचा, लवाइसवाइ सब देख्यो, उसको त्यो गर्व गयो, शर्मचाहिं ज्योंका त्यों भइरह्यो, अलि अर्कै रूपमा परिणत भएर। यो घरका संबन्धीहरू जति आए, कि बाइस्कलमा, कि घोडामा। आफू भने पैतला बजाउँदै गएको, त्यो कुरामा पनि शङ्करले आफू-लाई मानो मृतक संझियो । ठूलो बैठकमा अरू अरू कोही ताश खेल्न लागे, कोही तिम्रा ठटाई चरिपञ्जा गर्न लागे, उसको उपर समालोचना गरिरहने त त्यहाँ को थियो र ! भए पनि उ हरएक कुरामा आफ्नो न्यूनता कल्पना गर्छ, संकुचित हुन्छ, स्वयं लज्जित हुन्छ । जन्मेर १६ वर्ष बिताउन उसलाई त्यति गाह्रो भएको थिएन, जति त्यहाँ दुइ घण्टा बिताउन भयो ! त्यहाँबाट बिदा भएर उठ्ता त मानो उसलाई विपत्तिको अगाध महासागर-बाट उत्रे जत्तिकै लाग्यो ।

घरमा पुगेर उसले ससुरालीको घर, कोठा, मानिसको रहन-सहन प्रत्येक कुरामा यस्तो विस्तृत वर्णन गर्‍यो, बैदार्नी छक

परिन् ! त्यही दिन आमासंग भनेर शङ्करले एउटा बाइस्कल किन्यो । आफ्ना साला जेठानहरूको कोठाको झिलिमिली, लवाइको महत्व संझी संझी उसलाई आफ्नो स्वास्नीको अगाडि मुख देखाउन पनि लाज लाग्यो । यसैले उ हरेक दिन, हरेक क्षण त्यही कुरामा भगीरथ प्रयत्न गर्न लाग्यो—'के गरे कोठा झिलिमिली हुन्छ, के लगाए आफू चट्ट परिन्छ ?' त्यसको त्यो उपक्रम देखेर आमाचाहिंले पनि भनिन्—'शङ्कर ! कोठा आफूले भने जस्तै पार्न त, म पनि अरू घरको विचार गर्छु । हामीले गर्दा उनीहरूको समेत इज्जतमा कलङ्क लगाइदिन हुन्छ र ? फलानाको ज्वाइँको घर भन्छन्, अर्काले भन्न नपाउने पार्नुपर्छ । गर् , कति खर्च लाग्छ गर् । झिकौं भने के र हज्जार, २५ सय रुपियाँ हामीसंग छैन र ? जति लाग्छ खर्च गर् । भित्रको कुरालाई के त त्यत्राको संबन्ध परेपछि केही आड भरोसा होओइन त ? अवश्य हुन्छ ।'

आमाबाट पनि त्यति उत्साह पाउँदा शङ्करलाई आफ्नो कासमा फूर्ति आयो । कोठामा अघिका पुराना मालताल, सत्रञ्जा कुत्रा गलैंचाहरू सब मिल्काएर नयां नयां फैलायो ! रंग रोगन पनि जानेसम्म फर्माउन लगायो, तस्वीर पनि २-४ वटा, सन्दूसहरू पनि पुराना छाँटका फालेर, नयाँ छांटका जम्मा गऱ्यो । किसिम किसिमका फर्मायसी सामानहरू झिकायो ।

छोराले सकेसम्म कोठा सिगाऱ्यो त बूढीले त्यो भन्दा तेब्बर खर्च गरेर सब घरै सिंगारिन् । नोकर-चाकर थिएनन् , तिनको

प्रबन्ध पनि भयो। किनभने त्यत्राकी छोरीलाई कसरी भांडा मझाउने, कसरी पानी बोकाउने, अथवा बुहारीलाई मालिक्नी तुल्याएर आफू कसरी लदिने? पहिले दुइ जीवको निमित्त परिमित साधारण खर्च थियो। अव बुहारी थपिइन् त, साथसाथै नोकरचाकरहरू थपिए, बुहारी पनि जस्तो पायो उस्तै लाउने, जस्तो पायो उस्तै खानेचाहिं हुइन। उनको निमित्त सधैं शक्ति-बाहिरको खर्च गर्नुपर्छ, इज्जतकै निमित्त। बुहारीको अगाडि लाउन खानमा निम्नस्थिति लिन सासूलाई पनि सुहाएन, शङ्कर-लाई त परै जाओस्, त्यो पनि इज्जतकै निमित्त। फेरि नोकर चाकरहरू पनि त नाङ्गै हिंड्दैनन्, भोको बस्तैनन्। त्यो घरमा शङ्करको विवाह भएपछि यस्तो इज्जतकाण्ड उठ्यो जसमा अप-व्ययका सयौं अध्याय थिए।

त्यो घरको चालचलन अघि कस्तो थियो! त्यो कुरामा दुलही अनभिज्ञ नै थिइन्। वैदार्नी आफ्नो घरको परिस्थिति-लाई निकै उच्च पारें भनी भुइँमा खुट्टा राख्तिनथिइन्। दुलहीलाई भने आफ्नो मातृगृह छोडेर त्यहाँ बस्ता मूसाको खोरमा थुनिए जस्तो लागिरहेको थियो। त्यो घर उनलाई नरमाइलो र शून्य लाग्यो। यसैले हरहमेशा उनको हृदयमा माइतको चित्र प्रति-बिम्बित भइरहन्थ्यो। उनको आँखा सधैं अश्रुपूर्ण र हार्दिक वेदनाको संकेतक थियो। मुखमा दिनदिन कान्ति हराउँदै थियो।

हृदयको गुप्त वेदना कसले जानोस्! उनको दैन्यपूर्ण मलिन अनुहारको सन्देश भने वेला वेलामा माइत पुगिरहन्थ्यो। आमाको

मन त हो नि, आफ्ना छोराछोरीको उपर त्यो कति कोमल हुन्छ, कति स्नेहमय! 'नानीले न्यास्रो मानिछ' भनिठानेर उनले सावित्रीलाई अर्थ्याएर पठाइन्—'तिमी नानीसँगै बस, जाउ'। सावित्री आएपछि दुलहीको चेहरा बदलियो। आफूले जानेदेखि माइतमा बसेकी बाहुनी देख्ता उनलाई आमा देखे जस्तो लाग्यो। बैदार्नीलाई बाहुनी त चाहिएको थिएन, दुलहीको अनुरोधले चाहियो। डेढ वर्ष बित्यो।

(४)

दशैं आयो। ठूलो जहानलाई लत्ता कपडा किन्नुपर्‍यो। अघिल्लो वर्ष गजबको मधिशे खसी ल्याएको थियो। च्याङ्ग्रो भेडोले टार्ने मौका छैन। अहिले के ल्याउने हो! शङ्करको जुत्ता फाट्यो; कोट नफाटे पनि उही कोट लगाएर कसरी ससुरालमा टीका लगाउन पठाउने? बुहारीलाई त कस्ता-कस्ता सारी चाहिने हुन्, भिन्नै रोजाउनै छ। क्रीम पाउडर सकियो भनेको निकै दिन भइसकेको छ। बूढीले आफ्नो भित्री कोठामा पसेर सन्दूस खोलिन्, एक छिन टोलाइन्। अनि धेरै बेरमा बाहिर निस्केर भनिन्—'अचेल त कस्ता रद्दी र मात्र कपडा आएका छन् रे बाबै, बजारमा। किन्दिनँ म त, यिनै अघिका पुराना-फाटाले काम चलाउँछु बरु, अहिलेको वर्ष।

अरू अरूले आफू आफूमा मुखामुख गरेर हेरे। बैदार्नी फेरि कोठाभित्र पसिन् र सन्दूस खोलिन्। शङ्कर बाहिरबाट आएर

'आमा आमा' भन्दै कोठाभित्र पस्यो ! बैदार्नीले केही उडेको चेहरामा केही झर्किएर सोधिन्—'किन आमा आमा ? किन हो ?'

शङ्करले आमाको चेहरा देखेर अलि मन्द स्वरमा भन्यो—'आज साइकलको टायर कीला पसेर छिया छिया भयो, नफेरी भएन। अर्को सानू काम पनि छ, १० रुपियाँ दिनुहोस्न।'

बैदार्नीको मुख त्यो सुन्दा रगत चुहिएला जस्तो भइसकेको थियो, आँखाभित्र के के राँको बले जस्तो भइसकेको थियो। उनले क्रोधपूर्ण स्वरमा'ला' भनेर एकबाजि शङ्करलाई लप्पु खुवाइदिइन्। आमाको यस्तो अकाण्ड क्रोध बलेको शङ्करले कहिल्यै पनि देख्नु-परेको थिएन। शङ्करको पनि मुख मलिन भयो। एक छिनसंम उ खम्बा जस्तो भएर उभिइरह्यो, मौन, स्तब्ध। अनि फरक्क फर्केर आफ्नो कोठामा गएर पल्टियो। बाहुनी बज्यैले बिस्तारै बैदार्नीको कोठाभित्र पसेर मसिनो स्वरमा भनिन्—'बाबु आइपुग्नुभयो, खाजा के बनाउने हो ? नानी पनि भोकाउनुभएको छ।'

'केको खाजा, इलम न सिलमको लम्फूलाई' बैदार्नीले झन्किएर भनिन्। बज्यै नबोलीकन फर्किइन्। भित्रपट्टि बैदार्नी एक छिनसंम आफै भुतभुताइरहेकी नै थिइन्—'ओठमा लाउने चिल्लो छैन वसिंगरे पूज्ना।' धेरै बेरमा एउटा लिप्टोले कपाल कसेर बैदार्नी कोठाबाट निस्किइन् र सावित्रीलाई भनिन्—'आज कपाल दुखेर न बोल्न जाँगर छ न केही गर्न। जसले जे बोले पनि रिसै मात्र उठ्छ। जाऊ बज्यै ! आज छिटै भात पकाऊ, एक छिन त हो

नि, यिनीहरूलाई खाजा पनि त्यही हुन्छ । मलाई त खान मन पनि छैन, चामल ज्यादा नहाल । तिउन पनि साग साग के के छ क्यारे त्यही भए हुन्छ कहिलेकहीं लाई ।'

साविञीले शङ्करको दुलहीसंग के के कुरा गरिन् कुन्नि, दुलही चाहिनेले १ रुपियाँको मिठाई किन्न पठाइन्, सुटुक्क नोकरलाई । शङ्करलाई पनि रिकापीमा हालेर पठाइदिएको रहेछ, उ निस्फिक्री-संग खाँदै थियो । उसलाई त्यो दुलहीको प्रबन्ध हो भन्ने थाहा थिएन । त्यसै वेला बैदार्नी छोराको कोठाभित्र मनमा कुराको थैलो लिएर पसिन्, खान लागेको शङ्करलाई देखिन्, देख्नासाथ उनका आँखा रिसले धपक्क बले । एकछिन त मौन क्रुद्ध महा-काली जस्ती भएर उभिइरहिन्, छोरालाई हेरेर । पछिबाट क्रोधकंपित स्वरमा भनिन्—'थुइक्क पाजी ! इलम न सिलम मर्न आँटेकी आमालाई रिनमा गाडेर मिठाई घिच्न लाज लाग्दैन ? मेरै चौटा छिकेर खा न बरु, कुलाङ्गार !'

त्यो सुन्नेबित्तिकै शङ्करले मिठाईको रिकापी पर सारिदियो । आँखामा पानी भरियो, मुखको गाँस घाँटीको घाँटीमै अड्के जस्तो थियो । चेहरामा उज्यालोको भावतक थिएन । त्यसको त्यो अनुहार हेर्दा हेर्दै आमालाई माया लाग्यो । बाबु नभएको टुहुरो भनेर उनले आजसम्म यसरी छोरालाई गाली गरेकी थिइनन् । अलि सुस्त स्वरमा भनिन्—'कतिको किन्न पठाएको ? खै तँसंग कति पैसा रहेछ हेरूँ ? पेटभरी भात खाए पुग्छ, टुप्पिएर मिठाई खाजा खानुपर्दैन । मिठाई किन्ने पैसाले

कति दिनलाई तरकारी टर्छ,' भनेर उनी शङ्करको कोटको बगली छाम्न लागिन्।

एउटा एउटा निहुँ झिकेर बैदार्नीले दुवै नोकरलाई निकालिदिइन्। सावित्रीलाई त मुखले केही भनेकी थिइनन्। तर उ पनि 'एकबाजि नानीको माइत पुगेर आउँछु' भनेर गएकी फर्किनन्। घरको काम भनेपछि शङ्करकी बाहुनी अघिबाटै तर्सन्थिन्, सब काम बैदार्नी नै गर्थिन। बीचमा दुइ दिन सासूलाई संचो नहुँदा बुहारीले गरेकी थिइन्, तर आँसु झारी झारी। पछि सासूले गर्न लागेपछि पनि निकै दिन मुख उज्यालो भएन!

(५)

संधिनी बिरामी छन् रे भन्ने सुनेर बैदार्नीले छोरालाई भनिन्—'जान शङ्कर, एकबाजि त सासूलाई हेरेर आइज, लोकात पनि त बुझाउनुपर्छ।'

शङ्करलाई ससुराली जानु भनेपछि मरे जस्तो लाग्थ्यो। उ निकै दिन टेकमा बस्यो, आखिर आमाकै करकरले जित्यो र गयो। उसले आफ्नो साइकल १५ रुपियाँ नोक्सान सहेर बेचिसकेको थियो। उसंग १६ पैसा रहेछ र आमाले थाहा नपाउने गरीकन भाडाको साइकल एक घण्टालाई लिएर ससुराली गएको थियो। ज्वाइँ पुग्नेबित्तिकै ससुराचाहिंनेले नोकरलाई बोलाएर भने—'ए शङ्खबहादुर! ज्वाइँ एकछिन बसिहाल्नुहुन्छ, जा उहाँकै साइकल कुदाएर भए पनि डाक्टरलाई तुरुन्त लिएर आइज, नलिईकन नआइज नि!

'हुन्छ' भनेर नोकर गयो। २ घण्टा बित्यो नोकर आएन। एक किसिमले उहाँ पुग्नेबित्तिकै शङ्करको लक्ष्य पूर्ण भइसकेको थियो। बीचमा यसरी रुमल्लिनुपर्ला भन्ने उसलाई सुभाशङ्का पनि थिएन। ससुरालीको सत्कारमा बसेको थियो तापनि शङ्करको मुख उत्तरोत्तर कालो हुँदै गएको थियो। अगाडि बिरामी सासूको शोकजनक कृश करुण मूर्ति नहुँदोहो त उसको निस्तेजपनाको शायद टीका टिप्पणी हुँदोहो। त्यो वेला त उसको मलिनपनले अरूलाई भ्रान्तिसै हालिदिएको थियो। बिचरा शङ्करको आँखा सडकैतिर मात्र परिरहन्थ्यो। उसलाई कहिले 'हाइ हाइ' लाग्थ्यो, कहिले पट्टाइ।

शङ्करको संभ्रमपूर्ण चेष्टा देखेर ससुराले सोधे—'हजूरको कतै जानु थियो कि, साइकल लिएर आएन।'

'छैन, केही भएको छैन' शङ्करले कृत्रिम स्मितमा मन्टो हल्लाएर भन्यो। फेरि ससुरा बूढाले आफ्ना घरबारको कन्था तुन्न लागे—'अहिलेको वर्ष मेरो पनि साढे सात, हजूरको सासूको पनि साढे सात, यो कहिले जाला जस्तो भइराखेको छ। उता खयरको ठेक्काबाट पनि ३० हजार नोकसान पर्‍यो, मधेसको आम्दानीमा त्यस्तै........' इत्यादि।

पूरा साढे तीन घण्टा बितेपछि बल्ल बल्ल साइकल त आइपुग्यो, तर बूढाको गनथनको अध्याय टुङ्गिएको थिएन। शङ्करले मन नमानी नमानीकन सही थापिरहन कर लागेको थियो। बूढालाई आफ्नो ज्वाइँसंग मनका कुरा पोख्न पाउँदा समय

गएको पत्तै थिएन। ज्वाइँचाहिनेलाई भने बूढाको दाह्रीसाह्री पनि उखेलेर जाऊँ कि जस्तो भइसकेको थियो। लाम्मिदै लाम्मिदै बल्ल बल्ल एउटा अध्याय खतम भयो। अर्को अध्याय पनि शुरू हुन हुन आँटेको थियो, त्यसै वेला हत्तपत्त शङ्कर बिदा मागेर हिँडिहाल्यो।

त्यहाँबाट निस्केर शङ्कर बाइस्कलपसलतिर लागेन, सरासर आफ्नो घर गयो, तल छेंडीमा कसैले नथाहा पाउने गरी साइकल राखेर आमाको कोठामा सुरुक्क पस्यो। दैवसंयोग! आमा कता गएकी थिइन्! उनको चोलाको थैलीमा एक रुपियाँ दाम रहेछ, त्यो लिएर सुरुक्क बाइस्कल पसलतिर जान निस्कियो।

× × ×

एक महीनापछि शङ्करकी दुलही माइत गएकी आएकी थिइनन्। एक दिन बदार्नीले छोरालाई भनिन्—'शङ्कर, सुनिस् तेरी सासूका कुरा? हाम्रा छोरी भात पकाउन, भाँडा माझ्न सक्तैनन्। मन पर्दैनभने ज्वाइँले, संधिनीले जानेको गरे हुन्छ भनेर भन्थिन् अरे। धिक्कार! कस्तो ठाउँमा संबन्ध गरिएछ। "जानेको गरे हुन्छ" भन्या के भन्या? त्यो हामीलाई हेपेर भनेकी हैन? हुनत उनीहरूले हेपे भन्नु के कुरा, आफ्नो बुहारी भएकीले त पाइलैपिछे हेपी। उ पलेटी मारेर गजधंम भएर बस्ने, म बूढीले भांडा माझ्ने, भात पकाउने। सांची भनूँभने आईभने पनि केको गुन संझेर घरमा पस्न दिनुछ र। त्यो धनीकी छोरी

भएर हामीलाई के लडीबडी लाई त! खै यत्तिकै त रहेछ नि। कत्ति न होला भन्नु मात्रै त रहेछ। अस्ति यहाँबाट त्यत्तिको लाएर जाँदा जानेबित्तिकै आमाचाहिनेले—'मेरो बाबा! कस्तो माग्ने घरमा परिछौ! यत्तिको थाङ्ना त बरु हाम्रै नोकर्नीहरू लाउँछन् भनेर रे छोरीलाई अँगालो हालेर रोइन् अरे। त्यसरी किन रुनुपर्थ्यो! त्यत्तिकाले छोरीलाई हप्ता हप्ता दिनमा फेर्न सन्दूसका सन्दूस लुगा पठाएको भए त भैहाल्थ्यो नि, किन आफू रुनु, किन अर्काको हुर्मत लिनु!"

(६)

'तै रिन तै रिन बूढी बाख्री किन्' भने जस्तो ३ सय रुपियाँ रिन गरेर बैदार्नीले छोराको अर्को बिहा गरिदिइन्, केटी सर्व-साधारण आफूसमानकी छोरी। दुलही आउनेबित्तिकैदेखि घरको काम गर्न लागिन्। पहिलेपहिले मात्र हो, पछि त घरको काम भनेपछि त सिन्कोसम्म पनि सासू सार्दिनथिन्। नयाँ ससुराली-कहाँ शङ्करको हिमचिम, आव़तजाव़त राम्रो थियो। शङ्करले १५ रुपियाँको नोकरी गर्न लाग्यो। छोरीलाई आमाको न्यास्रो मेट्ने सासू, सासूलाई छोरीको न्यास्रो मेट्ने बुहारी; परस्पर-मिलित समानप्रेमको त्यो कपोतदाम्पत्य! शङ्करको घरमा सधैं सन्तोषको स्व़र्ण प्रभात थियो, आनन्दको व़ासन्तिक सौरभ्य!

'कसैको फर्मास, कसैको सर्वनाश,' भने जस्तो त्यो सन्देश सुन्दा उता शङ्करकी अघिल्ली दुलहीलाई पीर मात्र होइन,

महापीर परेको थियो। लाउन, खान आफ्नो घरमा भन्दा माइतमा नै राम्रो छ। प्रेम छ भनूँ त्यो अनाहृत दीन घरमा के प्रेम, कोसंग प्रेम! भए पनि नजाने उनलाई भविष्यभावनाले के भन्यो, उनी दिन दिन निदाउरी हुँदै गइन्। आमाचाहिं भने भनिरहेकी नै थिइन्—'भैंसीलाई सीङको के भारी छ? एउटी छोरीलाई पालुँला त।' तर अघि मात्र छोरीलाई आमाको आदरपूर्ण यो कुराले उत्तेजना र सान्त्वना दिएको थियो; मानो त्यो कुरा अमृत थियो। अबभने त्यो कुराले उनलाई उत्तेजनाको सट्टा वेदना हुन्थ्यो, अमृतको सट्टा तिक्त हलाहल! टीकाको दिनसम्म उनले रात र दिनलाई कल्प जस्तो गरेर बिताइन्, टीकाको दिन घर गइन्। माइतीहरूले के विचार गरेका थिए, उनले उहाँ पुगेर अर्कै विचार गरिछन्। उनी फर्किनन्।

शङ्करको पक्षपात कान्छीपट्टि सविशेष थियो, जत्तिको जेठीले कल्पना पनि गर्न सकेकी थिइनन्। सासूचाहिंसंग मेल हुनु त फुटेको काँच जोडिनु नै थियो। अनि उनलाई कसरी शान्ति होस्! अंश छुट्ट्याएर बेग्लै बसून्, उनको नव्य भावनाक्षेत्रमा अंशको के मूल्य छ! जेको मूल्य थियो, त्यो ऐनाभित्र छ या त स्वप्नभित्र। उनी जुन कुरामा आफ्नो अधिकार देखेर गर्व लिन सक्थिन्, त्यो अधिकार अहिले अर्काको उच्छिष्ट छ, अपहेलित छ। उनलाई थाहा छ—'प्रेमको विशाल राज्यमा आफ्नो स्वत्वको एउटा परमाणु पनि छैन।' कहीं उजूर गर्ने कुरा छैन। वेदना मुटुभित्र छ। देखाउन गाह्रो छ। खालि 'केले टाकिसस् मरीच?

आफ्नै पीरले' भने जस्तो उनलाई भइराखेको छ। ईश्वरको इच्छाले कान्छीपट्टिबाट नाति जन्मँदा बैदार्नीको हर्षको सीमा थिएन। शङ्कर बनारस गएको थियो। उसले उहीं त्यो खबर सुन्यो। आउँदा असल असल दुइटा बनारसी सारी लिएर आयो 'गरीबले किन्या सारी के हेरिसक्नु छ र, भए पनि हामीलाई त राम्रै लाग्यो नाइँ,' भन्दै बैदार्नीले नयां सारी फेरिन्, एउटा छोराकी आमालाई दिइन्। त्यो लाउन जेठी बुहारीलाई यसै उसै सयकडा १ पनि आशा थिएन, तर विनाकाममा त्यति तीखो र विषालु वाग्वाण कोखामा बिझ्ला भन्ने त झन् हजारकडा १ पनि आशङ्का थिएन। तर के लाग्यो! शक्तिशून्य अभागीको सहनु भन्दा अर्को के बल छ र भनिठानिन्, सहिन्, एक वचन पनि फर्काइनन्। कान्छी छोरो काखमा लिएर बस्दा घरकी साम्राज्ञी 'मैं हुँ' जस्तो ठान्थिन्, झण्डै सासूलाई त हुकूम चलाउँला जस्तो गर्थिन्, सौतालाई के बाँकी राख्थिन्! सुत्केरीलाई सुसार गरिदिउँभने कति भए पुग्छ? घरमा नोकर छैनन् सब काम सौताको टाउकामा उनी वैराउँछिन्। आफ्नो कर्मगतिले गर्दा भाग्यको त्यत्रो परिवर्तन भयो। उसमाथि सौताको सुसार, त्यसमा पनि पाइलैपीछे अपजस, अनादरपूर्ण क्रूर वचन! रामलाई मनाउन हनुमानको सुसार गर्नु छ। एक दिन होइन दुइ दिन होइन, बिचरी जेठी दिउँसोभरी कामले सास फेर्दिनन्, रातभरी एउटा अन्धकारपूर्ण शून्य कुनामा बसेर आफ्नो टाउकोलाई सराप्छिन्। त्यो खबरले माइतीहरूको छाती छिया छिया

भएको थियो। उनीहरूले उनलाई माइत लान कति कोशिश गरे, तर उनले मानिनन्।

एक दिन कान्छीचाहिं काखमा छोरो लिएर दूध खुवाउन लागेकी थिइन्, दूधमा ध्वांसो जस्तो केही कालो चीज परेको रहेछ। त्यो देखेर उनले क्रोधदीप्त स्वरमा भनिन्—'छिः कुन कर्मचण्डालले बालकलाई मार्न दूधमा के हालिदिएछ ? बिख पो हो कि ?' त्यो सुन्नेबित्तिकै बैदार्नी लाल लाल मुख पारेर नगीचै आइन्, हेरेर भनिन्—'हो बाबै ! यो दूध नखुवाईकन राखिछोड्,हातले पनि नछो। भरे बाबु आएपछि देखाईकन कसले हालेको रहेछ पत्ता लगाईकन, चुल्ठोमा समातेर सबै टोल छिमेकीको अगाडि घरबाट ननिकाली त के छोडुँला त।'

हुनत त्यो आक्षेपपूर्ण शब्द कसको उपर हो,व्यक्ति नतोकेकोले सबैको निमित्त हुनुपर्ने हो। तर त्यो घरमा त्यस्तो आक्षेपयोग्य अर्को व्यक्ति को छ ! सासूको मर्मवेधी त्यो बाण उनैको हृदयमा बिझ्यो, जो सर्वावहेलित शङ्कापात्र थिइन्। अनि शोकको असह्यतामा उनले अश्रुसिक्त मुखले भनिन्—'हुन्छ निकाल्नुहोस्, त्यति त बाँकी छ नि ! त्यो दूधको बालकको उपर त्यत्रो अपराध गरिछु।'

उनको त्यो अमर्षपूर्ण प्रत्युत्तर बूढीको क्रोधाग्निको निमित्त घृतसिक्त समिधा थियो। 'अरु तँ मुखमुखै लाग्छेस् ?' भनेर बैदार्नीले एकदम चुल्ठोमा समातेर चोटामा रिङाइन। बुहारीको आंखा

बाट बर्र बर्र आँसु झर्‍यो, मुखबाट त एक अक्षर पनि निस्केन। बोल्नु पनि त त्यहाँ मुर्दालाई बुकुवा लाउनु त थियो। सौताको अगाडि त्यो हुर्मत! उनलाई प्राणान्त मर्म भएको हुँदो हो। भए पनि उनले आफ्नै भाग्यलाई धिक्कारिन्, प्रतिकारको बदला उनले अश्रुपूर्ण दृष्टिमा सासूलाई ढोगिदिइन् र नबोलीकन घरबाट निस्किन्।

त्यो दूध बेलुकासम्म कचौरैमा थियो, बेलुका शङ्करले हेरेर पत्ता लगाए—'बिखसिख त केही होइन रहेछ, भान्साको ध्वांसाकै लेम्रो परेको रहेछ।'

'कहाँ गई त अहिले?' सब वृत्तान्त सुनिसकेपछि शङ्करले केही वैमनस्यको स्वरमा सोधे। बुहारी डरले केही बोल्न सकिनन्। सासुचाहिंले कम्पित स्वरमा भनिन्—'खै के जानूँ? आफू त्यस्तो नराम्रो हामीले पनि केही भनेको थिएन। त्यसै जुरुक्क उठेर तलतिर लागेकी थिई, फेरि आएकी छैन। कता गई, कता गई।'

हुनत कुचाले बढानुपर्ने कसेरलाई हावाले उडायो, शङ्करलाई केही थिएन। भए पनि उ लोग्नेमानिस ठहरियो। उसले अगाडि पछाडि सब विचार गर्नैपर्‍यो। मनमा जस्तो भए पनि छरछिमेकको मुख पनि त बचाउनुपर्‍यो! आइमाई त के मन नपरेकासंग एक त्यान्द्रो गुन्द्रुकमा पनि अदालत गर्न शर्माउँदैनन्, स्वार्थको निमित्त उत्तिखेर कालभैरवी भएर मुण्डमाला लाउन पनि

बेर मान्दैनन्, तिनीहरूको स्वभावचित्रण गर्न के सक्नु छ। त्यो रात शङ्करलाई निद्रा नै लागेन, हरेक शङ्का उपशङ्काले रात कल्पजस्तो भएर बित्यो। गुप्ती चालले बुढ्दा माइत गएको पनि पत्ता लागेन। न जाने उनी कहाँ गइन्, धेरै दिन बित्यो।

तर सुनिन्थ्यो—मध्यरातमा, उनी एकपटक सडकबाट आफ्नो घरतिर फर्केर उच्च, गम्भीर, करुण स्वरमा भन्थिन् अरे, 'तिथि त्यही हो 'मलाई तारिदिंदैनौ ?' तर शब्द मात्र सुनिन्थ्यो अरे, कस्तै बल गरे पनि उनको देह देखिदैनथ्यो अरे। स्वर भने उही परिचित, तर करुण आर्त !

———

जोगी

चम्पावतीको किनारमा ठूलो पीपलको रूखमनि एउटा बाबाजी आएर बसे। परिग्रहमा उनीसंग भिक्षापात्रसम्म पनि थिएन। उनको चेहराबाट कुनै शान्त मधुर ज्योति बाहिर निस्किरहे जस्तो भान पर्थ्यो। उनको अलौकिक नीरव महत्वले दर्शकहरूको भक्त हृदयलाई मौन आमन्त्रण गरिरहन्थ्यो। दर्शनेच्छु भक्तहरूको ताँती प्रायः विश्रान्त भएको कहिल्यै देखिंदैनथ्यो। न त यो कुरा पनि कसैलाई थाहा थियो—ती को हुन् ? कहाँबाट आए ? शक्ति के छ ? कुन श्रेणीका महात्मा हुन् ? उनी सधैं मौनमुद्रा ध्यानमुद्रामा छन्। नङ्गा भूईंमा आसन जमाएका छन्, एउटा सानो आसनतक साथमा छैन। कैयौं दिन भइसक्यो–भोजनको निमित्त महात्मा न स्वयं सोत्कण्ठ छन्, न त अरूको प्रश्नमा जवाफ दिन्छन्, न त अरूको प्रवन्धलाई स्वीकार गर्दछन्। आफू भने बडा मोटा हृष्ट-पुष्ट छन्, यो निकै नै आश्चर्यको कुरा थियो। समालोचक दोषैकदर्शी या यथार्थ द्रष्टा विवेकीले आफ्नो तर्कको साँचोमा हालेर यिनको जीवन बनाउन थाल्योभने ! आश्चर्यको कुरा सामूलीमा परिहार हुन सक्तछ, अमेय दीप्ति विश्वस्त-लोकको भावनामा मग्न रुक्त छ। तर त्यहाँ त्यस्तो कोही थिएन, सब उनलाई सच्चा महात्मामा लिन चाहन्थे, उनबाट कुनै उपदेश,

कुनै सिद्धि लिन सकौतुक र साभिलाष थिए । ग्रामीण जनताको तर्कशून्य सरल हृदय सत्यतिर नै प्रायः झुक्तछ । पहिले कुनै कारणबाट पनि महात्मा दोष दिन लायक देखिएका थिएनन् ।

कैयौं दिनसम्म महात्माको ध्यान निष्ठा अविचलित र एक-रूपको देख्ता एउटाले निकै नै श्रद्धासंग खूबमनि गतिलो आश्रम बनाइदियो, परालको । गाउँले मानिस त्यस्तै न हो कामले फुर्सत हुँदैन, जो पाएको समय उनैको सेवाको सदुपयोगमा दिन थाल्यो । उनको अविच्छिन्न मौन नै थियो, तैपनि उसको यो पूर्ण आशा थियो कि—एकदिन महात्मा रिझिएर भक्तको उपर सुधावाणी र सिद्धिको पुरस्कार वर्षाइदिनुहुनेछ । उनको मौनले त्यस भक्तका सशङ्क प्रश्नहरूलाई पेटको पेटै बन्दी तुल्याइराखेको थियो । त्यो भक्त पनि अरू ग्रामीण अशिक्षितहरूको वर्गमा थियो तापनि अपेक्षित कामले मात्र, शिक्षाले थिएन । पहिले घर-बार, जहान बच्चा भएको मानिस मशानमा राती पनि के जोगी-संगै बसिरहोस्, त्यसमा पनि सूर्य डुबेपछि त महात्माबाटै आँखाको सान भइहाल्थ्यो, घर फर्कनलाई । यसै गरी गरी कति दिन आशा आशामा त्यो भक्त महात्माको अनुकूल भइरह्यो ।

गाउँमा फाटफुट फाटफुट चोरी त भइरहन्थ्यो । एकताक निकै नै चम्कियो । कसै कसैको त निकै नै नोक्सान पार्‍यो । आप-त्तिमा त्यहाँ शरण को थियो ! मौन छोडेर बताइदिए सबभन्दा छिटो त विश्वद्रष्टा महात्मा छन् ! पत्याएपछि दुनियाँको यो भावना पनि ठीकै हो । नगीच अड्डामा हुलिया त गयो । कसैलाई शङ्का

गरेर उभ्याउन नसके, या त दसीसंग पक्रेर बुझाउन नसके अड्डाकै खोजीबाट चोर पक्रिन विलम्बकै कुरा छ ।

त्यो सधैंको भक्त पनि अगाडि छँदै छ । एउटा मानिस आएर हात जोरेर महात्मासंग अश्रुपूर्ण स्वरमा भन्यो—'बाबाजी! ठहरै पार्‍यो, चोरले बाबाजी ! आउँदो महीनामा छोराको विवाह गर्न भनेर ७-८ सयका गहनापात बनाएर राखेको थिएँ, कन्तुरै-समेत उचालेर लगेछ बाबाजी ! त्यसको साथसाथै अरू चार सय रुपियाँ पनि पर्‍यो बाबाजी ! ठहरै पार्‍यो । कता लग्यो होला गरीबको उपर दया गरेर बताइदिनोस्, बाबाजी !'

त्यो सुन्नासाथ महात्माले लामो श्वास लिएर अश्रुपूर्ण दृष्टि उघारेर भने—'ओहो ! अस्ति चोरिएको रहेछ, उही दिन आउनुपर्दैन थियो ? बाबा ! अहिले त देश काटिसके चोरले बताएर मात्र के गर्छौं, बाबा ? चोर्न पनि दोसल्ला ओढेर आएका रहेछन् बाबा !.........'

महात्माले यति भन्दा भन्दै हडबडसाथ, आँखा फार्दै उसले भन्यो—'हो हो बाबाजी ! दोसल्लै ओढेर आएका रहेछन्, एउटाले त दोसल्ला घरको कर्सामा छोडेर पनि...,जान्नुभयो बाबाजी, जान्नुभयो ! के गर्नु उही दिन आउन जानिनँ, तैपनि केही उपाय लाग्छ कि बाबाजी ?'

'लाग्दैन बाबा ! घर जल्न लाग्दा पो पानीले काम गर्छ खरानी भइसकेपछि के गर्छ, बाबा ?'

महात्माको अदृष्टदर्शिताको सराहना गर्दै चुकचुकाउँदै त्यो आगन्तुक व्यक्ति फर्कियो। 'भक्तवत्सल महात्मा अर्काको दुःखमा आफ्नो ध्यान छोडेर कुरा गर्नुहुँदो रहेछ, अहो महानुभावता!' भन्दै पुरानो भक्त हात जोडेर अगाडि सर्‍यो—'गुरु! शिष्य उपस्थित छ। आज मौनले मेरा प्रश्नलाई बाटो छोडिरहेछ, सौभाग्यको मौका छ, गुरु केही संशयग्रन्थि फुकाउन चाहन्छु, धेरै कालदेखि हृदयमा दुःख दिइरहेछ!' उनको स्मितरञ्जित मौन संमति पाएपछि भक्तले सोध्यो—

'दुनियाँमा धनको काम छ कि छैन गुरु?'

'दुःखीको मद्दतको निमित्त त छ बाबा, किन छैन।

'उसो भए के गरी धेरै धन कमाउन सकिन्छ, केही उपदेश होस्न।'

'धेरै धन कमाउनाको निमित्त किन शरीरलाई दुःख दिन्छौ बाबा? मर्नेहरू यहाँको एक सिन्को लिएर जाँदैनन्।'

ओः कस्तो व्यंगपूर्ण जवाफ! विचार गरेर कुन् सक्दै अर्को प्रश्न उठायो—'सबै कुराको औषधि छ, यो पापी मृत्युको औषधि छैन?'

'प्राणी सांसारिक वेदनाको प्रचण्ड गर्मीले पिल्सिएर मृत्युको शीतल छहारीमा बल्ल विश्रान्ति पाउँछ, अब त्यो पनि रोक्न खोज्छौ बाबा?'

'भैगयो। अर्को कुरा,शास्त्रहरू "साँचो बोल" भन्छन्, यत्र यत्र सत्यको प्रशंसावादको झ्याली पिटिएकै पनि छ, तर के त साँचो मात्रै बोलेर गृहस्थीको व्यवहार चल्न सक्ला त? सत्यपालन नगरे ठूलो पाप अरे, यो नियम त साह्रै गाह्रो भयो। गृहस्थीको निमित्तचाहिं अलिकति फुकाइदिएको छैन, गुरु?'

महात्माले अलिकति हाँसे जस्तो गरेर भने—वास्तवमा कल्पना गरी गरीकन मस्तिष्क टुकटुक पारेर डराई डराई झूटो बोल्न सजिलो कि यथार्थ कुरालाई विनाकष्ट, विनाडर, विनाकल्पनासङ्ग भन्न सजिलो होला बाबा? आफै विचार गरेर भन, बाबा।'

'भैगो। लोभ त मानसिक वृत्ति हो, त्यसलाई बनाउनुओर्नुपर्ने दुःख केही छैन। फेरि त्यो नभए सृष्टिमा के प्रवृत्ति चल्न सक्ला? सृष्टिकै निमित्त पनि स्रष्टाको एक मुख्य साधना त्यो लोभ छ। त्यसैलाई क्न् भगवान्ले नरकको ढोका बताउनुभएको छ, अभियुक्तहरू पनि त्यसको निन्दै गर्दछन्। के हजूर लोभ त्याज्य नै हो भनेर राय दिनुहुन्छ त गुरु?'

'अरे बाबा! लोभ गरेर के पायो? संसारमा तिम्रो लोभले नजुठ्याएको चीज गतिलो कुन देख्न पाइएला? तर लोभले काम कुनचाहिं पूरा भयो बाबा? राज्य पायौ कि, स्वर्ग देख्यौ कि, के गर्‍यौ? तिम्रो लोभको दुवै अंजुली सधैं रित्तो छ बाबा! अझ पनि नथाकेर के लोभ गर्छौ?'

'भैगयो। अझ यो एउटा प्रश्न झिजो लाउन चाहन्छु—'ईश्वर

छन् भन्छन्, यो के असत् वस्तुलाई सत् तुल्याएर भावना मात्र बलियो पारेको हो कि, ईश्वर पनि छ ? भएदेखि कति खान नपाएर भोकै मरिरहेछन्, दीनबन्धु नामको त्यो किन गरीबको मुखमा गाँस हालिदिंदैन ?'

'राज्यको काम नगर्ने, एउटा कुनामा बसेर 'आँआँ' मुख बाइरहनेलाई राजाले मुखमा गाँस हालिदिन पक्षपात हुँदैन बाबा ? राज्यका बिकम्मा त्यस्ता लाखै मरिरहुन् न राजालाई के नोक्सान छ बाबा ? काम गर्नेलाई दिएनभने मात्र उसलाई दोष लाग्छ बाबा ।'

यस्तै सवाल जवाफ हुँदाहुँदै दिन डुब्यो, महात्माको आज्ञा पाएर भक्तचाहिं घरतिर लाग्यो, बाटामा विचार गऱ्यो—'धन्य महात्मा ! कति हृदयस्पर्शी उत्तर !'

(३)

त्यो दिनको रात बित्यो, भोलिपल्ट पनि । तेस्रो दिन राती गाउँमा फेरि चोरी भयो, तर अड्डाका सिपाहीहरू गुप्त भेषमा घुमि नै रहेका थिए । तिनले चोरहरूलाई युक्तिसाथ पक्रे, बाँधेर भोलिपल्ट अड्डामा पुऱ्याए । निकै नै कोर्रा खाएपछि ती सबका सब कायल भए । त्यो पटकको धन त ओसार्नै पाएका थिएनन्, अघि अघिको चोरीमा समेत उनीहरू नै कायल भए, तिर्न मञ्जूरी गरे । कहाँ राख्या छ ? तिमीहरू को नाइकेको हो ? भन्दा तिनीहरूले साफसाफ भनिदिए-'फलाना ठाउँमा पीपलको रूखमनि झुप्रोभित्र भूईं खनेर राखेका छौं, हाम्रा नाइके पनि तिनै नङ्गा बाबाजी हुन् ।'

अरू कुरा पनि तिनीहरूबाट नै यथार्थसंग पत्ता लाग्यो, राती तिनीहरूबाट नै जोगीलाई गुप्त भोजन-प्रबन्ध पनि हुँदो रहेछ तब ती त्यस्ता मोटा रहेछन् !

× × ×

सिपाहीहरू पक्रन गए, तर त्यस्ता चतुरा जोगी किन पक्रि-इन्थे, राती नै भागिसकेछन् । धन पनि गाउँमा चोरिएको जति सब कुटीभित्र भूइँमा गाडेको पाइयो । भारतवर्षमा फेशनका जोगी, विषयका भोगी यस्ता जोगी बाउन्न लाख छन् भन्थे, शायद यी पनि तिनमध्ये एउटा होलान् ।

लाहुरे

(१)

झरीको साँझ छ । पूर्वपट्टि चिलाउने घारीतिर झ्याउँकीरी कराइरहेछ । अलि वर खोल्सो सुसाइरहेछ, गम्भीर । नगीचै एउटा परालको झुप्रो छ । पालीबाट माथि बिजुली चम्केको, मेघ बौलाएर मडारिएको हेर्न हुन्छ । चारैतिर अन्धकारमा शून्यता छाइरहेछ । झोपडीभित्र अगेनामा एउटा मूढो झल्याक-झुलुक बल्छ, एउटा धुवाउँछ । अगेनाको उपल्लापट्टि २–३ जना केटा-केटीहरू पक्ल्याक पुक्लुक अनाथ जस्ता भएर एउटा झुत्रो गुंद्री-मा सुतिरहेछन् । तिल्केकी आमा भित्तोपट्टि फर्केर घोरिएकी छ, गालामा हात छ, छिनछिनमा शोकपूर्ण निःश्वास । मानसिङ अंगे-नामा गोडा सेकाएर सोतेमा भुस्सा तानिरहेछ । तिल्के ओछ्या-नमा मडारिएर 'आमा' भनेर रुन मात्र लागेको थियो, आमा-चाहिँनेले च्चु : च्चु :' गरेर पिठ्यूँमा हातले थुमथुम्याइदिई । उ फेरि निदायो ।

'केही खाएको छैन, गोडा चारेक मकैका ठेट्ना टोकेको थियो । केटाकेटी दिनभरी यता उफ्रियो, उता उफ्रियो त्यसै भोकले आलस तालस परेर सुतेको छ ।'—तिल्केकी आमाले अश्रुपूर्ण स्वरमा भनी ।

'कति ल्याएछ त ? तल्लाघर लाउरेले ?' मानसिङ्ले भुस्सा तान्दै सोध्यो। तर केही जवाफ पाएन। पछि आफैले धीर मन्द स्वरमा भन्यो—'चार सय ल्याएको छ रे, धेरै त होइन। त्यति भने पनि रिन तिरिहाल्यो के, पराईले !"

एकदम असूयापूर्ण दृष्टिले हेरेर स्वास्नीचाहिनेले भनी—'उही अर्काकै कुरा गर त्यत्ति हो। यस्ता नामर्दको त जन्म पनि नहोस्। साहूले धुरी उधारेर लाने वेला भैसक्यो !

मानसिङ दिउँसोभरी बाँझो गरो खनेर आएको थियो। भोकले आन्द्रा छिन्न लागिसकेको, थकाइले आलसतालस, उता-बाट आएर दुइ मूठी ठेट्ना मकै खायो, अलिकति पानी। के खायो भन्नु नै भोक जिस्क्यायो। उ उसै त आफ्नो खोटो कर्म संम्झेर भित्र रोइरहेकै हुँदो हो, त्यसमाथि पनि स्वास्नीको गाली के सहोस् त नि ?

'लौ भन् नामर्द !' भनेर एक मुड्की गर्धननेर हानिदियो, स्वास्नी कीरा परेको हात······भनेर भुतभुताउन थाली।

'यी आफ्ना बालबच्चा छोडेर कहाँ जाऊँ, ए राँडी ? भोलि-देखि कसले गरेर चिरिदिन्छन् नि !'

एक छिन झोपडीले मौन लियो। भित्रबाट अशान्तिको श्वास निस्केर शून्यमा मिल्यो।

\+ + +

गाउँले मानिस—'कहाँ पठाइस् लोग्नेलाई ?'

'जागीर खान गए आफै, मैले पठाउनुपर्छ ?'

'तैंले नै पठाएको हो, मानसिङ त जहान छोराछोरी छोडेर जान सक्ने मानिस त होइन। हामीले पोहोरै "जा ए ! के कुम्रे भएर बस्छस् ?" भन्या होइन र ! जाने भए गइहाल्थ्यो नि, रोयो मोरो उ त्यो बडरको बोटमनि बसेर। केटाकेटी मर्छन् कि भन्ने यति तरास थियो मोरालाई ! कतिमा आउनू भनेकी छस् नि ?'

'मैले भनेर हुने हो र ? हुनत पहिले तल्लाघरे कैं चार वर्ष जति आउनुपर्दैन भनेकी थिएँ। जाने वेलामा त कस्तो कस्तो लाग्यो। आउँदो ठूलो दसैंमा त जसरी भए पनि आऊ है, म मारी पाप लाग्ला नत्र भनेकी छु, के गर्छन्।'

'केटाकेटी यत्रो यत्रो मुख लाएर पिंढीमा बैलाइरहेका छन् बौरा। किन पकाएर नखुवाएकी त, आधा दिन चढिसक्यो ? रुञ्चे मुख लाइरहेर हुन्छ ? नजाने ठाउँमा गएको छैन। इलमै गर्न, आर्जनै गर्न गएको त हो नि !'

'उनी गइहाले, पकाउन पनि त्यसै मन लागेन। अब शुरू गर्नुपर्ला नि।'

'केटाकेटी रोए बाबू जाँदा ?

'ठूलोचाहिं पिलिपिली गर्न लागेको थियो। बरु उनैले ढिका खसालिहाले नि।...........सानु चोट परेर गाका छन् र ?' बर्र आँसु झारेर तिल्केकी आमाले भनी।

(२)

(कलकत्ता बारीकपुर पाल्टा)

चार जना सिपाही एउटै कोठामा थिए। ड्यूटीको काम सकेर तीन जना रातदिन ताशै मात्र खेलिरहन्थे। कहिले फराँस, कहिले केही। खेलबाडको कोठा न ठहरियो। अरू बाहिरिया सिपाही पनि एक फौज हुन्थे। तिनीहरूलाई न अतीतको चिन्ता थियो न भविष्यको शोच। मानो उनीहरूको निमित्त वर्तमानको परिस्थितिभन्दा प्राप्य उच्च लक्ष्य नै केही थिएन। हाँस ठट्टा, खेलबाड यत्तिले नै प्रायः उनीहरूको समय जान्थ्यो। हाँसो पनि कति लाम्रो हो, ठट्टा पनि कति घिनलाग्दो हो! तिनमध्ये एउटाचाहिं सधैं नून लागेको कुखुरा जस्तो झोक्राइ-रहन्थ्यो। न उसलाई खेलबाडमा रौस थियो, हाँसठट्टामा कौतुक थियो, न बाहिर शहरतिर घुमफिर गर्नमा। मुख लाउँथ्यो उदास निच्छाय। यस्तै नभए लाटो मगर नाम राख्दथे साथी-हरूले ?

साँझ पर्‍यो। सिपाहीहरूको लहड त हो नि! खेल्न छोडेर सबका सब बजारतिर घुम्न गए। सडकमा कोही मोटरमा, कोही ट्रामसा, कोही रिक्सामा, कोही बाइस्कलमा कमसे कम हजारौं मानिस ओहोरदोहोर गर्दथे। कोही कुनै आवेशमा छन्, कोही कुनैमा। बजार त्यसै बिजुली बिजुलीले बलेको छ। अमूल्य अमूल्य चहकदार सरसामानहरूले सबका सब दुकान हाँसिरहेछन्। कतै

फोन बजिरहेछ, कतै रेडियो, कतै ४ पैसाको माल बेच्न ४ पैसाको बल खर्चेर विज्ञापन दिन लागिरहेछन्। बजारको त्यो चकचक देख्ताभने लाटो मगरको मुखको चेहरा निकै नै बदलियो, उदास भाव मन्द मन्द हट्तै गयो जस्तो उज्यालोमा अँध्यारो बिलाउँदै जान्छ। उ औंल्याएर फाटफुट सोध्न पनि लाग्यो—त्यो के हो, त्यो के हो ?' इत्यादि।

उ आएको धेरै भएको थिएन। शहरतिर प्रायः घुमेको त पहिलोपटक नै त्यही हो। उसको निमित्त त्यहाँका सब दृश्य कौतुक र आश्चर्यका प्रदर्शन मात्र थिए। सिपाही बुंदै सिनेमा घरतिर पसे। लाटो मगरलाई पल्काउनु त उनीहरूको मुख्य ध्येय नै थियो। उसले भने त्यो मनोहर प्रदर्शनलाई कल्पना गर्न जान्ने भए शायद स्वर्गको दृश्य भन्ने थियो कि, वैकुण्ठको। सधैंको जस्तो त्यो वेला उसको मलिन चेहरा छैन, उज्यालो छ। मानो उसले जीवनको एक स्वर्णलक्ष्यको साक्षात्कार गरिरहेछ। खेल पनि निकै नै शृङ्गारपूर्ण छ पछिल्तिरका फष्ट, सेकेण्ड क्लासका दर्शकहरूलाई हेरेर उ पीर गरिदिन्छ—'यी अभागी, कति टाढा परेछन्। यो कति राम्रो !......तब न देश, उँभोतिर जाने भन्दा रहेछन् !'

बेलुका आफ्नो डेरामा पुगेर खानपीन गरे। अरू सब वरि-परि बसेर लाटो मगरलाई बीचमा राखेर गिज्याउन थाले—लौ, हेर यसको मुख ! यो हिजो अस्तिको जस्तो छ ? आज कति

कुरा गर्न थालिरहेछ। अब यो लाटो मगर होइन, बाठो मगर हो।' उचाहिं कौतुकपूर्ण प्रश्न गर्न लागिरहेछ—'हैन, भित्तामा त्यो कसरी नाचेको होली? ज्यास्तै राम्रो लाग्यो। कम्मर नचाउन र आँखा कक्र्याउनकी त बिजुली नै रहिछ नि! के जातकी होली नि त्यो? त्यस्तै यहाँ जैले पनि हेर्न पाइरहिन्छ?' इत्यादि।

आजभन्दा भोलि भोलिभन्दा पर्सि लाटो मगरमा परिवर्तन हुनलाग्यो। पछि त उसलाई सूट बूट कसेर सांझतिर एक पटक शहर नघुमे, सिनेमा हलतिर नपसे घोर अशान्ति हुन थाल्यो। साथसाथै नागरिक रहनसहनमा जिज्ञासा र कौतुक बढ्दै गयो। नेपाली कोही भेटे पनि नेपाली कुरा नगर्ने भएर गयो—चाहे उचाहिं नेपाली नै प्रश्न गरिरहोस्, उत्तर उ एकआना शुद्ध हिन्दीबाटै दिन्थ्यो।

चार वर्षपछि लाटो मगर घरबिदा मागेर हिंड्यो। पैसा त कति हुँदो हो र, शायद चार पाँच सयसम्म हुँदो हो। उ हिंडेपछि उसका साथीहरू कुरा गर्थे—'त्यस्तो रक्सीबाज छ घर त पुग्छ? एउटा तरङ्ग लाग्छ, यतै फर्कन्छ।'

नभन्दै लाटो मगर त १५ दिनका दिन फेरि डेरामा आइपुग्यो। मानो आफ्नो आफ्नो भविष्यदर्शीपनमा दृप्त भए जस्तो गरेर सब साथीभाइहरू उसलाई देखेर हाँसे। दिन त उसले पनि सकेसम्म युक्तिपूर्ण जवाफ दियो—'घर जान लागेको

थिएँ। बाटामा उतै जाने गाउँकै मानिसलाई भेटें। जे भएको पैसा घर पुऱ्याइदिनू भनेर तिनीहरूको हातमा दिएँ, आफू फर्कें।'

त्यो कुरा अरूले चाहे मनले त नपत्याइ नै रहुन्, मुखले हो त भन्नै पऱ्यो!

नजाने, किन हो! लाटो मगर त्यसरी फर्केर आएपछि निकै नै कान्तिहीन, उदास जस्तो भएको थियो। अघि जस्तै न त्यस-लाई कुनै कुरामा रौस छ, न उमङ्ग। त्यसको त्यो पुनः परिवर्तन साथीभाइको निमित्त एक रहस्यको समस्या थियो, आश्चर्यको हार्दिक प्रश्न।

तर फेरि त्यो कुन त्यस्तो महान् व्यक्ति हो र दृढसिद्धान्त, दृढनिश्चयी! वर्षाका दिन जस्तो उसको मुख पछिपछि बदलिंदै गयो साथसाथै आन्तरिक मनोवृत्ति।

(३)

त्यसको १० वर्षपछि नौतनवा बजारको बाटो गरेर एउटा लाहुरे आयो। उमेरमा २२-२३ को गहूँगोरो, लक्का जवान। त्यो पहाडतिर जान आएको थियो। एक रात त्यहीं बजारमा कतै वस्न खोज्थ्यो, यो कुरा त्यसको चेष्टाले बताउँथ्यो। हातमा एउटा सूटकेस लिएर त्यतै बजारतिर यता उता, यता उता गरि-रहेको थियो। त्यसै वेला मानो मनोवैज्ञानिक जस्ती निकै नै

रात्री एउटी षोडशीले आएर उसलाई भनी—'के यहाँ आजको रात बजारमै बस्न चाहनुहुन्छ ? नत्र मेरो घर खाली छ, पाल्नुहोस्। कुनै कुराको यहाँलाई तकलीफ पारिदिनेछैन।'

लाहुरेको निमित्त त्योभन्दा अर्की अप्सरा को थिई ? त्यसको त्यो नखरापूर्ण बोलीभन्दा मीठो अमृत कुन थियो ? त्यो सुन्नासाथ उसको पछि लाग्यो। त्यसले लाहुरेलाई यस्तो राम्रो कोठामा लगेर स्वागत गरी—मानो त्यो स्वर्गको कालिगडले कल्पनामा बनाएको थियो,–मानो कामदेवको विलासगृह नै थियो। त्यहांको नोकर थियो 'पुङ्माङ।' मालिक्नीको इशारा पाउनासाथ त्यो नोकर लाहुरेलाई पङ्खा हंकन थाल्यो। अप्सरा जस्ती त्यसले आफैले हरेक किसिमका खाना अगाडि ल्याएर राखिदिई र लाहुरेको अगाडि बसेर कोकिल कण्ठले सितारमा गाउन थाली। गीत पनि कति मधुर ! कति सरस ! त्यसको नाम चमेली हो, नौतनवाकी कुनै प्रमुख रण्डी।

लाहुरे अरखको प्याला ओठमा जोडेर गीत सुन्दै थियो, नजाने कुन वेला स्वर्ग र रसातल गर्नलाग्यो।

× × ×

लाहुरे बिहान उठ्यो, तर सडकको कुनामा। न त्यो स्वर्गको परी छ, न त्यो सुखमहल छ, न त्यो गीतको मधुर तान, न अगाडि थरीथरीका मिष्टान्न, न आफ्नो सूटकेस लाहुरे छांगेबाट खसे जस्तो

भयो। अश्रुपूर्ण दृष्टिले चारैतिर हेर्छ। न निस्सा, न प्रमाण, त्यो दुर्दशा कहाँ गएर सुनाओस्! त्यसको त्यो शोचनीय घटना देखेर नगीचै एउटा दीन व्यक्ति मानो अश्रुपूर्ण दृष्टिले त्यसलाई हेरेर सहानुभूति गरिरहेको थियो, तर सहानुभूति मात्र होइन, त्यसको विषयलोलुप प्रवृत्तिलाई आफ्नो विरक्त ईषद्धास्यले परिहास पनि गरिरहेको थियो। त्यसलाई देखेर लाहुरे के आफ्नो कुरा गर्न आंटिसकेको मात्र थियो, त्यसलाई उछिनेर त्यो दीन व्यक्तिले उच्च स्वरमा भन्यो, त्यसलाई लाहुरेको वृत्तान्त किन सुनिरहनुपरेको थियो र, सब यथार्थै न थियो!

'हेर्नुहोस्, अघि म पनि तपाईं जस्तै लाहुरे हुँ। कतिपटक आफ्ना गरीब जहान संझेर जे कमाएको पैसा लिएर पनि हिंडें, कति पटक यहीं यिनीहरूको तेर्सा आँखाको मारमा परेर तपाईंको जस्तो दशा पनि भोगें, ४-४ वर्षको फरक गरेर ३ पटक आएँ, तीनै पटक यस्तो भयो। दोष कसैलाई छैन, आफैलाई छ। अहिले बूढो भइसकें, देश लागेको युग पल्टिसक्यो, हातमा पैसा नभए के घर जाने, जीउमा शक्ति नभए दुःख गर्न देश किन जाने? त्यसैले आजकल मानु छल्नसम्म यही रण्डीको नोकरी गरिरहेछु। घर संझन्छु, रुन मन लाग्छ। यस्तै रहेछ कर्म भन्छु चित्त बुझाउँछु। अघि पैसा छँदा यही रण्डी राजा भन्थी, उ रानी हुन्थी। आफ्नो यो चाल भो, उसको खेप त्यो छँदैछ। यसैले उ रानीको रानी नै छ, म नोकर भइसकें। म पनि उतै पश्चिमतिरकै हुँ। नाम भन्नु हुन्छ भने मेरो नाम अघि मानसिङ हो। बीचमा साथीहरूले

लाटो मगर पनि भने, अहिले यो रण्डी बिकामको देखेर ए पुङ्माङ भनेर बोलाउँछे । मेरो नाम पुङ्माङ भइरहेछ । कहाँको घर, कहाँको द्वार ! जिब्रो र आँखा जोगाउन नसके केही रहेनछ, काजी !'

अमर्ष

किशोर घरको झ्यालमा बसेर सडकतिर लक्ष्यशून्य दृष्टि दिइरहेको थियो। उसको हृदय तर्कवितर्कका उत्ताल तरंगहरूको विस्तृत पारावार थियो। उसका संतप्त श्वासहरू मानो आशा र निराशाका अविरल प्रवाह थिए। उसको मलिन विह्वल चेहरा नै हार्दिक कुनै वेदनाको स्पष्ट चित्रण थियो।

उसको आज परीक्षाफल सुन्ने दिन थियो। यसपाला सफल हुँला भन्ने उसलाई एकआना पनि पूरा आशा थिएन। पहिले जाँच भनेको त्यस्तै न हो। लडका एउटा चानसमा प्याट्ट पास हुन पनि सक्तछ, फेल हुन पनि। हृदय मात्र होइन, अनुभव पनि भएका मानिसलाई यो कुरा के भन्नुपर्छ ! वास्तवमा बिग्रे पनि यो कुनै त्यस्तो शोचनीय कुरा त होइन। तर यो पनि अर्कोलाई बुझाउने कुरा पो हो त। आफूलाई परे को शोक लिंदैन ? त्यसमा पनि जसलाई फेल हुनु भनेको मानो दालभात जस्तो भइसकेको छ, त्यस्तालाई पचिसकेको फेलको कटु सन्देशले के गर्छ ! किशोर त्यो श्रेणीको लडका होइन विफल भएको पक्षमा यसको यो प्रथम अयोघात हुनेछ।

किशोरलाई अशांतिले त्यहाँ बस्न दिएन, कहाँ जाऊँ कहाँ जाऊँ भएर उ एकदम सडकमा निस्कियो। निस्कंदा उसको

हिंडाइमा अर्कै जोड थियो। नजाने त्यो जोड किन उतिनखेरै बिलायो ! हिंड्यो तर लक्ष्य थिएन। अलि पर पुगेर फेरि फर्कियो घरको ढोकामा पुग्यो, तर भित्र पस्न सकेन। ढोकाको संगारमा बसेर भुइँतिर हेरीकन उसले धेरै बेर विचार गर्‍यो। एक छिन-पछि उसलाई नगेन्द्रको याद आयो र त्यहाँबाट फेरि हिंड्यो। नगेन्द्रलाई बाटामा भेट्छु भनेर उसको स्कूलबाट फर्कने बाटो कुरेर किशोर बस्यो।

किशोर र नगेन्द्र एउटै कक्षाका साथी हुन्। नगेन्द्रको उपर किशोरको प्रगाढ स्निग्ध वयस्यभाव थियो। उसलाई पनि विश्वासले भनेको थियो नगेन्द्र तँलाई प्रेम गर्छ।' नगेन्द्र अघि निकै कम योग्यताको लडको थियो। पछि योग्यता मात्रले त उ चिन्नै नसकिने भएको थियो। त्यसमा सबको भनाइ थियो—'श्रीखंडले अर्को रूखलाई आफ्नो गुण दिएको न हो, किशोरको संगतले नगेन्द्र किशोरै भयो ए! कति सप्रियो! हुन पनि यी दुइको राम्रो मेल थियो एक ताक त। एकछिन पनि छुट्टिँदैनथे। बाहिरबाट देख्ता यी दुइटाको आत्मा पनि दुइटा छैन कि जस्तो लाग्थ्यो। किशोरको संगतले यस्तो भइस् भन्ने कुरा नजाने नगेन्द्रलाई भित्र मन पर्थ्यो पर्दैनथ्यो। कारण—त्यो सुन्दा उसको चेहरामा अर्कै छायाँ पर्थ्यो, विवर्णताको कुनै अज्ञात रूप आएर बस्थ्यो।

धेरै बेरपछि एउटा युवकसंग गफमा मस्त भएर, हातको भाउ लाउँदै आउन लागेको नगेन्द्रलाई किशोरले परैबाट देख्यो।

साथसाथै किशोरले पनि यो कुरा ताडिहाल्यो—"नगेन्द्र पास भएछ, ओहो ! कस्तो फूर्ति छ, हातको भाउ..."

किशोर उसको अभिनयको अर्थ लगाउँदै थियो। उ पनि नगीच आइपुगिहाल्यो। चार आँखा जुधेपछि त्यस्तो साथीलाई, त्यस्तो प्रसन्नमय दिनमा किशोरले बोलाइरहनुपर्ने कुरा पनि के थियो र ! पहिले कस्तै ठूलो लक्ष्य लिएर हिंडेको बेलामा पनि त नगेन्द्र किशोरसंग भेटेपछि मुलाकात नगरी हिंड्दैनथ्यो नि; त्यसकारण किशोरले फेरि बोलाएन। नगेन्द्रचाहिं फेरि टेढो आँखाले पनि नहेरीकन आफ्नो बाटो लाग्यो। बाटैमा उभिएको किशोरलाई उसले यतिसम्म पनि गनेन—मानो एउटा कुकुर बाटामा उभिएको थियो। नगेन्द्रको त्यो हार उपक्रमले किशोरको हृदयमा क्रोध पनि धप्किसकेको थियो, विरूप पनि। अगत्या किशोरले आफूलाई नउठाईकन विनयको स्वरमा उसलाई बोलाएर भन्यो—"ए, मेरो के भएछ हँ ?" नगेन्द्रले जबाफ दिनु त परै जाओस् पुलुक्क फर्केर पनि हेरेन।

नगेन्द्र त्यसरी गएपछि पनि किशोरले उसलाई आर्द्र क्रोधपूर्ण दृष्टिले देखुञ्ज्याल हेरिरह्यो। शायद भित्रभित्र केही विचार पनि गरेको हुँदोहो। किशोरले त्यहाँबाट फर्कंदा नगेन्द्रको भाइ शंकरलाई भेट्यो र सोध्यो 'नगेन्द्र के भएछ हँ ?'

उसले हर्षपूर्ण स्वरमा भन्यो—'दाजु पहिला हुनुभयो तपाईं त फेल रे हगि ?' किशोरले शुष्क स्वरमा थाह नैपाए कैं अँ भनेर

आफ्नो बाटो लियो। घर पुग्दा किशोरको मुख दैन्यपूर्ण मलिन थियो, दृष्टि सलज्ज संकुचित। आफ्नू कोठामा पुग्नेबित्तिकै टोपी र कोट पनि नफुकालीकन मानो काठको मूर्ति झैं बिछ्यौनामा किशोर पल्टियो। अनि पो उसका तरंग उम्लिन लागे—त्यत्रो गर्व ! त्यत्रो आनन्द !···पहिला भएँ भन्दैमा !"

(२)

करीब तीन मिनट पनि भएको थिएन स्कूलबाट एउटा साथी आएर किशोरलाई सडकबाट बोलायो—'किशोर, किशोर ! परिचित शब्द सुनेर किशोरले झ्यालबाट हेर्‍यो, स्मितसिक्त मुखले भन्यो—'किन गोपाल !' 'तिमी किन नआएको ? तिमी सर्वप्रथम भएछौ नि, थाहा पायौ ? रत्नप्रसाद दोस्रो, प्रकाशबहादुर तेस्रो। तिमीलाई उहाँ खोजिरहेछन्। पुरस्कारका पुस्तकहरू र तक्मा पनि आजै दिने रे तिमीलाई। तक्मा पनि सुनको यस्तो राम्रो छ, आऊ छिटो।' गोपालले संभ्रान्त आवेशमा भन्यो।

त्यो सुन्नेबित्तिकै किशोरको मनमा हर्ष अटाएन, उसलाई कहिले स्कूल पुगुंला जस्तो लाग्यो। जुत्ता लगाउन्जेलको टाइम पनि उसको निमित्त अपर्याप्त जँचेको थियो। अनि किशोर सडकमा ओर्लेर मानो हर्षको मनोयान चढी अर्को सासमा त स्कूलमा पनि पुगिहाल्यो। उ स्कूलभित्र के पसेको मात्र थियो ढोकै देखि उसको उपर सबको मुखबाट प्रशंसा वर्षन लाग्यो। किशोरलाई त्यस वेला हर्षको र आनन्दको पारावार थिएन।

उसको हेराइमा गर्व थियो, हिंडाइमा पनि झन् तेज, फूर्ति। उ स्कूलको भऱ्याङमा दुइ दुइ खुड्किलो नाघेर उक्लँदै जोडसंग जाँदै थियो। बीच भऱ्याङमा नगेन्द्र भेटियो। नगेन्द्रले किशोरको हात समातेर स्नेहपूर्ण स्वरमा भन्यो—'ए किशोर पर्खा, तक्मा पाउने भइस्, मोज मार्न।

नगेन्द्रको हात किशोरको जीउमा पर्नेबित्तिकै नजाने उसको जीउमा किन वेताल चढ्यो! उसले दर्पपूर्ण दृष्टिले एकपटक नगेन्द्रको मुखमा हेरेर भन्यो—'ताकत भएको भए तैंले मोज मारेको भए पनि त हुन्थ्यो नि!'

त्यो सुन्दा नगेन्द्रको मुख अँध्यारो भयो। उसले कृत्रिम स्मितको भावमा भन्यो—'धत् मूला, रिसाइस्! तँलाई त घमंड चढेछ, हैन?'

त्यो सुन्नेबित्तिकै किशोरले कट्ट मुड्की उठाएर नगेन्द्रको कंचटमा हान्यो र भन्यो—'हो, घमंड चढ्यो!'

किशोर त्यहाँसम्म रिसले चूर होला भन्ने नगेन्द्रले शंकासम्म पनि गरेको थिएन। गरोस् पो कसरी! जाबो परीक्षा पास हुँदैमा त्यत्रो गर्व उठ्ला भन्ने के संभावना? साँच्ची भनूँभने अर्काले रटाएको कुरा सुगा त जस्ताको तस्तो बोल्छभने, उसको हातमा कलम मसी भए लेख्न पो कम लेख्तो हो! अध्यापकहरूले रटाएको २-४ ओटा कितापको विद्वत्तामा त्यत्रो गर्व!

नगेन्द्रको हृदय पनि अमानुषिक नै थियो, उसले किशोरको त्यो गर्व प्रमत्तपनलाई किन सहन सक्थ्यो! बलमा पनि

किशोरलाई उ सहजै जित्थ्यो ! एक मुड्की कसेर किशोरको नाकमा हानिदियो । किशोरको नाकबाट तर्र रगत चुहियो । अझ पुगेन भनेर नगेन्द्रले अर्को मुड्की ताकेको मात्र थियो, किशोरले आत्तिएर करायो—'गुहार !'

त्यो आर्त क्रन्दन सुन्नेबित्तिकै किशोरकी आमाले किशोरलाई घचघच्याएर भनिन्—'किन कराएको बाबु ! के भो ?'

किशोर ब्यूँझियो । उसको अनुभूत त्यो घटना स्वप्नदेशको रहेछ । आखिरमा किशोरलाई स्वप्निक अनुभवले भन्यो, 'मनुष्यभावनामा यो सर्वसाधारण कुरा नै रहेछ ।'

———

सौताको छोरा

(१)

जितबहादुर मरेपछि उसकी जेठी स्वास्नी पनि एकै महीनाको अन्तर गरेर लोग्नेको पछि लागी। जाँदा सौतिनीको काखमा एउटा दुइ वर्षको छोरो छोडेर गएकी थिई। सौतिनी नौलीको पनि सात वर्षको छोरो थियो। जग्गाजमीन केही थिएन तापनि लोग्नेले बर्मा गएर अलिकति पैसा कमाएर ल्याएको थियो भन्थे। नौली गाउँमा एक हुँ भनेर गम्कन्थी। त्यसको राम्रो परिचय पाउने गाउँले बूढाहरू भन्दथे—'यो गाउँकी पिशाचिनी हो, नजाने यसले के के अनिष्ट गर्छे !'

यसको बोली अमृतभन्दा मधुर थियो, हृदय छुराभन्दा धारिलो, विषालु। यसको आन्तरिक क्रूरता र निष्ठुरतालाई यसको आँखा र चेहराले नै बताइरहन्थ्यो। उ सौता मरेको दिन त चोटो नै भत्किने गरेर नाची, अरूले देख्ता आंसु पनि पुछ्तथी भन्थे। यो कुरा संभव छ, देख्तैमा त कुनै असत्य अभिनयकी मूर्ति जस्ती थिई, नकटी छकटी। यसकी सौता त सांच्चिकै थिई, आँखामा हाले पनि नबिझाउने, शान्तिको मूर्ति कुनै संस्कृत-महिला झैं, वृद्ध सत्पात्रहरूकी विश्वासपात्र, पवित्र प्रेमको आधार। सत्य-द्रष्टाहरू भन्दथे—'त्यो केको मर्थी ! फलफल

स्मृतिमा नाच्तछे। नौलीको असत् विडम्बना हेर्न छायाभित्र लुकेकी होली। ज्ञानजस्तो अमर छोरो छोडेर गएकी छ। त्यसलाई उसै छोड्न सक्छे। सपनाभित्र आएर दूध चुसाउँदी हो!'

नौलीको छोरो गाउँभरीको अविजाली थियो, उ केटाकेटी भए पनि विचित्र विचित्र काम गरेर सबलाई चकित पार्थ्यो। कहिले बाँसको घोडा बनाएर चढ्द्थ्यो, कहिले कागतको चरा बनाएर आकाशमा उडाउने भन्थ्यो, कहिले सोहोरा बालेर खेल्दथ्यो। गाउँका दौंतरी साथीहरूले उसको इयत्ता लिन सकेका थिएनन्। बलियो थियो, उसंग सब डराउँथे। बूढाहरू पनि भन्दथे—'नौलीको छोरो बाँचिरह्योभने डरलाग्दो हुनेछ। हेर कति अनौठा अनौठा काम गर्छ, जखमी जखमी। पूरा नक्ले छ, मुट्ठु भएको छ, बाँसको त्यस्तो धरापबाट खस्योभने? बरु यसको देखासिकीले हाम्रा केटाकेटीले पनि पढ्न छोडे। त्यो जस्तो तमाशे भएर यिनीहरूले हिंड्न हुन्छ? बाहुनका छोरा भएर!'

नौलीको छोरो ज्ञानुलाई कत्ति सहँदैनथ्यो, जहाँ देखे पनि चिथोर्थ्यो। उ त बालक शुद्ध बुद्ध के अनिष्ट चिताउँथ्यो। के बालक नाइँ? जानी बुझीकन पनि सहे जस्तो च्याँक पनि रुँदैनथ्यो। कुनै सारस्वत माधुर्य न हो! चुमिरहूं जस्तो थियो। सौतिनी आमा त क्रुन् भइहाली। खोजी खोजी ल्याए जस्ता थाङ्ना, देख्तै घिनलाग्दा कपडा लाउन दिन्थी। त्यसो भए पनि उ माटोभित्र हीरा भएर खिसिक हाँस्तथ्यो, मोहनी छर्थ्यो।

आँखै हेर्दा भरोसालाग्दो सन्तोष र शान्तिको मानो प्रारब्ध-फूल-फुलेको। त्यो दुइ दिन खान नदिए पनि केही अर्ज गर्दैनथ्यो।

तर यसको हाँसो नौलीलाई त कुनै भीषण तर्जना जस्तो लाग्दथ्यो, 'अम्मा !' यो शब्द सर्वस्व हर्ने सम्बन्धको कल्पनाशब्द जस्तो, त्यो छुनुमुनु मधुमय क्रीडा गृहराज्यको भावी आधिपत्यको सूचना जस्तो। एक दिन दिउँसै उ झुलेर बसेकी थिई। नजीकै ज्ञानु खेलिरहेको थियो। उसले देखी—ज्ञानुकी आमा आएर ज्ञानुलाई चुमी, काखमा लिई, खोकिलाबाट झिकेर स्वर्गको फल खान दिई, नजाने के के सोधी। ज्ञानुको बोली अघि त 'आमा' यत्ति बोल्न पनि अस्पष्ट नै थियो। त्यस बेला त पटापट आमासंग कति राम्रोसंग कुरा गर्‍यो—'म डराउन्नँ आमा ! तपाईं जानुहोस्। कहिलेकहीं न्यास्रो लाग्योभने भला मानिसको हृदयमा म तपाईंलाई भेटुँला, अनश्वरताको कमलो काखमा बसुँला है ? तपाईंलाई दुश्मनहरू मरी भन्दछन् कोही कोही दुब्लाईसम्म। म त अघिकै जस्ती मोटीघाटी देख्तछु नि ! भैगयो, अहिले जानोस् आमा ! नौली उठ्छे !'

उसले पनि फेरि एकबाजि ज्ञानुलाई चुमेर काननेर के कुरा गरी, अनि गई। चिसो बतास लाग्यो, अनि नौली उठ्न लागेकी थिई, सकिन। के के गह्रौं भारी शिरमा बसे जस्तो लाग्यो। एक-बाजि ज्ञानुलाई थप्पड लगाई। अनि सशङ्क दृष्टिले वर पर पल्याकपुलुक हेरी। ज्ञानु लोहोरो खेलाइरहेको थियो, त्यो छोडेर 'अम्मा !' भनेर काखनेर बस्न आयो। उसले सुईमा

थचारेर क्रोधपूर्ण स्वरमा भनी 'अङ !' उसले औंलो मुखमा टोकेर नौलीको मुख हेरिरह्यो ।

(२)

ऋतुका राजाले एउटा आँप बगैंचामा छोडेर गएछन् । नौलीले ल्याएर आफ्नू तकियानिर राखेकी थिई । ज्ञानु बामे सर्दै गएर लिन खोज्यो । नौलीले उचालेर पिंढीमा ल्याएर थचारिदिई । ज्ञानु नरोईकन झन् हांस्न लाग्यो । उचाहिं आफ्नो छोरो बोलाउन बाहिरतिर गई । ज्ञानुले फेरि त्यहीं पुगेर आँप समात्यो, चुस्न थाल्यो । बोक्रा मात्र बाँकी थियो । नौलीभन्दा छिटो छोरोचाहिं आइपुग्यो । सरासर भित्र गएर ज्ञानुले खान लागेको देख्यो अनि रिसले खोसेर बोक्रा चपाउन थाल्यो । ज्ञानुले लोभ्याउन छोडे जस्तो अलि अलि बाँकी रस पनि चुस्यो । ज्ञानुलाई देखाएर डिच्याउन थाल्यो । ज्ञानु फेरि हाँस्न लाग्यो । उ झन् हाँस्न लाग्यो, नौली आएर उसले खाएको, उसले हेरिरहेको देख्ता झन् खित्का छोडेर हांस्न थाली । नौलीको छोराले ज्ञानुलाई फेरि डिच्याएर भन्यो—बाबै !

त्यसै वेला आंगनमा एउटी कुकुर्नी छोरोलाई दूध खुवाउन थालेकी थिई । एउटा गाईको बाछो आइपुग्यो । बिचरा त्यो बाछो कुकुर्नीको दूध दिए पनि किन चुस्थ्यो र ! उसलाई जन्मैले कमलो घांस खोजेर खान पठाएको थियो । तर उसलाई देख्तैमा कुकुर्नी दाह्रा देखाएर डिर्र डिर्र गर्न थाली । बाच्छाको पेटमा

कालो थिएन । उ कुकुर्नीकै मुखनेर गएर सुँघ्न थाल्यो । कुकुर्नीले झम्टिई, तर टोक्न सकिन । किन सकिन, म जान्दिनँ । ज्ञानु र नौलीको छोरो दुवै आंगनमा थिए । ज्ञानु हाँस्दै, बामेसर्दै बाच्छोलाई समात्न पुग्यो । नौलीको छोरो 'मेरो कुकुर !' भनेर कुकुरलाई म्वाइँ खाला जस्तो गर्न लाग्यो ।

सूर्यले के ठाने, आंगनकै माथि आएर हाँस्न थाले । घामले पोल्यो भनेर नौलीको छोरो घरभित्र पस्यो । ज्ञानु आंगनमै खेलिरह्यो । सूर्यले ज्ञानुलाई धेरै बेरसम्म चुमेर हेरिरहेपछि पनि हेर्दै-हेर्दै डांडासम्म पुगे । चराहरूले गुँडमा आफ्ना आफ्ना बच्चालाई आहार दिए, पखेटाको बिछ्यौना दिए । नौलीको छोरो भित्र 'आमा ! पुग्यो खान्न' भन्न थाल्यो । मेलाबाट गाउँले आए । साँझसम्म पनि आँगनैमा बिस्यारो परिरहन्छस् ?' भनेर ज्ञानुलाई एउटाले पिंढीमा उकालिदिएर गयो । अनि ज्ञानु पनि बामे सर्दै सर्दै भित्र गएर 'आम्मा' भन्न थाल्यो ।

× × ×

नौलीले अँध्यारोमा लामो सुस्केरा हाली, विषालु श्वास लिई । एकछिनपछि नौलीको छोरो सुत्यो । ज्ञानु भोकाएको थियो । उसले माग्न त जानेकै थिएन । तर उसले थाहा पाएको थियो केही खाएर मात्र निदाउनुपर्दछ । कान्छी आमा अरू अरू राखनधरन गर्न लागेकी थिई । ज्ञानु उ जता गयो, उतै बामे सर्दै पुग्दथ्यो । नौलीको मनले अँध्यारोमा नजाने कुन कुन अनिष्ट उपाय खोजि-

रहेको थियो। यसैले उ कहिले घोरिन्थी केही गर्न आंटे जस्ती त्यसै सर्सराउँथी, कहिले एक्लै बरबराउँथी, कहिले आंखा चिम्लन्थी, कहिले आंखाले आगो बालेर हेर्दथी, कहिले तम्सन्थी, कहिले हच्कन्थी। शायद त्यसको हृदयमा सत् र असत् भाव़-नाहरू परस्पर रोमहर्षण युद्ध गर्न लागेका थिए। ईश्वरको इच्छा ! त्यस वेला असत् भाव़नाहरूकै व़िजय बुझिन्थ्यो।

(३)

करीब आठ घडी रात गएको हुँदो हो। गाउँका श्रमिकहरू निद्रादेव़ीको काखमा निर्व़ाणनेरको आनन्द भोगिरहेका थिए। अन्धकार सायँ सायँ शून्य गीत गाइरहेको थियो। अत्याचार-दर्शनको डरले चन्द्रमा आकाशै भित्र लुकेका थिए। हिउँदको रात थियो। नजाने कुन दुःसाहस देखेर हाव़ा पनि शीतको अंशुमा नुहाएर बहन्थ्यो। नौलीको घरमा बत्ती निभ्यो। करीव डेढ घण्टा जति शून्यताले घरलाई छायो। आकाशमा लाटो-कोसेरा आत्तिए जस्तो गरेर क्व़र क्व़र आव़ाज गर्न लगेका थिए, मानो प्रकृतिले कुनै नयां अनिष्ट सन्देश गर्न उनीहरूलाई पठा-एकी थिइन्। नौलीको छोरो मस्त निद्रामा थियो। नौली त्यस वेला अघि नै कहाँ गएकी थिई आइपुगी र गाउँ नै थर्काएर रुन चिच्याउन थाली। सांच्ची भनुँभने त्यो रोएकी थिइन, स्व़यं दुष्कर्म अशान्तिको भुङ्रोभित्र चिच्याउन लागेको थियो। माकुरी आफ्नो जाल देखेर हरेस खान लागेकी थिई। नौली

ठान्दथी–'खूब गर्दछु !' अलक्षितको आंखा भन्दथ्यो-'खूब छिपाएँ भन्दी हो !' त्यसले चिच्याउँदा छिमेकीहरूको निद्रा कचमचियो। उठे 'गतिली त होइन, तैपनि के रहेछ सोधौं !' भनेर सोधे— 'के भयो ?'

उसले रुँदै आत्तिएको स्वरमा भनी—'लौन, ज्ञानु यो रातबीच कहाँ गयो, म खाएपछि अगेनुनेर यसो झकाइछु। दाजु-चाहिं पहिले नै खाएर सुतिसकेको थियो। ज्ञानु भनेरै खेल्दै थियो। सपना पनि त्यति झकाउँदैमा नराम्रो देखें। अनि बिउँ-झेर यसो हेरें, ज्ञानु छैन। दाजुसित सुत्न पुग्यो कि भनेर हेरें, छैन। आंगन, पिंढी सब ठाउँमा अगुल्टो लिएर खोजें, हे दैव ! भनें, कतै पाइनँ। अब म कता जाउँ नि बाबा ! त्यो दूधको बालक कता पुग्यो होला ! कसैले पो अभागिनीलाई एक छिन अत्याइदिऊँ भनेर लुकाइदियो कि, त्यसो भए त कति गुन संझेर ल्याउने थिएँ। नत्र त्यो बालकलाई केही भित्र पसेर पो थुतेर लग्यो कि ! ढोका उदांगै थियो, सुद्धी हराएकी मै राँडीले लाएकी पनि थिइनँ। लौन, अब के गरूँ ! मेरो बाबा कहाँ गयो ? कसले लग्यो !'

छिमेकीहरूले सुने। तर यति कुरो उनीहरूले आफ्नो मनमा पहिले नै अडकल गरिसकेका थिए। यसैले 'के गरिसकी यो मध्यरातमा, कता के कराउनु ?' भनेर सब चूप लागे। नौलीले पनि रात धेरै गइसकेकोले बलजफत बिछ्यौना लाई। निद्राले आफ्नो खं.पीको ढोका खोलिदिएकी थिइन ७ बलजफत खं लेर

पसी। निद्राले ढोका बन्द गरेको रहस्य भित्र पुगेर बुझी। उहीं ज्ञानुकी आमालाई पश्चात्ताप गर्न लागेकी देखी। नौली डराएर उनको पछाडिपट्टि भूईंतिर हेरेर बसी, केही बोल्न सकिन। उ निद्रासंग बिदा मागेर त्यहाँबाट भुरुक्क उठ्न आँटेकी थिई तर निद्रालाई भेटिन। निद्रा त्यसको आंखामा हेरेर बल्लोचाहिं घरमा लुकेकी थिई। नौलीको निधारमा चिटचिटे पसीना आइसकेको थियो। मुटुभित्र सर्पले टोकेको वेदनाको अनुभव हुन लागेको थियो।

यत्तिकैमा ज्ञानुकी आमा फरक्क फर्केर नौलीको कपाल मुसार्दै भन्न लागिन्—"बैनी! त्यो मेरो गर्भ हो, साह्रै गरिष्ठ थियो। म माथि आउंदा कति देवताहरूले भने—"त्यस्तालाई पनि छोडेर आउनु? उ तल हुँदा हाम्रो समेत गौरव गयो।" त्यस्तो बालक छोडेर तिमीलाई फर्को लगाएँ। तिमीले मेरो कुरा काट्न सकिनौ। तर तिम्रो साह्रै दुःख संझेर फेरि ज्ञानुलाई आफैसित बोलाएँ। यो: शीतल काखमा सुतिरहेको छ। तिमीलाई केही दोष छैन। म तिम्रै: दुःख संझेर पछुताइरहेकी छु।"

त्यति कुरा सुनेर पनि नौलीले एक उत्तर गर्न सकिन। हेरी ढोका खुलेको रहेछ, त्यहाँबाट भागी। तर बिछ्याउनैमा सुतेकी रहिछ, बिहान भयो। सूर्यले आंगनमा हिजोको जस्तो ज्ञानुलाई छामे पाएनन्। नौलीलाई गिज्याए। उसले थाहा पाइन, बल्ल बल्ल उठी। उठेर छोरोलाई 'चिरञ्जीवी भए' भनेर मुखैनेर चुमी।

(४)

नौलीलाई दुर्दैवले शरापेको अलि कंसल नै विष परेछ कि ? न वा त्यो रातबीच, त्यस्तो जङ्गलमा, कुनै जन्तुले खाओस् भनेर नौलीले ज्ञानुलाई छोडिदिएकी थिई, त्यहींको कुनै विष मार्ने क्षार पो त्यसले बालखलाई खान दिइछ कि ? बालक त वनको काखमा मुसुक्क हांसिरहेको रहेछ। गाउँकै एउटी बूढीले दाउरा खोज्न जाँदा भोलिपल्ट भेटी। नौलीको कुकर्म बुझी। सुरुक्क अर्कै गाउँमा, आफन्तको घरमा ज्ञानुलाई पाल्न दिई। ज्ञानु बढ्दै गयो। आत्मकहानी सुन्यो। उता नौलीले पनि सपना जस्तो त्यो कुरो सुनी।.........

'त्यो दूधको बालक !' भनेर अरूको मुखिञ्जेल नौली आँसु झिकिटोपल्थी। तर यस घटनाको रहस्य नबुझ्ने गाउँमा कोही थिएन। सब मनमनै 'पिचाशिनीको स्वाङ' भनेर मुन्टो बटार्थे। त्यसलाई सब घृणा गर्दथे, बडो निष्ठुर दृष्टिले हेर्थे। मानिस-हरूले त्यस्तो दृष्टि गरे भन्नु त के भयो र देवताले झन् निष्ठुर दृष्टि गाडे नौलीमाथि। त्यत्रो भइसकेको छोरो वनमा खेल्न गएको अरू साथी फर्किए, उ फर्किएन। कोही भन्दथे—रूखबाट खसेर मऱ्यो, कोही सर्पले टोकेर। जसको निमित्त त्यत्रो त्यत्रो कुकर्म गरी, अपवाद भोगी आखिर उसैको त्यो गति ! नौली किन नरोओस् ! रुँदा रुँदा उसका आंखा पनि पाकेका थिए। केही होश हवास थिएन। त्यही मौका पारेर जे भएको लट्टीपट्टीमा

पनि गाउँले चोर लागेछन् । कति दुःख, कति पीर सहनु त्यसले ! आँसु पुछ्तै, गाउँमा जान्थी । ज्याला गरेर ल्याउँथी, खान्थी ! यस्तो क्रमसित करीब एक्काईस वर्ष बित्यो ।

(५)

एक त पीरले पिल्सिएकी नौली, त्यसमा पनि उमेर गयो, साथसाथै कपाल पनि पाकेर सेतै भयो, मुख चाउरियो । उसलाई भनेपछि कसैको मनमा दया उठ्तैन । कमाएर दिने कोही छैन, आफैले कतै खोज्न सके त्यो दिन खान्थी नसके चाउरिन्थी । पछि त त्यो पनि हरायो । आफू ज्वरो आएर ढलिहाली । त्यसको खोप्रोमा को चिहाउँथ्यो र एक घुट्को पानीसम्म पनि पाओस् ! मुख च्यापच्याप सुकिरहेछ । आँखाभरी आँसु छ । सबतिर निराशाले छाउँछ । संझन्छे–'हेर ! कस्ती अभागिनी रहेछु ! मेरो निती एक घुट्को पानी दिने कोही छैन । त्यो बाँचेको भए कति आमा ! भन्थ्यो ।'

अचानक त्यति बेर एउटा लडको आएर नौलीको गोडा समात्यो, ढोगिदियो । उमेरमा लगभग २१-२२ को हुँदो हो । गोरो मुहडा, चौडा छाती, राम्रा तेजिला आँखा । 'मेरो समेत गोडा समात्ने यो को हो ?' भनेर नौली छक्क परी । किन नपरोस् ! उसको त यो संभावना नै थिएन कि–'मलाई मान्ने श्रद्धा गर्ने मानिस पनि कोही सृष्टिमा छ ।' उसले शुष्क आर्त स्वरमा सोधी–'तिमी को हौ ?'

'म हजूरकै छोरो हुँ नि, अँध्यारोमा थिएँ, आज उज्यालोको

बाटो आएँ। हजूरलाई अब कुनै पीर छैन। म सेवा गर्दछु आमा!

नौलीले विचार गरी—'अघि संझेको थिएँ–आइपुगेछ। यो त सपना पो रहेछ।' अनि आँखा चिंलेर बिस्तारै आफ्नो पीरमा बरबराई–बाबु! मेरो त्यस्तो कर्म भए त, किन तिमीलाई त्यस्तोन हुन्थ्यो? किन दैवले मुटु नै चुँडेर लान्थ्यो?'

'मलाई के भएको थियो र आमा! चिन्नुभएन? म उही ज्ञानु त हुँ नि।'

नौली झस्केर–'ज्ञानु! को ज्ञानु? कताबाट त?' भनेर यसो निहाली, विचार गरी, संझी। एक छिनपछि सकिनसकी उठेर अँगालो हालेर भनी 'मेरो ज्ञानु.........'

वास्तवमा नौलीको ज्वरो बिसेक हुने हो, तर आन्तरिक कुनै संकोच र पश्चात्तापले त्यसमाथि अर्को विकट आँच भरिदिएको हुनाले उ झन् निजोर हुँदै गई। ज्ञानुले त उसको पूरा सेवा गरेको थियो, उसको निमित्त उ प्राणै दिन तयार थियो। तर नौलीको ज्वालामय हृदयमा केही गरे पनि आनन्द र शान्तिको छाया पर्न सकेन। आखिर मुटुको अलक्षित रोग संसारबाहिर नपुगी शान्त नहुने उसले संझी र छोरोसंग सदाको निमित्त बिदा मागी। जाने वेलामा उसको अन्तिम प्रार्थना यो थियो—म पापिनीको अपराध क्षमा गरे है बा! कत्ति मनमा नलिए। अरू अरू जन्ममा पनि जन्मेकै दिनदेखि मेरो मनमा ससंकल्प यो भावना आओस्—तिमी जस्तै पाऊँ, तिमीलाई पाऊँ।'

———

बौलाहा

(१)

कोही बलजफत पानीपट्टी लगाइदिन लागेका छन्। कोही औषधि खुवाउन, कोही शोकपूर्ण दृष्टिले बिरामीतिर हेरिरहेछन्, मौन निश्वास भरेर। नजाने किन हो ! निरञ्जन तिनीहरूको अनुकूलमा छैनन्, शरीर निर्वस्त्र छ, मुखको चेहरा उदास छ, साथसाथै आकुल-विह्वल पनि छन्।

अलि पर भित्तामा अडेस लागेर एउटी बूढी गहभरी आँसु लिएर बिरामीलाई हेरिरहेकी थिई, दायाँ हात गालामा थियो। उसले वेदनामन्द स्वरमा भनी—'औषधि भनेपछि पटक्कै नखाइदिने, के गर्नु।' उत्तिखेरै 'थिचेर बलजफत भने पनि औषधि पार्नुपर्‍यो, बिरामीले मानेन भनेर निच मार्ने ?' यो शब्द बिरामीको पछिल्तिरबाट कानेखुसी गरेको सुनियो। निरञ्जनले त्यसै पिउँला जस्तो गरेर लाल आँखाले पछिल्तिर फर्केर हेरे। सब मौन स्तब्ध भए।

'अस्तिसम्म कस्तो भएर हिँड्ने मानिस आज यो चाल ! आज तीन दिन भयो, एक अक्षर बोलेको पनि छैन, लुगाको नाममा यही हो, एउटा भोटोसम्म लाइदेऊ भन्दा घाँटी सुकिसक्यो। के चाल हो, भित्र के भइराखेको छ, भने पो थाहा पाउनु! एक अक्षर बोलेको छैन। नबोल्ने यस्तो बेरङ्गी रोग त कतै पनि

देखिया थिएन ! मैले त बुधवारदेखि यस्तो भो, मङ्गलबारै थाहा पाएको । म कोठामा बसिराख्यार्थे, छोरी काखमा लिएर । एकदम आएर भने—"मामा ! संसारमा के वस्तु हगि ? अन्त शीतल ठाउँ खोजेर जानुपऱ्यो," मुख पनि कस्तो कस्तो लगाएर । म त के भनूँ । "कहाँ जाने त, संसारमा नबस्न त मनैपऱ्यो नि!" हाँसी हाँसी भनिदिएँ । चूप लागे, अनि एक मिनेट पनि नबसी-कन, नबोलीकन त्यहाँबाट फुत्त हिंडिहाले । किन आए किन गए, त्यति भन्नै त नआउनुपर्ने, त्यो के भन्या हो, भनिठानें, त्यत्तिकै भो, भोलिपल्टदेखि त यस्तो भइहाल्यो । जे हुन परे पनि अलि अलि त मानिसको पहिले नै लक्षण बिग्रेर जान्छ क्या,"—मामा चाहिंले अरूको मुखमा हेरेर भने ।

त्यो सुन्दा निरञ्जनलाई हाँसो उठ्यो । तर उनले त्यसलाई धैर्यले छेकेर छातीभन्दा माथि आउन दिएनन् ,मामासंग आँखा पनि जुधाएनन् । किन हो कुन्नि खूब घोरिएर हेर्थे । दाँतले तल्लो ओठ टोकेको थियो । नाकको फोहरा फुर फुर गर्थे । फेरि केही बिस्तारै कानेखुसी गरेको सुनियो—'उः अघिभन्दा बिसुर बढेर आयो, के गर्ने ? हरे शिव शिव !

तिनमध्ये एउटा अलि बलियो मानिस उठेर निरञ्जनको अगाडि गएर विभीषिकापूर्ण बोलीमा भन्यो-'खै, ल्याओ एउटा डोरी । पाता फर्काएर भने पनि औषधि नखुवाई हुन्छ ? क्या हो ? पल्टाएर खुवाउनुपर्थ्यो कि, सलैले खाने ? खै ल्याओ औषधि कहाँ हो !

त्यसको विभीषिकाले पनि सफलता लिन सकेन। सब किंकर्तव्यमूढ छन्। बिरामीलाई औषधि भनेपछि विषबराबर छ। निष्फल प्रयत्नले त्यो दिन पनि बित्यो। भोलिपल्ट पनि त्यही हाहाकार! केटाकेटीमाथि अतिशय स्नेह गर्ने भएर घरका केटाकेटीहरू निरञ्जनसंग खूब कुस्मिन्थे। त्यही संझेर अबोध केटाकेटी नगीच पर्न खोज्थे, निरञ्जनको पनि लिऊँ लिऊँको भाव मुखमा अङ्कित हुन्थ्यो। अरू त्यस कुराको सर्वथा पूर्ण निषेध गर्थे, त्यस्ताको अगाडि केटाकेटी जोगाउनू है जोगाउनू, पछि यस्तो सो भन्दा केही मज्जा हुँदैन।'

औषधि खुवाउन अरू सबै उपाय सुके। अन्ततोगत्वा त्यही दुःखदायी उपक्रम नै सगजमा सुझ्यो र हातगोडा बाँधेर, थिचेर, दाँत फट्टाएर औषधि खुवाए, आफ्नो विचारले जुन जुन औषधि भन्छ। त्यो पनि कति घाँटीबाट गयो कति उकेल्यो 'पिच्च-पिच्च'। बिरामीलाई शास्ती त के कम भयो होला? बिचरा उनीहरूले पनि बिरामी ठानेपछि त्यति कोशिश किन नगरून्!

बौलाहा भनेर हुन्छ? उनको पनि त एउटा तरङ्ग, एउटा इच्छा हुन्छ। आफ्नो प्रतिकूल स्थितिको नाम न हो? दुःख, वेदना। उनले प्रतिक्षण त्यसैको अनुभव गर्नुपरेको छ। उसलाई कति दुःख र वेदना भएको होला! बिचरा निरञ्जनले हातको सान गरेर कागत र कलम मागे, तिनीहरूको हृदयशून्य भ्रान्त प्रयत्न देखेर। शायद केही आफ्नो भाव कागतमा चित्रण गर्न

आँटेको थियो कि ! त्यसमा पनि एउटा बुज्रुक निक्लेर भन्यो— 'धत्, मगजको रोगलाई लेख्ने पढ्ने काम दिन थाल्यौंभने त भो..., बिसेक हुन फेरि आकाशमा फूल फुल्नुपर्छ है। भनिद्या छ मैले त।'

बिचराको हातमा परिसकेको कलम खोसेर फालिदिए। क्रोधपूर्ण हेराइले—'यो फेरि कहाँबाट डाक्टर भएर आएछ' भन्ने निरञ्जनले विचार गरे।

(२)

'वास्तवमा निरञ्जनलाई यिनै दाज्यूभाइले बिगारिदिए। किनभने यो अघिदेखि नै अतिशय पितृभक्त मानिस। बाबुले ब्रह्मनालमा सुतेपछि यसलाई के के अह्राएर गएका थिए अरे। अर्थात् समष्टि धनमा कतिचाहिं गरीबगुरुबाको निमित्त गूठ राखिदिनू, अरू पनि के के, उ बूढा त त्यस्तै नहुन्। दिनवन्धु बाँचुन्जेल पनि उनी आफै मात्र बाँचे र? कतिलाई बचाएका थिए। उनी मर्दा र गरीबहरूको जीवनको मुहान नै सुक्यो। पछिचाहिं अरू दाजुभाइहरूले के के खिचातानी गरे। घरको जेठो होइन, हातमा सांचो थिएन। बाबुको अन्तिम इच्छा पुऱ्याउन सकिएन। कबूल त्यसै धूलोमा पऱ्यो। त्यो कुरा त परै जाओस् आफ्नो अंशमा पनि कति षड्यन्त्रको सामना गर्नुपऱ्यो। के दुनियांमा अझै धर्मको निमित्त, दयाको निमित्त, प्रतिज्ञाको निमित्त, सत्यको निमित्त मात्र बाँच्ने मानिस छैनन् र? निरञ्जन त्यही किसिमको मानिस हो। लौ, हुनत त्यस्तो कुरामा त्यत्रो वैराग्य उठ्यो भन्दा अहिलेको

सभ्यमानी दुनियाँलाई हाँस्ने बाटो हुन्छ। बाहिरी कोठामा २–४ जना आफू आफूमा गुन गुन कुरा गर्न लागेका थिए।

राति करीब ९–१० बजेको छ। सबतिर शून्यको नीरव स्पन्दन छ। निस्पट्ट अन्धकारपूर्ण कोठामा कुन बुभुक्षु भिषग्रत्नको अन्धकार चिकित्सा निरञ्जनले भोग्नुपरेको छ! उसको वेदनापूर्ण हृदयगीत दीर्घ निश्वासले गाइरहेछ—'आडम्बरका थाङ्ना उनेर हिंडे भलादमी, प्रकृतिले दिएको यस्तो नग्न स्थिति लिए बौलाहा! अर्काको मर्म छोडेर बकबक गरेर हिंडे भलादमी, सत्य संकेर मौनमा बसे बौलाहा! सारा दया, धर्म, सत्यहरूको मूलोच्छेद गरे भलादमी पालन गरे बौलाहा! असत्य, पक्षपात, अधर्मको असह्य आँचमा पाक्न म फेरि त्यो संसारमा जाउँला! त्यत्तिकै हो। मेरा अव्यक्त मौनहरू कसलाई थाहा छ? मेरै हृदयमा पनि तिनै दैवी वृत्तिहरूलाई थाहा छ, जो असुर वृत्तिहरूदेखि सधैं बाक्रेर बसेका छन्!'

भोलिपल्ट भयो। फेरि सब हितैषीहरू जम्मा भए। कठिन समस्या त्यही छँदै छ—'कसरी निको पार्ने? पाता फर्काएर खुवाए औषधि पेटमा पर्‍यो नत्र परेन!

सबको विचारबाट फेरि त्यसै गर्ने इन्तजाम भयो। एउटाले बलियो डोरी किनेर निरञ्जनलाई हात गोडा बाँधेर पल्टाउन लाग्यो। अर्को एउटा मुख फट्टाएर औषधि कोच्याउन कसियो। विचरा आइमाईहरू त्यस्तो करुण घटना हेर्न सधैं किन सक्थे! सबको आँखामा आँसु भरियो। तिनीहरूको भ्रान्त क्रूर साहसले

निरञ्जनको रिस भित्र धप्किन लागेको थियो, सहसा ओठ थर्थरायो। उनले अगत्या संकल्प भङ्ग गरेर क्रुद्ध आवेशमा भने—'मूर्खहो, मलाई के भएको छ र यस्तो सास्ती दिएर औषधि गर्छौ ?'

यति भनेपछि उनको बाँकी भनाइलाई कँपेको ओठले मात्र सूचना गर्‍यो, शब्द निस्केन। तर यो भनाइले पनि उनीहरूको त्यो भ्रान्त उपक्रमलाई कसरी सच्याउन सक्थ्यो ? उनीहरूको त निश्चय भने पनि सिद्धान्त भने पनि त्यही थियो। आफ्नो संकल्पजस्तो भङ्ग भएपछि उनी पो के आँखा देख्थे ! बाँध्न आउनेलाई एकबाजि कल्लु मुड्की चखाइदिए। अनि त कातरहरूको त्यो साहस पनि बाटो लाग्यो। सब किंकर्तव्यमूढ, भ्रान्त भए।

सबले मुखामुख गरेर, खासखुस गरेर कुरा गर्न लागे—'अघिको त्यस्तो नम्र मानिस, मुखसम्म त कसैलाई चलाउँदैनथ्यो, अब हातै छोड्न पनि लाग्यो। अब के गर्ने, दिन दिन बिसुर बढ्दै छ, मानिस बिग्रँदैछ !'

सबैको मुख एक छिन निराशको मलिन शून्य चित्र बन्यो। सब मौन, उपायशून्य। एक छिनपछि एउटा बूढाले भने—'अब जे भो, अस्पतालतिर पो लानुपर्‍यो कि त। उहाँ सर्कारिया बन्दोबस्त छ, उहाँ यसको केही लाग्छ र ! उनीहरूकै भरमा परेपछि सताएर जसरी औषधि गर्लान् अब के गर्नु त। हाम्रो घरेलु औषधिले पनि भएन, हाम्रो बलले पनि भएन।'

त्यो सुन्दा सबले 'हो' का 'हो' चलाए। 'त्यसो होभने वेर पनि गर्न हुँदैन' भनेर बलजफत एउटाले निरञ्जनलाई घिच्याएर हिंडायो, बाटोभर केही उपद्रव गर्ला भनेर दुवैतिर पाखुरामा समातेका छन्। मनले नमाने पनि अशक्तिवश निरञ्जनले पाइलो सार्न करै लाग्यो। बाटामा कराउनु छन् आफ्नै वेइजती, त्यो सामूहिक बलको अगाडि पहिले एक्लाको बल पो के थियो! अघि त्यही बाटोमा कत्रो समारोहसंग हिंड्ने मानिस, त्यो दिन त्यस्तो चालसंग जानुपरेको छ। जीउमा एउटा कछाड छ, पातको एउटा ओढनी छ, न टोपी छ, न जुत्तासम्म छ। त्यत्रा मानिसको घेराभित्र परेर जानु नै पहिले वेइज्जतीको एउटा विज्ञापन छ।

अस्पतालभित्र पसेपछि निरञ्जनलाई रिस मात्र उठेको छैन, हाँसो पनि उठेको छ। पहिले नै एउटाले गएर डाक्टरसँग खास-खुस कुरा गऱ्यो। डाक्टरलाई देख्नेबित्तिकै निरञ्जनले केही संभ्रान्त करुण स्वरमा भने—'डाक्टर साहेब! हेर्नुहोस् म बौलाएँ अरे, दुइ दिन लुगा लगाइनँ, यिनीहरूले भनेको कुरा खाइनँ भनेर मलाई बौलायो भनेर यहाँ औषधि गर्न ल्याएका छन्, मूर्ख गधाहरूले।'

डाक्टरले पाँच मिनेटसम्म निरञ्जनको चेहरा, चेष्टा सब जाँचिसकेर नजाने के बुझ्यो। उसले हँसिलो मुखले अरूलाई भन्यो—'यहाँलाई पीर पर्ने जति कुरा केही नगरिदिनू, उहाँसंग केही दिन बोल्न पनि नबोलिदिनू। औषधि केही चाहिन्न, आफैं बिसेक भएर जान्छ, त्यस्तो केही भएको छैन।

(३)

भोलिपल्टदेखि निरञ्जनलाई कसैले भन्नैपरेन, आफै अलि अलि पुरानो स्थितिमा सर्दै आयो । आफ्नो समाजदेखि उसलाई अव्यक्त घृणा र डर त बढ्दै गएको थियो । उनको चेहरामा त्यो भाव उत्रेको देखिन्थ्यो । भए पनि उनी पछि हरेक कुरामा समोजसित हात मिलाउँदै हिंड्न लागे । एकान्तमा भने कहिले कहीं उनी हँस्सीको स्वरमा वर्वराउँथे—'कानाको देशमा कानो हुनू , लंगडाको देशमा खोच्याउनू ।'

·—○—

स्वामीभक्ति

(१)

उत्तरपट्टि एउटा ठूलो वन थियो। सघन त्यो वन कति सर्वाङ्गसुन्दर थियो ! मानो कुनै प्रकाण्ड शिल्पकौशलले पार्थिव कणहरूद्वारा त्यहाँ नन्दन निर्माण गरेको थियो—भगवती प्रकृति-देवीको सुन्दर क्रीडाको निमित्त। त्यहाँको शीतल वातावरण स्वर्गिक थियो। त्यहाँ पस्ता भावनामा अर्कै परिवर्तन हुन्थ्यो। कस्तै विरक्त उदास मानिस त्यहाँ पसे पनि रसिक प्रसन्न भएर निस्कन्थ्यो मानो त्यो प्रकृति सौन्दर्यको एउटा जादूघर थियो। विशाल सान्द्र त्यो वनमा कति जातका जानवर थिए, यसको इयत्ता लिनु सृष्टिकर्तालाई भन्न सकिदैन, अरू मनुष्यका मस्तिष्क शक्तिको बाहिरको कुरा थियो। यत्र तत्र पक्षीहरूको भिन्न भिन्न स्वरूप वैचित्र्य र कलकल माधुर्यको प्रत्यक्ष अनुभवले हृदयमा मोहनीको छाप नमारी छोड्दैनथ्यो।

त्यहाँ सिमलको ठूलो रूखमाथि पहरामा अन्धकारपूर्ण एउटा ठूलो गुफा थियो। त्यहाँ कुनै 'विक्रान्त' नामको शानदार सिंह बसेको थियो। त्यसले आफ्नो असाधारण पराक्रमशक्ति-द्वारा त्यस वनको निष्कण्टक आधिपत्य पाएको थियो। त्यस वनमा अरू प्रबल घाती जन्तुहरू त्यसको वीर अभिमानको

सधैं स्वप्न देख्तथे। उसको स्वरूपशून्य पदचिह्न देख्तैमा ती घाती जन्तुहरूको कलेजा घडीमा लङ्गूर हल्ले झैं एकछिन हल्लिन्थ्यो। सिंहका सधैंका पार्श्वचर सेवक थिए एउटा श्याल र अर्को मृग। सिंहको विस्तृत आत्माभित्र नअटाएको प्रभुत्वले ती दुइलाई पनि छिर्का हानेको थियो। वनभित्र ती दुइको ठूलो प्रभाव थियो, ठूलो धाक।

सधैं मत्त गजेन्द्रहरूको तातो रगतले मात्र सिंहको क्षुधित आत्मा तृप्त हुन्थ्यो। तिनीहरूको मासुचाहिंमा श्यालको चैन थियो। सिंहको आडले अभयमा अभय, तृप्तिमा अतुल तृप्ति! श्यालको त्यो सन्तोषजनक सुपरिस्थिति प्राक्तनपुण्यको अनुभावक थियो। मृगलाई त जातिले नै पवित्र कोमल घाँस खान दिएको थियो। प्रकृतिको उपासक त्यसलाई आफ्नो क्षुद्र उदरको निमित्त कसैलाई दैन्य देखाउनुपरेको थिएन। मालिकको निस्वार्थ सेवा शुश्रूषामा उसले आफ्नो पवित्र आत्मा कजाइरहेको थियो। ठूलो आश्रय! उसलाई पनि थाहा थिएन कि—डर भनेको कुरा के हो? मृगको घर वनभित्र नै अलि पर थियो। त्यसका छोराछोरी सब गरेर जहान थिए-७-८ ओटा।

(२)

सधैं एकनास हुँदैन। सिंहले शिकार नपाएको २ दिन भइसकेको थियो। उ भोकले आफ्नै गिजा चाट्दै वुदैं शिकार खोज्न वनभित्र घुमिरहेको थियो। आखिर त्यो दिन पनि त्यसले

आफूसुहाउँदो कुनै जन्तु पाएन। अगत्या दुइटा चौगडा मारेर काखी च्यापेर त्यो फर्कियो। सधैं मालिकको प्रसाद पाउँथ्यो र पो स्यालको फूर्ति थियो, त्यो ताक त उसलाई पनि उपवासले च्याँख तोडिदिएको थियो। पेटमा आन्द्रा काटिएका थिए, मुखमा थोपासम्म पनि थूक थिएन। उ पनि बाटो कुरेर सिहकै लोभपूर्ण प्रतीक्षा गरिरहेको थियो। जब त्यसले परबाट चौगडा च्यापेर आउन लागेको सिहलाई देख्यो, अनि त्यसका हृदयमा कौटिल्य नीतिका पाना पल्टन लागे—'त्यतिले त उसैलाई पुग्दैन, अब के गरूँ ?' नजाने कति षड्यंत्र रच्यो! हतपत हात जोडेर उसले सिहलाई भन्यो–'महाराज ! किन यस्तो दुःसाहस गरिबक्सिन्छ। त्यस्तो संकटको अवस्था छभने सेवक अगाडि उपस्थित छँदै छु नि,खाइबक्सियोस् मलाई। यो माटाको शरीरमा लोभ छैन, मलाई त मालिकको निमित्त आत्मसमर्पण गरेर आकल्प देव-पंक्तिमा मिलेर बस्नाको लोभ छ। महाराज! संकोच छाडेर आफ्नो भक्तबाट तृप्ति लिनुहोस्।'

'किन ? मलाई यति भए पुगिहाल्छ नि।'

'पुग्न त किन पुग्दैन नि, हजूरले यो खान हुने भए ! "दुस्साहस गरिबक्सियोस्" भन्छु ? आत्मसमर्पण गर्छु ? के मलाई आफ्नो माया छैन ?'

'हैन, के यो मैले खान हुँदैन ?'

'हुन्छ त ? हजूरलाई आफ्नो कुलको पूरा तत्त्व पनि थाह

रहेनछ । अथि सिंहजाति बढ्दा पृथ्वी ढाक्न लागे भनेरै ब्रह्माले फेरि चौगडाको सृष्टि गरे । जस्तो बाँसको हाव़ाले नै अन्न बाली मासिएर जान्छ, त्यस्तै यसको हाव़ाले नै सिंहजातिको ठूलो नोक्सान गर्छ । हावासम्म त त्यस्तो, अझ यसको मासु नै खाए त कस्तो चौपट होला !'

जुन व्यक्ति जसको निमित्त आत्मसमर्पणको उदार शब्द बोलिरहेछ, त्यो अवश्य त्यसको निमित्त सर्वांशमा हित पनि गर्छ । यो सोझो विचारमा आउने नै कुरा हो । सिंहले त्यो व्यङ्ग्यपूर्ण शब्दको तत्व सुँघ्न सकेन । श्यालको कपटपूर्ण आत्म-समर्पणले सिंहलाई अन्धो तुल्याइदियो । 'लौ त' भनेर चौघडा फालेर सिंह फेरि अर्को शिकार खोज्न गयो । श्यालले ती दुवै चौघडालाई एकान्तमा लगेर खायो । कतै शिकार नपाउँदा विचरा सिंह त्यो दिन पनि उपव़ास पर्‍यो । मालिकको क्षुधा-पूर्ण मलिन अव़स्था देख्ता मृगको आँखा आँसुले टलपल थियो । के गरोस् ! उसको शक्तिको कुरा केही थिएन । अन्तरात्माले कुनै कुरा चिताउँदा र त्यसमा शक्ति नपुग्दा कति मन रुन्छ !

(३)

दैव़संयोग ! सिंहले एकताक दुवै आँखा देखेन । जीव़नको प्रधान अंग आँखा न हो, आँखै नभए त्यसको निमित्त संसारमा के छ ? अघि आँखा साबुत छँदा त शिकार भेट्नमा भाग्यको साधन चाहिन्थ्यो, अब के गति ? आँखा देखुञ्ज्याल श्याल धाक

लाउँदै थियो—'म भएसम्म मालिकलाई ।' अहिले श्याल नआएको पनि त्यत्ति नै दिनभयो, जति सिंह पथरा परेको भयो। सिंहको पेटमा आहारा नपरेको पाँच छ दिन भयो । जब आफूमा शक्ति हुँदैन, प्राणी अर्काको आशामा निर्भर रहन थाल्छ । अशक्तको अवलम्बन त्यहाँभन्दा अर्को कुन छ र ? बिचरा सिंहले शोकशुष्क अशक्त स्वरमा मृगलाई भन्यो—'जान बाबै ! श्याललाई किन नआएको भन्, अब के गर्ने ?'

दौडेर गएर मृगले श्याललाई अश्रुपूर्ण दृष्टिमा भन्यो—'मालिकको त्यो हाल छ, किन नआएको ? अब के गर्ने अरे ?'

श्यालले हँसिलो मुखमा भन्यो—'गजबका रहेछौ, मालिकको त्यस्तो हाल भएर त नगएको नि ! नत्र नगई हुन्थ्यो ? अब के गर्ने भन्ने कुरामा तिमीले राम्ररी जिब्रो फट्कारेर मालिकलाई भनिदेऊ—"बाचुन्जेल गुफाभित्र पसेर हरिनाम जप, अब हामीलाई संझेर काम छैन ।"

त्यसको निष्ठुर कुरा सुन्दा मृगको आँखामा बारिएको आंसु अड्न सकेन । ओठ फर्फरायो, तर एक शब्द पनि बोल्न सकेन । त्यसै फरक्क फर्केर सिंहलाई त्यो कुरा सुनाइदियो । क्रूरात्मा सिंह शायद भित्रभित्रै रिसले धप्किएको हुँदो हो । तर के गरोस् दैव लागेको बेलामा उसको रिसमा पो के शक्ति थियो ! ओह्रालो लागेको मिर्गलाई बाच्छोले खेद्छ भनेको ठीक हो । बल दैवकै हुँदो रहेछ—जसको नाम मात्रले सारा वन काँप्थ्यो, आज त्यही वीर्यवान् शक्तिले श्यालको आक्षेपवाद सुन्नुपरेको छ ।

सिंहको अवस्था निकै शोचनीय थियो। जुँगा ढलिसकेका थिए। आँखामा मलिन मुर्दापन आइसकेको थियो। नगीचमा अरू त को थियो र! एउटा त्यही मृग थियो। सिंह बाँच्छ भन्ने कुरामा मृगलाई एक आना पनि आशा थिएन। उ पनि शोकले त्यसै झोक्काइरहेको थियो, अचानक मृगलाई एउटा संझना भयो र एकदम उकास्सिएर उसले सिंहलाई भन्यो—'प्रभु! म केही उपाय गर्छु?'

मृग निस्कियो। सिंहको मनमा सयौं तरंग उठे। जीवनको विषयमा उसको हृदयमा त्यति पनि आशा थिएन,जत्तिको चौगुना निराशा थियो। श्यालले आफ्नो स्वार्थविद्या मृगलाई पनि पढाएछ कि भन्ने उसको अन्तिम शंका थियो। त्यसै वेला मृग आइपुग्यो अर्को मृग लिएर। 'लौ मालिक' भनेपछि सिंहले त्यो मृगलाई सुती सुती खायो। त्यो मृगले भोलिपल्ट पनि सिंहको निमित्त यसै गरी अर्को मृग ल्याइदियो। यस्तै क्रमले करीब केहता दिन चलेको थियो, दैवसंयोगले आंखा खुल्दै आयो, दुइ दिनमा त फेरि अघिकै जस्तो भइहाल्यो। सिंहलाई हर्षको सीमा भएन, उ फेरि अगिको जस्तो आफैं शिकार खेलेर खाने भयो।

सिंहले त्यो मृगलाई जीवनदाता संझेको थियो। एक दिन उसले स्नेहपूर्ण स्वरमा मृगलाई भन्यो—'खै, आजकल त तेरा जहान छोराछोरी यता आँउदैनन् नि, लिएर आइज न। मरेर बाँचें, केही दिन पनि पाएको छैन। तेरा जहान मेरै जहान त हुन् नि! जान लिएर आइज आज!'

मृगले हात जोडेर हँसिलो मुखमा भन्यो—'प्रभु ! मेरा जहानहरू अहिले पृथ्वीमा छैनन्। ईश्वरको घरमा दिव्य पुकार पाएर हाँसिरहेका होलान्।'

त्यो सुन्दा सिंहको हृदयमा एउटा विस्तृत स्मृतिको गोला आएर बस्यो। अनि उसले एकपटक छातीमा मुडकोले हानेर अश्रुपूर्ण शब्दमा भन्यो 'ओहो ! मेरो निम्ति ?'